# विश्वासका हिरोहरु

"बालबालिकाहरु महत्वपूर्ण छन" बाट सन्डे विद्यालय पाठ्यक्रम

शिक्षक पुस्तक

सबै उमेरको लागि

युनिट १: पाठ १-१३

वेब:

www.ChildrenAreImportant.com/heroes/

सम्पूर्ण "बालबालिका महत्वपूर्ण छन" समूहलाई धन्यवाद !

प्रमुख सम्पादक: क्रिस्टिना क्राउस

सिर्जना समूह: अब्रिल पेलासियोस कामाचो, ड्वाईट क्राउस, जेनिफर सान्चेज निएटो, जुलियो सान्चेज निएटो, माइक कांगास, मोन्सेराट डुरान डीयाज, सुकी कांगास, भेरोनिका टोज, तथा विकी कांगास ।

यस कार्यक्रममा गजबको संगीतको लागि रुबेन डेरियोलाई धन्यवाद ।

अनुवाद समूह:

अली अतुहा, एलिन जेभियर, अनुपमा वान्खडे, अरोमा पब्लिकेसन्स, ब्लेसी ज्याकोब, कार्ला मायुमी, क्रिसब्रेसनाहान, डेभिड राजु, एफ्राइम जुगुना मिरोबी, फिन्नी ज्याकोब, जिनभ, ज्याकोब कुरूभिल्ला, क्राउज१, मार्कोस रोचा, म्याथ्यु दास, नासिम बौगताइया, पल म्वांगी, पल सेप्टान, रुबिना राई, सब्रिना बेनी जोन, तथा सबटाइटलमी ।

# परिभाषा

स्वागत छ विश्वासका हिरोहरु सन्डे विद्यालयमा ! पढाईको यस शृंखलामा, हामीले हिब्रु ११ मा भेटिएका विश्वासका हिरोहरुको सूचीमा हेर्नेछौं । किनकी हाम्रो भौतिक जीवनभन्दा हाम्रो आध्यात्मिक जीवन धेरै महत्वपूर्ण छ, हामीले कसरी विश्वासको जीवन पाउन सक्छौं भन्ने कुरा पनि सिक्नेछौं । हामीले मुल्यांकन गर्नेछौं कि किन जीवनको सामान्य निर्णयभन्दा आध्यात्मिक निर्णय धेरै महत्वपूर्ण छन । उनीहरुले यी प्रश्नको उत्तर दिनेछन जबकी हामीले प्रभुमा विश्वास गरेका, प्रभुसँग बोलेका र प्रभुको लागि बाँचेका पुरुष तथा महिलाहरुको जीवन परिक्षण गर्दै गर्नेछौं । उनीहरु हाम्रा लागि एउटा उदाहरण हुन् । कहिलेकाँही हामीले मानिसले गरेका राम्रा काम देख्नेछौं र अरुबेला हामीले उनीहरुको गल्तीबाट सिक्नेछौं ।

हामीले यी कक्षाहरु जवान बालबालिका तथा टिनएजरहरुलाई पढाइरहेको भएतापनि, तपाईंले सिकाईको सुन्दरता पाउनुहुनेछ, तिनको साथमा पुराना नियमका केहि रमाइला पक्षसहित । सबैभन्दा माथि, यी सिद्धान्तलाई हाम्रो दैनिक जीवनमा कसरी लागु गर्ने भन्ने बारेमा पहलकदमी विचारहरु देख्नु पनि आश्चर्यको कुरा हो । हामीले यो सामग्री लेख्दै गर्दा प्रभु र क्रिश्चियन जीवनको बारेमा थप सिक्न पाउँदा साँच्चै रमाइलो गर्यौं ।

जबकी हामीले प्रभुमा विश्वासको बारेमा कुरा गर्दैछौं, यसको परिभाषा दिँदै सुरु गरौं । हामीले प्रयोग गर्ने मुख्य पद हिब्रु ११:१ हो "अब विश्वास भनेको हामीले आशा गरेको कुराको भरोशा हो र हामीले नदेखेको कुराको आश्वासन हो ।" प्रभुमा विश्वास हुनु भनेको हामीले वहाँलाई नदेख्दा पनि वहाँ अस्तित्वमा हुनुहुन्छ भनि निश्चित हुनु हो । त्यो विश्वास प्रभुबाट आउँछ, सामान्यतया बाइबलबाट । र त्यो विश्वाससँगै, हामीले वहाँ र वहाँका वाचाहरुमा विश्वास गर्नसक्छौं, र वहाँले चाहनुभएको गर्नसक्छौं - प्रभुको इच्छा पुरा गर्नसक्छौं ।

सबै क्रिश्चियनहरुको लागि बाइबल एउटा धेरै महत्वपूर्ण किताब हो, तर यो एउटा ठुलो किताब हो । हामी मध्ये कसैले पनि सम्पूर्ण बाइबल पढेका छैनौं । यो यति ठुलो छ कि हामी शिक्षक पनि हराउनसक्छौं, घटेका कुराहरुमा भ्रममा पर्दै, त्यी कहाँ र कहिले भए थाहा नपाउँदै । बालबालिकाले कस्तो महसुस गर्छन कल्पना गर्नुहोस । हामीलाई यसमा मदत गर्नको लागि, हामीले पुराना नियमको समिक्षा गर्न गइरहेका छौं र त्यसपछि हिब्रु ११ का कथाहरुको पनि । हामीले यो सिक्नेछौं, त्यसपछि यसलाई हाम्रो आध्यात्मिक जीवनको हिस्सा बनाउन सिक्नेछौं ।

बालबालिकाहरुले पुराना नियमका किताबको नाम र केहि मुख्य घटनाहरु सिक्नेछन, एतिहाँसिक क्रममा राख्दै जसले गर्दा उनीहरु मिति र घटनामा थौरै मात्र भ्रमित हुन्छन ।

पुराना नियम पढ्नु महत्वपूर्ण रहेको मुख्य कारण भनेको हामीले हाम्रो दैनिक जीवनमा प्रत्यक्षरुपमा लागु हुने गजबका कथा तथा निर्देशनहरु पाउनसक्छौं । प्रभुले हामीलाई वहाँको वचन दिनुभएको छ, जसले गर्दा हामी दैनिक जीवनमा सुपरहिरो बन्नसक्छौं, प्रभु तथा अन्यको सेवा गर्दै ।

तपाईंको मुख्य उदेश्य, यदि तपाईंले स्वीकार गर्नुहुन्छ भने, तपाईंको दैनिक जीवनमा प्रत्येक पाठ लागु गर्नु हो, - घर, कक्षाकोठा, र चर्चका बालबालिका तथा टिनएजरहरुको लागि उदाहरणको रुपमा । तपाईंको विद्यार्थीहरुले बाइबलका कुरा याद गर्ने भएतापनि, मुख्य उदेश्य भनेको उनीहरुले हरेक हप्ता सिक्ने कुरामा बाँच्नु हो । तपाईंको उदेश्य भनेको उनीहरुले कसरी यी पाठहरु आफ्नो दैनिक जीवनमा अभ्यास गर्नसक्छन भनि ध्यान दिने हो । हामीलाई अब तपाईंको जवाफ चाहिन्छ । यो नोट १० सेकेन्डमा आफै खतम हुन्छ । तपाईंले आफु वरपरका बालबालिका तथा टिनएजरहरुलाई "विश्वासका हिरोहरु"को यस पढाईको मार्गदर्शन दिँदै गर्दा, प्रभुले तपाईंको जीवनमा आशिर्वाद दिउन ।




मायाका साथ,

बालबालिकाहरु महत्वपूर्ण छन सिर्जना समुह

# यस सामग्रीलाई

## आवश्यकता कथा / संकल्प

*"एउटा महान शिक्षक त्यो होइन जसले आफ्नो विद्यार्थीलाई ज्ञान दिन्छ, तर त्यो हो जसले यसमा उनीहरुको रुची जगाउँछ र यसलाई उनीहरुको लागि पछ्याउनलाई आतुर बनाउँछ ।" - एम जे बेरील*




तपाईंको विद्यार्थीहरुको लागि कक्षामा ध्यान दिनु मात्र नभएर उनीहरुले सिकेका कुरा आफ्नो जीवनमा लागु गर्नको लागि पनि, उनीहरुलाई प्रेरणा आवश्यक पर्छ । धेरैले मिठाई वा पुरस्कारमार्फत बालबालिकालाई प्रेरणा दिने प्रयास गर्छन भने उनीहरुले ध्यान दिएनन भने सजाय दिन्छन । जबकी यी दुई तरिकाले तपाईंलाई कक्षाकोठामा राम्रो व्यवहार दिन्छन, तर यी तरिकाले उनीहरु घर गएपछि उनीहरुलाई यी सिद्दान्तमा बाँच्नको लागि प्रेरणा दिन कुनै मदत गर्दैनन् । क्रिश्चियन चर्चमा बालबालिकाको शिक्षकको रुपमा, हामीले उनीहरुलाई रमाइलो गराउदैनौ जसले गर्दा उनीहरुले वयस्क मिटिङमा बाधा पुर्याउदैनन । त्यसको सट्टामा हामीले विश्वासीहरुको नयाँ पुस्ता विकास गर्ने कोसिस गर्दैछौं जसले प्रभुलाई पछ्याउने, चिन्ने र सेवा गर्ने गर्छन । यो हामी मध्ये सबैको लागि कठिन कार्य भएतापनि, गजबको कुरा यो छ कि प्रभु आफैंले हरेक बालबालिकाको लागि हामीले भन्दा धेरै स्याहार गर्नुहुन्छ, र वहाँले निरन्तरताको लागि हामीलाई वहाँको शक्ति दिनुहुन्छ र प्रत्येक बालबालिकाको जीवनमा प्रेरणा थप्न र निरीक्षण गर्नको लागि वहाँको ज्ञान दिनुहुन्छ ।

तपाईंको विद्यार्थीहरुलाई प्रेरित गर्न तपाईंको लागि हामीले हरेक कथाको सुरुवातमा "आवश्यकता कथा" प्रदान गरेका छौं, विद्यार्थीहरुलाई प्रभुको आवश्यकता महसुस गराउन र उनीहरुले सिकिरहेका कुरा घरमा वास्तविक जीवनमा लागु गराउन मद्दत गर्नको लागि । हरेक कथामा हामीले सिर्जना गरेका ५ कल्पित पात्र मध्ये एउटा हुन्छन । कृपया उनीहरुको नाम परिवर्तन गर्न ढुक्क हुनुहोस । एउटा विचार भनेको स्वयंसेवीहरुलाई हरेक हप्ता कथा प्रस्तुत गर्न लगाउनु हो । यदि त्यो सम्भव छैन भने तपाईंले सजिलै बालबालिका सामु ठुलो स्वरमा कथा पढ्न सक्नुहुन्छ । तपाईंले समस्या समाधानको लागि बालबालिकाको विचार सोध्न सक्नुहुन्छ । उनीहरुको विचार राम्रो, नराम्रो, सहि, वा गलत रहेको कुरा उनीहरुलाई नभन्नुहोस, र छिट्टै केहि समाधान पनि नदिनुहोस । समाधान नभएको समस्यामार्फत बालबालिकालाई पाठमा ध्यान दिनको लागि प्रेरित गर्नुहोस ।




संकल्प भाग पाठपछि आउँछ । यदि बालबालिका लामो समयदेखि बसिरहेका छनभने, संकल्प भागभन्दा अगाडी पनि केहि गतिविधि गर्नुहोस । तयार भएपछि, बालबालिकालाई आवश्यकता कथा सम्झाउनुहोस र आफ्ना कलाकारलाई संकल्पको लागि अगाडी बोलाउनुहोस वा सरलरुपमा पढ्नुहोस । यसले केहि आवश्यकता कथाको तनाव समाधान गर्नेछ र बालबालिकालाई उनीहरुले विद्यालय तथा घरमा

सामना गर्ने समस्या समाधान गर्नको लागि मदत गर्नेछ । यस्तो तरिकामा, तपाईंले बालबालिकालाई उनीहरुको दैनिक जीवनमा पाठहरु लागु गर्नको लागि प्रेरित गर्नुहुनेछ !


## मुख्य पाठ

यो पाठ्यक्रम भनेको पुराना नियमको एउटा अवलोकन पढाइ हो । थुप्रै पाठहरुमा, हामीले बाइबलको एउटा व्यक्तिको वा हिरोको सम्पूर्ण जीवन हेर्नेछौं । एक शिक्षकको रुपमा, तपाईंले यसलाई आफै पढ्ने रुपमा प्रयोग गर्न सक्नुहुनेछ र समयको अगाडी रहेका ग्रन्थ प्यासेज पढ्न र ताजा अन्तर्दृष्टि पाउनको लागि पनि प्रयोग गर्न सक्नुहुनेछ । प्रत्येक हिरोको जीवनको एउटा सारांश मुख्य पाठमा समावेश छ । बालबालिकालाई रुचीमा राखिरहनको लागि उनीहरुले हिरोको जीवनको थप विवरण याद गरेको वा नगरेको कुरा निर्धक्क भएर सोध्नुहोस ।

कृपया कथा हिस्सालाई छोटो राख्नुहोस, जसले गर्दा तपाईंसँग मुख्य कुरा भन्नको लागि पर्याप्त समय रहन्छ । प्रत्येक पाठको अन्त्यमा बालबालिकाले एउटा निर्णय गर्नुपर्ने हुन्छ । यो निर्णय सम्पूर्ण पाठको मुख्य कुरा हुनेछ, फुटबल खेलमा गोल जस्तै । यदि तपाईंले राम्रो खेल खेल्नुहुन्छ, टिमका अन्य साथीलाई पास दिँदै र अर्को टिमलाई बल खोस्नबाट रोक्दै, तर तपाईंले कहिल्यै गोल गर्नुभएन भने तपाईंले कहिल्यै जित्नुहुनेछैन । बालबालिकाले यसलाई आफ्नो जीवनमा अभ्यास गराउनमा मदत गर्नको लागि तपाईंले मुख्य अनुप्रयोगमा पुग्नुभएको पक्का गर्नुहोस । जेम्स १:२२-२४ मा हामीले पढ्छौं, "शव्दलाई सुन्ने मात्र नगर्नुहोस, र आफैलाई नठग्नुहोस । यसले भनेको गर्नुहोस । शव्द सुन्ने तर यसले भनेको नगर्ने मानिस भनेको त्यस्तो मानिस हो जसले ऐनामा आफ्नो अनुहार हेर्छ, र जान्छ र आफु कस्तो देखिन्छु भनि तुरन्तै बिर्सन्छ ।" १ कोरिनथियन १० मा, हामीले पढ्छौं कि पुराना नियमका कथाहरु भनेका हामीलाई के गर्ने र के नगर्ने भनि देखाउने उदाहरण हुन । पुराना हिरोहरुलाई हेर्नु भनेको हामी स्वयंलाई ऐनामा हेर्नु जस्तै हो, उनीहरुको जीवनबाट हामीलाई केहि सिक्ने मौका दिँदै । बालबालिकालाई उनीहरुको उदाहरण पछ्याउन, र आफ्ना गल्तीबाट सिक्न र प्रभुको लागि बाँच्न सिकाऔं ।

## समयरेखा

प्रत्येक साता बालबालिकाले बाइबल कथा हिरोको जीवन दर्शाउनको निम्ति आफ्नो किताबका समयरेखामा एउटा रेखा कोर्दछन । उदाहरणको लागि, पाठ १ मा, उनीहरुले पाठ १ को लागि १ अंकित गरिएको लाइनमा एडमको जीवनी चिन्ह लगाउछन । पाठमा प्रदान गरिएका अंकहरुको प्रयोग गर्दै, विचार यो हो कि, रेखा कतिखेर सुरु हुनुपर्छ र कति लामो हुनुपर्छ भनि बालबालिकाले गणना गर्छन । प्रत्येक वर्गाकारले १०० वर्ष दर्शाउँछ । उदाहरणको लागि, एडमको जीवन सिर्जनाको छैठौं दिनमा सुरु हुन्छ र ९३० वर्षमा अन्त्य हुन्छ, वा समयरेखामा ९ र एक तिहाई वर्गाकार । प्रत्येक हिरोका जीवनी हेर्न र अचम्मका विवरण हेर्न रमाइलो हुनेछ, जस्तै कि एउटा तथ्य, एडमदेखि नोआको मृत्युसम्मको समय लगभग अब्राहमदेखि येशूको समयसम्म जत्तिकै थियो !




* बाइबिल समयको लागि लगभग मितिहरू * प्रत्येक रेखा १०० वर्ष बराबर हुन्छ।


## कार्यभार

बालबालिकालाई पाठ अभ्यासमा राख्न सिकाउनको लागि मदत गर्ने अर्को उपकरण भनेको प्रत्येक साता गृहकार्य कार्यभार हो । प्रत्येक पाठमा एउटा गतिविधि हुन्छ जुन बालबालिकाले हप्ताको बिचमा गर्नसक्छन ।

जोन १४:२३ मा येशूले भन्नुभएको छ, *"मलाई माया गर्ने जो कोहिले पनि मेरो पढाई मान्नेछन । मेरो पिताले तिनीहरुलाई माया गर्नुहुनेछ, र हामी तिनीहरुकहाँ आउने छौं र तिनीहरुसँग हाम्रो घर बसाल्ने छौं ।"*

यी कार्यभारको साथमा, बालबालिकाले, चर्चमा मात्र नभएर, साताको बिचमा प्रभुलाई आफ्नो जीवनमा पनि ल्याउनसक्छन । ठुला विद्यार्थीको लागि बाइबलमा पढ्ने कार्यभार पनि छ । गृहकार्य कार्यभार छलफल गर्नको लागि कक्षामा केहि मिनेट लिनुहोस र उनीहरुलाई कक्षामा अभ्यास गर्ने मौका दिनुहोस । गत साताको कार्यभार सम्पन्न गर्नेहरुलाई सानो क्यान्डी वा पुरस्कारमार्फत पुरस्कृत गर्नुहोस ।

## उपस्थिति / हिरोको खेल





यो सामग्री विद्यार्थीलाई हरेक हप्ताको उपस्थितिको लागि पुरस्कृत गर्ने कार्ड सेटको साथमा आउँछ । यी उपस्थिति कार्ड वा स्टिकर हुनसक्छन । यद्यपि, यी एउटा खेल पनि हुनसक्छन ! हरेक युनिटको अन्त्यमा (१३ पाठ, वा ३ महिना), बालबालिकाले यी कार्डको साथमा खेल खेल्नसक्छन । थप जानकारीको लागि खेल निर्देशिका पढ्नुहोस ।

**वैल्कल्पिक खेल**




बालबालिकालाई एउटा कागजको पानामा १-१० सम्म लेखाउनुहोस । त्यस पश्चात शिक्षकले खेल निर्देशिकामा प्रदान गरिएका १० प्रश्नबाट कुनै पनि प्रश्न सोध्नुहुन्छ । विशेषतालाई प्यारेनथेसिसमा नभन्नुहोस । प्रत्येक प्रश्नको लागि, उक्त परिस्थितिमा कुन गुण वा विशेषता आवश्यक छ भनि बालबालिकाले लेख्छन: शक्ति, इमान्दारिता, आज्ञाकारिता, विनम्रता, मन वा विश्वास । धेरै सहि अनुमान गर्नेले सानो क्यान्डी वा पुरस्कार पाउनेछ ।

# १. प्रभुमा विश्वास गर्नुहोस



**बाइबल कथा: सिर्जना**

जेनेसिस १:१-२:३, हिब्रु ११:१-३

## याद पद्य १

“विश्वास गर्नु भनेको आशा गरेको कुरामा ढुक्क हुनु र नदेखेको कुरामा पक्का भरोसा गर्नु हो।” हिब्रू ११:१

## आवश्यकता कथा १



सन्डे विद्यालयमा उनीहरुले बजलाई सिर्जनाको बारेमा पढाए, उनीहरुले उसलाई भने कि प्रभुले छ दिनमा सारा संसार सिर्जना गर्नुभयो । केहि दिन पश्चात विद्यालयमा, शिक्षकले उनीहरुलाई जीवशास्त्र किताब झिक्न भन्नुभयो र उनीहरुलाई उत्पतिको विचार देखाउनुभयो र हामी बाँदर जातिबाट आएको देखाउनुभयो । यसले बजमा महत्वपूर्ण असर पार्यो । उसले भन्यो "चर्चमा मलाई एउटा कुरा पढाउँछन । विद्यालयमा मलाई अर्को कुरा पढाउँछन ।"

## मुख्य पाठ १

“विश्वासको हिरोहरु” एक नयाँ सन्डे विद्यालय पाठ्यक्रममा स्वागत छ जहाँ हामीले हिब्रु अध्याय ११ को लेन्सद्वारा पुराना नियमको अवलोकन गर्नेछौं, जहाँ पउलले हामीलाई हाम्रो विश्वासको हिरोहरुको एउटा सुची दिन्छन । पुराना नियमको यस अध्ययनमा, हामीले देख्नेछौं कि त्यहाँ विभिन्न व्यवसाय वा कामका थुप्रै मानिसहरु थिए । उनीहरु किसान, आमा, पादरी, कुक, राजा तथा नोकरहरु थिए । यद्यपि हामीले उनीहरु प्रत्येकको जीवनमा देख्नेछौं, उनीहरुको भौतिक जीवन वा कामभन्दा उनीहरुले दैनिकरुपमा लिएका आध्यात्मिक निर्णयहरु थप महत्वपूर्ण थिए । के तपाईंलाई थाहा छ तपाईं ठुलो भएपछि के बन्नुहुन्छ ? के तपाईं फायरम्यान, डाक्टर, इन्जिनियर, पादरी, शिक्षक, वा मेक्यानिक बन्न चाहनुहुन्छ ? जब हामीले हाम्रो जीवनको बारेमा सोच्छौं, हामीले हाम्रो काम, वा पद र समाजमा हाम्रो प्रतिष्ठाको बारेमा सोच्छौं । यद्यपि यी कुराहरु प्रभुको लागि त्यति महत्वपूर्ण छैन जति वहाँको लागि हाम्रो मन र हाम्रो सम्बन्ध महत्वपूर्ण छ । तपाईंको जीवनको लागि प्रभुसँग विशेष योजना छ !

आजको बाइबल कथामा हामीले सिर्जनाको बारेमा सिक्दैछौं, त्यो साता जसमा प्रभुले संसारको अस्तित्वको बारेमा भन्नुभयो । बाइबलले भन्छ कि विश्वासमार्फत हामीले बुझ्छौं कि प्रभुको आदेशमा ब्रह्माण्ड खडा भएको थियो, जसले गर्दा देखिएका कुराहरु दृश्यात्मक कुराबाट बनाइएका थिएनन । (हिब्रु ११:३) सुरुवातमा प्रभुले छ दिनमा पृथ्वी सिर्जना गर्नुभयो जस्तो जेनेसिस अध्याय १ र २ मा लेखिएको छ ।

दिन १: रात र दिन
दिन २: आकाश र समुन्द्र
दिन ३: जमिन र वनस्पति
दिन ४: तारा, सुर्य र चन्द्र
दिन ५: समुन्द्री जनावर र चराचुरुंगी
दिन ६: जमिन जनावर र मानव

बाइबलले हामीलाई संसारको सुरुवातको प्रभुको खाता, र हामी कसरी सिर्जित भयौं भन्ने कुराको जानकारी दिन्छ । प्रभुले हाम्रो संसार र ब्रह्माण्ड ६ दिनमा सिर्जना गर्नुभयो, र वहाँले एडम र इभलाई प्रथम मानवको रुपमा सिर्जना गर्नुभयो र उनीहरुलाई इडेनको बगैचामा राख्नुभयो । सातौं दिनमा प्रभुले आफ्नो कामबाट विश्राम लिनुभयो ।

मानिसले धेरै थरीका कुरामा विश्वास गरेकाछन । बज जस्तै, तपाईं त्यस विद्यालयमा जान सक्नुहुन्छ जहाँ तपाईंले उत्पतिको बारेमा र संसार कसरी करोडौ वर्ष पुरानो रहेको बारेमा सबै सुन्नुहुन्छ । कहिलेकाँही मानिसहरु प्रभुमा विश्वास नगर्नको लागि हाम्रो अस्तित्वको व्याख्या गर्दै आउँछन, र उनीहरुले यो प्रमाणित गर्नको लागि विज्ञानलाई मोडछन । क्रिश्चियनको रुपमा हामी अघिको कुरामा अन्धो छैनौ किनभने हामी विश्वास गर्छौं कि हामीसँग बाइबल भन्ने किताब छ, जसले हामीलाई संसारको सुरुवातको बारेमा एतिहाँसिक खाता दिन्छ ।

म प्रभुमा विश्वास गर्छु, म विश्वास गर्छु कि वहाँले ब्रह्माण्ड सिर्जना गर्नुभयो र म विश्वास गर्छु कि बाइबलले मलाई इतिहाँसको सहि खाता दिन्छ । प्रभुसँग मेरो जीवनको लागि योजना छ, र म वहाँलाई विश्वास गर्छु ।

## संकल्प १



बजले थाहा पाउन सक्छ कि मानिसले विश्वास गर्ने कुरा थुप्रै छन । मानिसले विश्वास गर्थे कि संसार समथर थियो, उदाहरणको लागि, तर अब हामी गर्दैनौ । आज हामीले सिक्दै छौं कि प्रभुले संसार र यसका सबैकुरा सिर्जना गर्नुभयो ।

## गतिविधि १

**तपाईंलाई धेरै के मनपर्छ ?**

प्रत्येक बालबालिकालाई सोध्नुहोस कि उसलाई सिर्जनाको हरेक दिनको बारेमा के मनपर्छ र उनीहरुले के बनाउने थिए ।

दिन १ तपाईंलाई धेरै के मनपर्छ: प्रकाश वा अन्धकार ?
दिन २ तपाईं माछा जस्तै पौडीनुहुन्थ्यो वा उड्नुहुन्थ्यो ?
दिन ३ तपाईंलाई धेरै के मन पर्छ, दिन वा रात ?
दिन ४ तपाईंलाई मनपर्ने विरुवा वा रुख कुन हो ?
दिन ५ तपाईंलाई सबैभन्दा बढी मनपर्ने चरा वा माछा कुन हो ?
दिन ६ तपाईंलाई मनपर्ने जनावर कुन हो ?
दिन ७ तपाईं छुट्टीको दिनमा के गर्नुहुन्छ ?



## समयरेखा १

एडमको जीवनको लागि रेखा कोर्नुहोस ।
प्रश्न: एडम कहिले जन्मिएका थिए ?
जवाफ: सिर्जनाको छैठौं दिनमा
प्रश्न: एडम कति वर्ष बाँचे ?
जवाफ: ९३० वर्ष

## पहेली जवाफ १

सुरुवातमा प्रभुले प्रकाश सिर्जना गर्नुभयो र यो राम्रो रहेको देख्नुभयो र प्रकाशलाई "दिन" भन्नुभयो र अन्धकारलाई "रात" । दोस्रो दिन प्रभुले स्वर्ग सिर्जना गर्नुभयो । तेस्रो दिन, प्रभुले सतह बताउनुभयो र पानीलाई "समुन्द्र" र सुख्खा भागलाई "जमिन"

भन्नुभयो । र वहाँले वनस्पति सिर्जना गर्नुभयो; बिउ भएका बोटबिरुवा र फल दिने रुख । चौंथो दिनमा वहाँले तारा, सुर्य र चन्द्र सिर्जना गर्नुभयो । पाँचौ दिनमा वहाँले पानीका जीव र चराचुरुङ्गी सिर्जना गर्नुभयो । छैठौं दिनमा, वहाँले जंगली र पालुवा जनावर सिर्जना गर्नुभयो; वहाँले पुरुष र महिला सिर्जना गर्नुभयो, वहाँले तिनलाई आशिर्वाद दिनुभयो र आफुले बनाएको सबैकुराको अधिकार तिनलाई दिनुभयो ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सं | सि | च | सं | सा | र | र्ग | ष | सं | स्व |
| ६ | ज | रु | ह | र | व | ना | ज | र | भु |
| ज | र्य | पु | सि | शे | न्द्र | च | र्ज | प्र | ज |
| मि | ष | सु | र्नु | मु | ६ | न्द्र | शे | सि | सं |
| न | स्व | र | स | न्द्र | रा | पु | भु | र्ग | च |
| न्द्र | दि | र्ग | पु | ह | ता | र्नु | पु | रु | ष |
| ष | र्नु | ६ | र्ग | स्व | दि | ज | ह | ६ | शे |
| मा | सि | र्ज | ना | ग | र्नु | भ | यो | दि | वि |
| शे | न्द्र | भु | ज | सं | न्द्र | र्ग | र्ग | ष | स्व |
| र्ग | ६ | च | न्द्र | शे | सि | र | भु | स्व | पु |



## प्रश्न तथा जवाफ १

१. यदि प्रभुले हामीलाई रोबोटजस्तो गरि जन्माउनुभएको भए हामी कस्तो हुने थियौं ? (कसैले पनि चुरोट, रक्सी पिउने आदि गर्ने थिएनन्, तर यसले हामीसँग भएको उमंग मार्ने थियो । हामी दास जस्तो हुने थियौं, हामी मुक्त हुने थिएनौं) ।

२. तपाईं भविष्यमा प्रभुलाई कसरी सेवा दिन चाहनुहुन्छ ? (यो मुद्दामा छलफल गर्नको लागि विद्यार्थीलाई प्रोत्साहन गर्नुहोस । याद गर्नुहोस कि प्रभुले सबैलाई फरक उपहार दिनुहुन्छ, र येशूको आँखाभन्दा येशूको शरीरको पाखुरा राम्रो हुँदैन अथवा ठिक विपरित) ।

३. हाम्रो जीवनका महत्वपूर्ण निर्णयहरु के के हुन् ? (आध्यात्मिक निर्णय, प्रभुतर्फको आज्ञाकारिता, कोसँग विवाह गर्ने, साना कुरामा पनि प्रभुको पालन गर्ने, इत्यादी) ।

४. मानव जाती कहाँबाट आए, बाँदर, विष्फोट वा प्रभुबाट ? (सहि जवाफ भन्नुभन्दा अगाडी छलफल चलाउनुहोस) ।

## खेल १

**बिनब्याग**

पदलाई साना भागमा विभाजन गर्दै एउटा ठुलो पोस्टर बोर्ड तयार गर्नुहोस । यस खेलमा, बालबालिकाले यो पद भन्दै अभ्यास गर्नेछन ।



- शिक्षकले एउटा बालकतर्फ बिनब्याग वा बल फाल्दै खेल सुरु गर्नुहुन्छ । बालक उभिनुपर्छ र पद्यको पहिलो भाग ठूलो स्वरमा भन्नुपर्छ ।
- आफ्नो वाक्य भनेपछि बालकले बिनब्याग अर्को बालकतर्फ फाल्नुपर्छ जसले त्यो समात्छ र पद्यको अर्को भाग ठूलो स्वरमा भन्छ ।
- एउटा बालक खेलबाट बाहिरिन्छ यदि उसले:
  - वाक्यांश छिटो नभनेमा
  - नउभिएमा
  - आफ्नो वाक्य ठूलो स्वरमा नभनेमा ( सानो स्वरमा भनेमा)
  - वा अगाडीको बालकको वाक्यांश दोहोर्याएमा
- सबैको पालो सकिए पश्चात, फेरी खेल खेल्न सक्नुहुन्छ, छिटो छिटो गर्दै ।

## उपस्थिति १




कक्षामा उपस्थिति जनाएकोमा बालबालिकालाई आजको कार्ड दिनुहोस । उनीहरुलाई बधाई दिनुहोस र उनीहरुलाई अर्को कार्ड पाउनलाई अर्को हप्ता आउनको लागि प्रोत्साहन गर्नुहोस जसले गर्दा उनीहरुले हिरोको खेल खेल्न सक्नेछन ! आजको कार्ड हो:
**सिर्जना**

## गृहकार्य १

**कार्यभार**

तपाईंको यस साताको कार्य भनेको सिर्जना सप्ताहको अवधिमा प्रभुले गर्नुभएका कुराको सेल्फी लिने वा एउटा साधारण चित्रण गर्ने हो ।

सोमबार: दिनमा र रातमा एउटा सेल्फी / चित्रण ।
मंगलबार: आकाश देखाउँदै एउटा सेल्फी / चित्रण र सम्भव भएमा, समुन्द्र, ताल, वा नदि देखाउँदै अर्को सेल्फी / चित्रण ।
बुधबार: बिरुवा तथा रुख देखाउँदै एउटा सेल्फी / चित्रण ।
बिहिबार: सुर्यको एउटा सेल्फी / चित्रण र चन्द्र वा ताराको अर्को सेल्फी / चित्रण ।
शुक्रबार: माछाको एउटा सेल्फी / चित्रण र सम्भव भएमा, चराको एउटा सेल्फी / चित्रण ।
शनिबार: जनावर तथा मानिसको एउटा सेल्फी / चित्रण ।
आइतबार: आफ्नो गृहकार्यबाट विश्राम लिनुहोस ।

**पढ्नुहोस**

दिन १: जेनेसिस ३:१-१०
दिन २: जेनेसिस ३:११-१९
दिन ३: जेनेसिस ३:२०-४:२
दिन ४: जेनेसिस ४:३-१६
दिन ५: जेनेसिस ४:१७-२६

# २. वहाँलाई आफ्नो मन दिनुहोस



**हिरो: अबेल**

जेनेसिस ४:१-१६, हिब्रु ११:४

## सम्झना पद २

“तैँले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो पूरा हृदय, पूरा प्राण, पूरा मन र पूरा शक्तिले प्रेम गर’।” मर्कूस १२:३०

## आवश्यकता कथा २



यो सुरुको शनिबार थियो, जब कोमेटको पिता उसकोको बेडरुममा आउनुभयो, उसलाई उठाउनुभयो र भन्नुभयो, "छोरा, कृपया मेरो कार धोइदेउ । पछि मलाई जानुपर्छ, र मसँग अहिले धुनको लागि समय छैन ।" कोमेट उठेर आफ्नो गृहकार्य गर्न सुरु गर्यो, आफ्नो घरको आँगन सफा गर्यो, र फोहोर निकाल्यो । उसले आफ्नो पिताले भन्नुभएको कुराबाहेक सबैकुरा गर्यो किनभने उनलाई त्यो गर्ने इच्छा थिएन । यी सबै गरेपछि ऊ पसलमा गयो र आफ्नो पिताको लागि एउटा उपहार किन्यो । जब उसको पिता फर्किनुभयो, कोमेटले वहाँलाई ढोकामा भेट्यो र आफुले किनेको उपहार दियो । उसको पिताले उसलाई धन्यवाद दिनुभएन वा अंकमाल गर्नुभएन, जबकी वहाँ दुखी हुनुहुन्थ्यो किनभने वहाँको छोराले अह्राएको काम गरेन ।

## मुख्य पाठ २

"विश्वासको हिरो"मा पुन: स्वागत छ ! हिजो हामीले प्रभुमा विश्वास गर्न सिक्यौं । हामी त्यस्तो तरिकामा बाँच्न चाहन्छौं जसले देखाओस कि हामीले प्रभुमा विश्वास गर्छौं । आज हामीले दुई दाजुभाईलाई हेर्न जाँदैछौं जसले प्रभुमा आफ्नो विश्वास देखाउनको लागि केहिकुरा गरे, तर एउटाले साँच्चै प्रभुलाई खुसी बनाए र अर्कोले सकेनन ।

जेनेसिस ४ मा, हामीले देख्छौं कि एडम र इभको दुईवटा छोरा छन, केन जो एउटा कृषक बने र अबेल एउटा गोठाला बने । दुबैले आफ्नो कामदेखि प्रभुको लागि उपहार ल्याए । केनले प्रोड्युस ल्याए, तर अबेलले "आफ्नो बथानका केहि पहिलो जन्मिएकाहरुको बोसो भाग" ल्याए । जब उनीहरुले देखे कि प्रभुले अबेलको प्रसाद मन पराउनुभयो तर केनको प्रसाद मनपराउनु भएन, केन अबेलदेखि एकदमै रिसाए । प्रभुले उनलाई सम्झाउनुभयो, तर प्रभुलाई सुन्नुको सट्टामा, केनले अबेललाई मारिदिए !! प्रभुले केनलाई आफ्नो भाईको हत्या गरेकोमा उनलाई परिवारबाट निष्कासन गर्दै र उनलाई कठिन पीडा दिँदै सजाय दिनुभयो ।

कहिलेकाँही जब हामीले प्रभुलाई पछ्याउछौं, हामीले प्रभुलाई खुसी पार्ने कुरा गर्नुभन्दा पनि नियम पालना गर्छौं । अगाडीको कथामा कोमेटजस्तै, हामीले प्रभुलाई खुसी राख्नको लागि सबै कुरा कोसिस गर्छौं, वहाँले चाहनुभएको एउटा कुराबाहेक । हामी खराब शब्द नबोल्न वा धुम्रपान नगर्न ध्यान दिन्छौं, र हामी हरेक साता चर्चमा उपस्थित हुन ध्यान दिन्छौं, तर कहिलेकाँही हामीले यसो गर्छौं किनभने अन्य क्रिश्चियनले हाम्रो बारेमा के सोच्छन भनि हामी ध्यान दिन्छौं । येशूले भन्नुभयो कि यदि हामीले एकअर्काको प्रशंसा स्वीकार गर्यौं तर प्रभुलाई खुसी पार्न खोजेनौ (जोन ५:४४) भने हामीले विश्वास नगरेको देखिन्छ । जब प्रभुले केनलाई आफुले योजना गरेको कुरा भन्नुभयो, उनले प्रभुलाई खुसी पार्नको लागि आफ्नो व्यवहार परिवर्तन गर्नसक्थे । तथापी, केनले आफ्नो दाईले प्रभुको सहयोग पाउने कुरामा बढी ध्यान दिए । उनले प्रभुको ध्यानभन्दा पनि बढी आफ्नो प्रतिष्ठा र पौरखमा ध्यान दिए !

प्रभुले मार्क १२:३० मा हामीलाई भन्नुहुन्छ कि वहाँलाई हाम्रो सम्पूर्ण मन, आत्मा, शक्तिद्वारा माया गरौं (डेउटोरोनोमी ६:५, ल्युक १०:२७ पनि) । अबेलले प्रभुलाई आफ्नो मन दिए; किनकि उनले प्रभुलाई धेरै माया गरे, उनले प्रभुलाई आफुसँग भएको सबैकुराको उत्कृष्ट चिज दिए । के तपाईंले केनले जस्तै खाली उपहार दिनुहुन्छ, वा अबेलले जस्तै आफ्नो मन दिनुहुन्छ ?

म प्रभुले जे चाहनुहुन्छ त्यहि दिन चाहन्छु: मेरो मन !

## संकल्प २



जब कोमेटले महसुस गर्यो कि उसको पिताले केहिपनि भन्नुभएन, ऊ धेरै दुखी भएर कोठामा गयो । ऊ रिसाएको थियो किनभने उसले आफ्नो पिताको लागि गरेका सबैकुरा सोच्यो, तर उसको पिताले उसलाई धन्यवाद पनि दिनुभएन ।

## गतिविधि २

**माया सामग्री**

सामग्री तस्विरको प्रतिलिपिहरू बनाउनुहोस, कक्षाका प्रत्येक बालबालिकाको लागि एउटा । बालबालिकाले त्यसमा रङ भर्न सक्छन र घर लैजान सक्छन ।

२ कप दया
२ कप आज्ञाकारिता
एकसाथ गुणस्तरीय समयको ४ टेबुलचम्चा
प्यासीको लागि १ गिलास पानी
१ टेबुलचम्चा ममता
१ टेबुलचम्चा "पृथ्वीको नुन"




## समयेरेखा २

अबेलको जीवनको रेखा कोर्नुहोस ।

प्रश्न: अबेल जन्मदा एडम कति वर्षका थिए ? जवाफ: त्यहाँ कुनै निश्चित समय छैन, तर यस्तो सोचिन्छ कि एडम ५० वर्षका थिए ।

प्रश्न: अबेल कति वर्ष बाँचे ? जवाफ: त्यहाँ कुनै निश्चित समय छैन, तर यस्तो सोचिन्छ कि ऊनी ५० वर्ष बाँचे ।


## पहेली जवाफ २

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| पा | म | का | मि | ई | स्थि | मु | उप | ति |
| के | ज | मि | न | अ | टु | ल+ | स्थि | जु |
| ब | जु | र | के | था | ब | उप | ई | ब |
| अ | खु | था | था | न | ब | मि | र | के |
| ई | बे | को | प | पा | जु | उप | को | ई |
| भु | मि | ल | पा | अ | भु | खु | ए | पा |
| प्र | फ | उप | खु | दा | बा | का | सा | था |
| स्थि | अ | दा | जु | भा | ई | हि | रि | दि |
| पा | खु | ई | ब | भु | र | अ | र | नु |
| र | था | ला | न | खु | के | उप | स्थि | ई |

## सहि वा गलत

सहिको लागि 👍 र गलतको लागि 👎 भिर्नुहोस ।

- एडम तथा इभका दोस्रो छोरा अबेल थिए ।
- अबेलभन्दा बढी केनले भेंडाहरुको स्याहार गर्न मन पराउथे ।
- केन र अबेल दुवैको आहुतिबाट प्रभु प्रसन्न हुनुहुन्थ्यो ।
- केन आफ्नो भाइदेखि रिसाएका थिए र उनलाई मारे ।
- अबेल मरेको कुरा प्रभुले याद गर्नुभएन ।



## प्रश्न तथा जवाफ २

१. कुन परिस्थितिमा प्रभुलाई धोका दिन सम्भव हुन्छ ? (विभिन्न सुझाव दिने प्रयास गर्नुहोस, र "कुनैपनि छैन" सहि उत्तर भएतापनि त्यो मात्र नभन्नुहोस)

२. सबै राम्रा मानिस स्वर्गमा जानेछन, सहि हो ? (होइन । "राम्रो" हुनाले हामीलाई स्वर्गमा जाने अनुमति दिँदैन । पुनर्जन्म हुनाले हामीलाई स्वर्गमा जाने अनुमति दिन्छ) ।


३. के मैले प्रभुको निम्ति मुर्ख बन्नुपर्छ ? (सबै क्यारियरमा ज्ञानी र मुर्ख मानिस छन जसले ख्रीष्टलाई पछ्याउछन) ।



WOW!
YEAH!!

## खेल २

**उदेश्यमा शुट गर्ने**



एउटा पोस्टर बोर्डमा एउटा बालकको चित्रण नक्कल गर्नुहोस । उदेश्यको लागि प्वाल बनाउनको निम्ति चित्रणमा गाडा गरिएका भागहरु काट्नुहोस ।

- प्रत्येक बालकको लागि कागजको बल बनाउनुहोस, कागजको पानालाई डल्लो पार्दै ।
- उनीहरुलाई बुझाउनुहोस कि उनीहरुले मुटुमा रहेको प्वालमा बल राख्नुपर्छ । अन्त कतै राखेमा यो गनिने छैन ।
- जब बल मुटुमा पस्छ, बालकले १ अंक पाउँछ । धेरै अंक कमाउने बालक विजेता हुन्छ ।

## उपस्थिति २




कक्षामा उपस्थिति जनाएकोमा बालबालिकालाई आजको कार्ड दिनुहोस । उनीहरुलाई बधाई दिनुहोस र उनीहरुलाई अर्को कार्ड पाउनलाई अर्को हप्ता आउनको लागि प्रोत्साहन गर्नुहोस जसले गर्दा उनीहरुले हिरोको खेल खेल्न सक्नेछन ! आजको कार्ड हो:

**अबेल**

## गृहकार्य २

**कार्यभार**

यस साताको लागि तपाईंको कार्य भनेको आफ्नो मनदेखि केहि कुरा दिनु हो । बाइबलले भन्छ कि हामीले अरुको लागि जे गर्छौं, येशूको लागि गर्छौं (म्याथ्यु २५:४०), त्यसैले कसैको मदत गर्ने मौका हेर्नुहोस वा कसैलाई उनीहरुले चाहेको कुरा दिनुहोस । तपाईंसँग आफ्नो अविभावकको अनुमति भएको पक्का गर्नुहोस । खतरनाक कुरा केहिपनि नगर्नुहोस । आफुले फिर्ता पाउने गरि केहि कुरा पनि नदिनुहोस ।

**पढ्नुहोस**

दिन १:जेन ५:१-८

दिन २: जेन ५:९-१६

दिन ३: जेन ५:१७-२४

दिन ४: जेन ५:२५-३२

दिन ५: जेन ६:१-८

# ३. प्रभुलाई खुसी पार्नुहोस



**हिरो: इनोक**

जेनिसिस ५:२१-२४, हिब्रु ११:५-६

## सम्झना पद्य ३

“येशूले जवाफ दिनुभयो, “मलाई प्रेम गर्नेहरूले मैले भनेका कुरा मान्दछन्। मेरा पिताले उनीहरूलाई प्रेम गर्नुहुनेछ अनि पिता र म उनीहरूकहाँ आएर उनीहरूसँगै बस्नेछौं।" यूहन्ना १४:२३

## आवश्यकता कथा ३



टेफीको एउटा साथीलाई एउटा समस्या नराम्रो लाग्यो र टेफीसँग सुझाव माग्न गईन । उनले भनिन, "मेरा अविभावकले मलाई मेरो आफन्तको फार्ममा एक्लै जान दिनुहुन्न, र म उनीहरुसँग प्रभुको वचन बाँड्न जान चाहन्छु । अनुमतिबिना जाने कि नजाने मलाई थाहा छैन । मलाई लाग्छ म जानुपर्छ, तर प्रभुलाई कुन कुराले खुसी पार्छ भनि मलाई थाहा छैन । मैले के गर्नुपर्छ ? मैले सामाजिक संजालमा पनि के गर्ने भनि सोध्ने वाला छु । मैले एउटा तस्बिर देखेको थिए जसले भन्छ कि आफुलाई ठिक लाग्ने कुरा गर, र मलाई आफन्तको फार्ममा जानु सहि लाग्छ ।"

## मुख्य पाठ ३

विश्वासका हिरोमा पुन: स्वागत छ ! हामीले प्रभुमा विश्वास गर्न र वहाँलाई आफ्नो सिंगो मुटु दिन सिक्यौं । हामी यसलाई एक कदम अगाडी लैजाँदैछौं । के तपाईंले कहिल्यै आफ्नो शिक्षकलाई, बुबालाई, आमालाई खुसी पार्नुभएको छ ? तपाईंले राम्रो काम गर्नुभयो भनेर जब कसैले भन्नुहुन्छ, एकदमै राम्रो महसुस हुन्छ, हो कि होइन ? तपाईंको मुखमा ठुलो हाँसो नआएसम्म त्यो राम्रो महसुस तपाईंभित्र बढी रहन्छ । प्रभुलाई खुसी राखेका एउटा मानिसको बारेमा सिकौं, र हामीले कसरी प्रभुलाई खुसी राख्न सक्छौं भन्ने बारेमा पनि केहि कुरा सिकौं ।

एक लामो, लामो समय अघि त्यहाँ इनोक नाम गरेका एक मानिस थिए । हामीसँग उनको बारेमा त्यति धेरै जानकारी छैन, तर हामीलाई जे थाहा छ त्यो एकदम राम्रो छ । "इनोक प्रभुसँग हिँडे; उनी अब थिएनन् किनभने प्रभुले उनलाई लैजानुभयो," जेनेसिस ५:२४ । प्रभुले उनलाई यति धेरै मनपराउनु भयो कि उनलाई लैजानुभयो ! कति विशेष ! एक दिन हामीले उनलाई स्वर्गमा भेट्नेछौं र सँगै समय बिताउनेछौं । हिब्रु ११:५-६ मा हामीले पढ्छौं कि "प्रभुलाई खुसी पारेको भनेर उनको प्रशंसा गरिएको थियो ।" उनको लागि प्रभुलाई देख्नु कस्तो थियो होला भनि के तपाईंले कल्पना गर्न सक्नुहुन्छ ? इनोकसँग अहिलेसम्मकै ठुलो हाँसो भएको हुनुपर्छ !

हामीले प्रभुलाई खुसी पार्ने तरिका भनेको इनोकले जस्तै वहाँका कुरामा विश्वास गर्नु र वहाँसँगै हिड्नु हो । हिब्रु ११:६ ले भन्छ, "र विश्वासबिना प्रभुलाई खुसी पार्न असम्भव छ, किनभने वहाँकोमा आउने जो कोहीले विश्वास गर्नुपर्छ कि वहाँ हुनुहुन्छ र इमान्दारीपुर्वक वहाँलाई खोज्नेलाई वहाँले पुरस्कृत गर्नुहुन्छ ।" हामी प्रभुमा विश्वास गर्छौं, र हामीले वहाँको वचन बाइबलमा विश्वास गर्दै र कार्य गर्दै वहाँको खोजि गर्छौं ।

अघि हामीले टेफीको साथीको बारेमा सुन्यौं जसलाई के गर्ने भनि थाहा पाउनुथियो । बाइबलले भन्दछ कि उनको अविभावकलाई मान्नुपर्छ र सम्मान गर्नुपर्छ, त्यसैले उनले त्यसै गर्नुपर्छ ।

बाइबल हाम्रो लागि प्रभुको वचन हो । हामी विश्वास गर्छौं कि बाइबल प्रभुको अचुक वचन हो । (जसमा कुनै त्रुटी छैन) यस तरिकाले हामीले यो पढ्नसक्छौं र यसले भनेको कुरा सत्य रहेको विश्वास गर्नसक्छौं । त्यति मात्र होइन, तर बाइबल भनेको प्रभुको जीवित वचन हो !!

यो कसरी जीवित हुनसक्छ ?? प्रभुको वचन जीवित छ र प्रभावकारी छ (हिब्रु ४:१२) । के तपाईंले कहिल्यै बाइबल पढ्नुभएको छ र वचनहरु झन्डै पानाबाट बाहिर निस्किए, तपाईंले त्यस दिन चाहनुभएको सहि शब्दको साथमा ? संसारभरिका क्रिश्चियनहरुसँग सम्पूर्ण समयमा त्यसो हुन्छ । जोन १:१४ ले भन्छ कि जब येशू ख्रिस्ट आउनुभयो, यो यस्तो थियो कि बाइबल एउटा व्यक्ति बन्यो र हामी मानवसँग हिड्यो ! जब हामीले बाइबल पढ्छौं र विश्वास गर्छौं, यस्तो हुन्छ कि हामी प्रभुसँगै हिडीरहेको छौं, एनोक जस्तै !

म प्रभुलाई खुसी पार्न चाहन्छु, त्यसैले म बाइबलमा विश्वास गर्छु, कि यसमा कुनै त्रुटी छैनन र क्रिश्चियन जीवनको लागि मेरो निर्देशनाको किताब हो ।


## संकल्प ३



"हेर साथी," टेफीले भनिन, "बाइबलमा, यसले भन्छ कि तिमीले आफ्नो अविभावकलाई सम्मान गर्नुपर्छ र भनेको मान्नुपर्छ । यसले यो पनि भन्छ कि तिमीले आफ्नो अधिकारीहरुले भनेको मान्नुपर्छ । र प्रभुको इच्छा थाहा पाउने उत्कृष्ट तरिका भनेको मलाई वा सामाजिक संजालमा सोध्ने होइन, बाइबल पढ्ने हो । त्यहाँ नै प्रभुले भन्नुहुन्छ कि वहाँले तिमीबाट के चाहनुहुन्छ ।"

## गतिविधि ३

**लिडरलाई पछ्याउनुहोस**



यस गतिविधिको लागि, बालबालिकाले जोडीमा काम गर्छन । बाइबलले भन्छ कि इनोक प्रभुसँग हिँडेका थिए, र प्रभु इनोकसँग हिड्नुभएको थियो भन्नुभन्दा यो फरक छ । यदि तपाईं अरु कसैसँग हिड्न चाहनुहुन्छ भने, तपाईंले पछ्याउनु पर्छ, अगाडी बढ्नुपर्छ, वा उनीहरु फर्किदा फर्किनुपर्छ । जोडीमा रहेका बालबालिकामाझ एउटाले अर्कोलाई केहीबेर नेतृत्व गर्न दिनुहोस, त्यसपछि पालो फेरेर अर्कोलाई नेतृत्व गर्न दिनुहोस । याद गर्नुहोस कि कहिलेकाँही कसैलाई पछ्याउन सजिलो छैन, र तपाईं जुनसुकै कुराको लागि सतर्क र तयार रहनुपर्छ ।


## समयरेखा ३

इनोकको लागि रेखा कोर्नुहोस ।


प्रश्न: इनोक जन्मिएका बेलामा एडम कति वर्षका थिए ? जवाफ: ६२२ वर्ष ।

प्रश्न: इनोक कति वर्ष बाँचे ? जवाफ: ३६५ वर्ष ।

## पहेली जवाफ ३



| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ब | सा | ड | थु | न्न | बाँ | सा | लि | सं | प्र |
| च्यो | ह | ल | से | थु | मे | त्य | नो | ए | बाँ |
| र | बाँ | प्र | सं | वि | ब | च्यो | ह | र | को |
| सा | प्र | र | श्वा | सा | ल | नो | न्न | च्यो | लि |
| सं | त्य | स | य | लि | ए | सं | थु | बाँ | ड |
| लि | य | नो | न्न | यो | हि | ड | प्रा | ब | सा |
| ब | ड | च्यो | ल | ड्यो | प्र | य | म | त्य | ज |
| गा | सा | त्य | हि | ज | त्य | ड | बाँ | न्मि | प्र |
| थु | य | प्रा | स | ग | र्नु | भ | यो | सा | ब |
| न्न | सं | ब | प्रा | ड | र | च्यो | भु | प्र | थु |



## प्रश्न तथा जवाफ ३


१. के यो सत्य हो कि प्रभुले बाइबल लेख्नुभएको थियो ? (प्रभुले यो लेख्नुभएको होइन, तर यो लेख्ने मानिसलाई वहाँले विचारहरु दिनुभयो । करिब १५०० वर्ष लगाएर ४० जना मानिसले लेखेका थिए) ।

२. म किन पूर्ण छैन ? (हामीले आफ्नो जीवनको मजा लिऔं भनि प्रभुले कसरी चाहनुभयो, भन्ने बारेमा कुरा गर्नुहोस, त्यसैले वहाँले हामीलाई रोबोट बनाउनु भएन । सबै मानिसले गल्ति गर्छन, तर वहाँले आफुलाई पछ्याउने सबैको मदत गर्नुहुनेछ । आत्म-सम्मान र माया तथा प्रभुको कृपाको बारेमा पनि कुरा गर्नुहोस) ।

३. हामीले कसरी प्रभुलाई खुसी पार्नसक्छौं ? (वहाँलाई हाम्रो मन दिएर, पालना गरेर, र वहाँसँग समय बिताएर) ।

## खेल ३

**पेन्टाटेउच रिले**



कागजको पाँचवटा पानामा, बाइबलको प्रथम पाँच किताब मध्ये एउटा किताबको नाम लेख्नुहोस र तल उल्लेख गरिएका सम्बन्धित चालको चित्रण गर्नुहोस ।

अर्को पानामा “पेन्टाटेउच” लेख्नुहोस । सुरुवातको लाइनलाई रिबनको टुक्रा वा कुर्सीद्वारा चिन्ह लाउनुहोस र “पेन्टाटेउच” पानालाई उदेश्यको रुपमा राख्नुहोस ।

त्यी पाँच वटा पानालाई बाइबल किताबसँगै विभिन्न ठाउँमा राख्नुहोस, तपाईंको क्षेत्रले भ्याएसम्म उदेश्यभन्दा टाढा राख्नुहोस ।

**चालहरु**

- जेनेसिस: अङ्ग तन्काउने ।
- एक्सोडस: स्क्वाट (हावामा बसेको जस्तो शैली) ।
- लेभिटीकस: उफ्रने ।
- नम्बर: घुमाउने ।
- डेउटेरोनोमी: एउटा खुट्टामा उफ्रने ।

**खेल**

- रिले दौड दौडनको लागि २ वटा समुह बनाउनुहोस ।
- प्रत्येक समूहको एउटा विद्यार्थी एउटै समयमा कोर्समा दौडिनछन ।
- प्रत्येक पानामा पुगेपछि, एउटा विद्यार्थीले बाइबल किताबको नाम ठुलो स्वरमा भन्छ, भनिएको चाल गर्दै, प्रत्येक पाठको लागि एकपटक ।
- पेन्टाटेउचको हरेक किताब पुरा गरेपछि, विद्यार्थी दौडेर उदेश्य छुन्छ, र अर्को समूहको सदस्यले सुरु गर्छ ।
- समूहको सदस्यहरुले पहिल्यै पुगीसकिएको किताबभन्दा फरक किताबतर्फ दौडनुपर्छ ।
- पाँचवटै किताबमा पुग्ने र उदेश्य छुने पहिलो समूह विजेता हो ।

बालबालिकाले बाइबलको पहिलो पाँच वटा किताब नपढेसम्म खेल दोहोर्याउनुहोस ।

## उपस्थिति ३




कक्षामा उपस्थिति जनाएकोमा बालबालिकालाई आजको कार्ड दिनुहोस । उनीहरुलाई बधाई दिनुहोस र उनीहरुलाई अर्को कार्ड पाउनलाई अर्को हप्ता आउनको लागि प्रोत्साहन गर्नुहोस जसले गर्दा उनीहरुले हिरोको खेल खेल्न सक्नेछन ! आजको कार्ड हो:
**पेन्टाटेउच**

## गृहकार्य ३

**कार्यभार**

तपाईंको यस हप्ताको कार्य भनेको नयाँ नियममा रहेका केहि कथा पढ्नु र येशू तपाईंसँगै हिड्नुहुनको लागि हेर्नु हो । तपाईंले वहाँलाई पुकारेपछि वहाँले तपाई वा अरुको मदत गर्नुभएको जस्तो लागेको समयको बारेमा लेख्नुहोस । कहिलेकाँही वहाँले हामीलाई

विचारहरु पनि दिनुहुन्छ, त्यसैले तपाईंले येशूले तपाईंलाई दिनुभएको विचारहरु पनि लेख्न सक्नुहुनेछ । विचारहरु बाइबलसँग सहमत भएको कुरा पक्का गर्नको लागि आफ्नो शिक्षकसँग जाँच गर्नुहोस ।

**पढ्नुहोस**

दिन १: जेन ६:९-२२

दिन १: जेन ७:१-१२

दिन ३: जेन ७:१३-२४

दिन ४: जेन ८:१-१२

दिन ५: जेन ८:१३-२२

# ४. प्रभुलाई मान्नुहोस



**हिरो: नोआ**

जेनेसिस ६:९-९:१७, हिब्रु ११:७

## सम्झना पद्य ४

“तर यो वचन पालन गर्ने होओ, आफूलाई धोखा दिंदै सुन्ने मात्र होइन।” याकूब १:२२

## आवश्यकता कथा ४



किपको अविभावकहरु एउटा यात्रामा हुनुहुन्थ्यो, त्यसैले किप आफ्नो आफन्तको घरमा बस्यो । जानुभन्दा अघि, उसको पिताले उसलाई राती बाहिर ननिस्कनको लागि भन्नुभयो, त्यो अलिक डरलाग्दो हुन्छ भनेर । ऊ बाहिर निस्किदैन भन्ने थाहा पाएर वहाँहरु यात्रामा मजा लिन चाहनुहुन्थ्यो । “ठिक छ बुबा, म कहिँ पनि जानेछैन,” किपले वहाँहरुलाई भन्यो । उसको अविभावकहरु जानुभएपछि, त्यसै रात, उसको आफन्तले उसलाई उनीहरुसँगै शहर जानको लागि बोलाए । उसलाई त्यो विचार धेरै राम्रो लाग्यो, त्यसैले उसले उनीहरुसँग जानको लागि कपडा फेर्न थाल्यो । “ठिक छ, जाऔं,” सबैले भने ।

## मुख्य पाठ ४

के तपाईंले कहिल्यै यस्तो केहि भन्नुभएको छ, “मलाई ट्यारेन्टुलादेखि डर लाग्दैन” त्यसपछि तपाईंले एउटा देखेपछि चिच्याउँदै भाग्नुभयो ? अथवा तपाईंले कहिल्यै आफ्नो आमा वा बुबालाई वहाँले भन्नुभएको कुरा गर्छु भन्नुभएको छ, त्यसपछि वहाँहरुलाई नमान्नु भएको छ ? गत साता हामीले प्रभुको वचनमा विश्वास गर्न सिक्यौं, तर त्यसो भन्न र यसले भनेको कुरा पालन नगर्न सजिलो छ ! जेम्स २:२६ ले भन्छ कि हाम्रो विश्वास मृत हुन्छ यदि हामीले त्यसमा कार्य गरेनौ भने । आज हामी एउटा मानिसको बारेमा पढ्न जाँदैछौं जसको विश्वास एकदमै जीवित थियो ।

बाइबलले हामीलाई भन्छ कि प्रभुले एकपटक सम्पूर्ण पृथ्वीलाई बगाउने निर्णय गर्नुभएको थियो किनभने सबै मानिस दुष्ट थिए । प्रभुले नोआ, पृथ्वीको एकमात्र पवित्र व्यक्तिलाई भन्नुभयो, एउटा आर्क (एउटा ठुलो साँच्चैको डुंगा) बनाउनको लागि ।

विभिन्न कारणले गर्दा प्रभुको पालना गर्नु कठिन हुनसक्छ । कहिलेकाँही हामी चाहँदैनौ । बाइबलले नोआले के सोचे भनि भन्दैन, तर म अनुमान गर्दै छु कि उनले पहिले आर्क बनाएका थिएनन् र प्रभुको पालना गर्न उनि परिवर्तन हुनुपर्यो ।

कहिलेकाँही पालना गर्न कठिन हुन्छ किनभने हामीले बुझ्दैनौ । आर्क बनाउनको लागि करीब १०० वर्ष लाग्यो, र नोआले निला आकाश देखेका हुनसक्छ र बाढीको संकेत नदेखेका हुनसक्छ ! एउटा सानो बालकले एक व्यस्त सडकको खतरा नबुझ्नसक्छ, तर उसले आफ्ना अविभावकले भनेको मान्नुपर्छ र यसबाट टाढा रहनुपर्छ । के तपाईंको अविभावकले तपाईंलाई केहिकुरा गर्न भन्नुभएको छ जुन तपाईंले बुझ्नुभएको छैन ?

कहिलेकाँही पालना गर्नु कठिन हुन्छ किनभने हामी मानिसले हाम्रो बारेमा के सोच्छन भनि डराउछौं । के तपाईं कल्पना गर्न सक्नुहुन्छ कि अरुको लागि नोआ कति अजीव देखिन्थे ? तर यदि उनीहरुले भविष्य देखेका भए, उनीहरुले मदत गर्थे र चढ्ने अनुमति माग्थे !

कहिलेकाँही हामी सोच्छौं कि यो असम्भव हुनेछ । प्रभुले नोआलाई प्रत्येक जनावरको एक जोडा डुंगामा ल्याउन भन्नुभयो । बिरालोलाई पानी र डुंगा जस्तो चल्ने वस्तु मनपर्दैन र तिनले सुन्दैनन् ! नोआले बिरालो मात्र ल्याउनु थिएन, तर सिंह र भेंडा र सबै जनावर एकसाथ ल्याउनु थियो !

जे भएतापनि नोआले आज्ञा पालन गरे र आर्क बनाए । त्यसपछि जनावरहरुले पनि प्रभुको आज्ञा पालन गरे र आफै आए ! सारा पृथ्वी १ वर्ष १० दिनको लागि बग्यो, र सबैकुरा सखाप भएको थियो ! बाइबलले भन्छ कि जसले आदेश राख्छ तिनले आफ्नो जीवन राख्छन (प्रोभर्ब १९:१६) । नोआको आज्ञाकारितामार्फत, उनी मात्र बचेका थिएनन्, उनको परिवार र सबै थरीका जनावर पनि बचेका थिए । यदि तपाईंले प्रभुको पालन गर्नुहुन्छ भने, यसले अरुलाई पनि बचाउनसक्छ । अघि हामीले किप नाम गरेको एउटा केटाको बारेमा सुन्यौं । जब ऊ आफ्नो आफन्तहरुसँग बाहिर जान लागेको थियो, उसले आफ्नो अविभावकले भनेका कुरा सम्झियो र आफु नजाने कुरा आफन्तलाई भन्यो ।

प्रभुले पृथ्वीलाई अब कहिल्यै नबगाउने कुराको वाचा गर्नुभयो, इन्द्रेणीलाई एक चिन्ह बनाउदै । हरेकपटक तपाईंले इन्द्रेणी देख्नुहुँदा, प्रभुको वाचाको बारेमा सोच्नुहोस र तपाईंले कसरी नोआ जस्तै गरि प्रभुको पालना गर्न सक्नुहुन्छ भनि सोच्नुहोस ।

मैले प्रभुको पालना गर्ने छनोट गरें किनभने यो गर्नु उचित छ ।

## संकल्प ४



तर जानुभन्दा अघि, किपले आफ्नो पिताको वचन सम्झियो, र आफन्तलाई आफु नजाने कुरा भन्यो । किपले आफ्नो अविभावकको आज्ञा पालन गर्ने निर्णय गर्यो ।

## गतिविधि ४

**नोआले भन्छन**

"नोआले भन्छन" भन्ने एउटा गतिविधि गरौं जसमा बालबालिकाले नोआको आज्ञा पालना गर्नुपर्छ । (यो "सिमोनले भन्छन" भन्ने परिचित खेल जस्तै हो) नोआ सहभागीको अगाडी उभिन्छन, त्यसपछि विभिन्न कार्य गर्नको लागि आदेश दिन्छन । यदि नोआले भने, "नोआले भनेको, 'माथि र तल उफ्र'," बालबालिकाले त्यसो गर्नैपर्छ । यदि उनले पहिला "नोआले भनेको" नभनिकन "माथि र तल उफ्र" भनेमा बालबालिकाले केहि गर्नुपर्दैन । नोआको आदेश पालन गर्न नसक्ने वा "नोआले भनेको" नसुनीकन चल्ने खेलाडी अयोग्य हुन्छ । एउटा बालक बाँकी भएपछि वा सबै बालबालिका अयोग्य भएपछि खेल समाप्त हुन्छ ।





## समयरेखा ४

नोआको जीवनको लागि रेखा कोर्नुहोस ।
प्रश्न: इनोकको जन्मदेखि नोआको जन्मसम्ममा कति वर्ष बित्यो ? जवाफ: ४३४ वर्ष ।
प्रश्न: नोआ कति वर्ष बाँचे ? जवाफ: ९५० वर्ष ।

## पहेली जवाफ ४

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| यो | ह | नो | म्मा | र्नु | ढी | णी | प्र | णी | बा |
| ढी | रु | ह | र | व | ना | ज | न्द्रे | वा | व |
| प्र | बा | हा | व | वा | ज | इ | यो | ढी | त |
| आ | र्नु | यो | पा | भ | रि | ग | र्नु | णी | नि |
| दे | र्क | प | त्र | र्नु | वा | प | भु | प्र | म्मा |
| श | म्मा | ढी | चा | रि | ढी | ज | प्र | हा | स |
| दि | वा | बा | भ | बा | श | बा | मी | पृ | ज |
| नु | मी | हा | यो | नु | व | र | त्र | भ | थ्वी |
| हा | ज | वि | श्वा | श | ग | र्नु | भ | यो | वा |
| णी | ढी | प्र | बा | मा | त्र | व | म्मा | र्नु | ढी |





## प्रश्न तथा जवाफ ४


१. मलाई किन जहिल्यै अविभावकले के गर्ने भनि भन्नुहुन्छ ? (किनभने वहाँहरुले तिमीलाई धेरै माया गर्नुहुन्छ र तिम्रो लागि राम्रो कुरा चाहनुहुन्छ । यो तथ्य छलफल गर्दा पनि राम्रो हुन्छ कि अविभावक मानिस हुन र गल्ती गर्छन) ।

२. प्रभुको आज्ञा पालना नगर्नुले मलाई चर्चित र फेसनेबल बनाउछ भने के हुन्छ ? (यस सम्बन्धि विभिन्न परिस्थितिको कुरा गर्नुहोस । आफ्नो विद्यार्थीलाई जानकारी दिन मदत गर्नुहोस कि त्यस्तो समय आउनेछ जुनबेला उनीहरुले प्रभुको आज्ञा पालना गर्ने वा चर्चित हुने भन्ने कुराको निर्णय लिनुपर्छ ) ।

३. के म पछि सधैं खुसीसाथ बाँच्नेछु ? (बाल्यकालको लघुकथा, वस्तुको खुसी, पृथ्वीमा राम्रो जीवन कस्तो हुन्छ, अनन्तकालसम्म खुसी हुनु कस्तो हुन्छ भनि छलफल गर्नुहोस) ।


## खेल ४

**राजा र रानीले सोधे !**



- राजा र रानीको भूमिका निर्वाह गर्नको लागि दुई बालबालिका छान्नुहोस ।
- अन्य बालबालिकाको अगाडी उनीहरुलाई आफ्नो राज गद्दी जस्तै गरि दुईवटा कुर्सीमा बस्न दिनुहोस ।
- उनीहरु तयार भएपछि, शिक्षकले रानीलाई सोध्छन, "तपाईं के चाहनुहुन्छ"?
- रानीले कोठामा केहि कुराको माग गर्छिन, र सबै बालबालिका उक्त वस्तु ल्याउनको लागि दौडनछन, केटीहरु रानीको लागि, र केटाहरु राजाको लागि ।
- त्यसपछि शिक्षकले राजालाई वहाँ के चाहनुहुन्छ भनि सोध्छन, र विद्यार्थीले आफ्नो राजा वा रानीको लागि माग गरिएको वस्तु ल्याउने कोसिस गर्छन ।
- छुट्टाइएको समयसम्म खेल जारी राख्नुहोस ।
- छिटो, थप सम्मान गर्ने, आज्ञाकारी, इत्यादी हुने समुह नै विजेता हुन्छ ।

## उपस्थिति ४




कक्षामा उपस्थिति जनाएकोमा बालबालिकालाई आजको कार्ड दिनुहोस । उनीहरुलाई बधाई दिनुहोस र उनीहरुलाई अर्को कार्ड पाउनलाई अर्को हप्ता आउनको लागि प्रोत्साहन गर्नुहोस जसले गर्दा उनीहरुले हिरोको खेल खेल्न सक्नेछन ! आजको कार्ड हो:

**नोआ**

## गृहकार्य ४

**कार्यभार**

यस साताको तपाईंको कार्य भनेको तपाईंले एकपटक वा बढी गर्न खोज्नुभएको कुरा लेख्नु हो जुन प्रभुले तपाईंलाइ नगर्न चाहनुहुन्थ्यो, तर यद्यपि तपाईंले प्रभुलाई पछ्याउने निर्णय गर्नुभयो ।

**पढ्नुहोस**

दिन १: जेन १५:१-६
दिन २: जेन १५:७-२१
दिन ३: जेन २१:१-६
दिन ४: जेन २२:१-१०
दिन ५: जेन २२:११-१९

# ५. परीक्षामा उत्तीर्ण हुनुहोस



**हिरो: अब्राहम**

जेनेसिस १२:१-७, १५:१-६. २१:१-३,२२:१-१९, हिब्रु ११:८-१९

## सम्झना पद्य ५

"जाँचको बेलामा टिक्न सक्ने मानिस नै धन्यको हो। दुःखमा स्थिर रहनेले नै परमेश्वरलाई प्रेम गर्नेहरूका लागि उहाँले प्रतिज्ञा गर्नुभएको जीवनको मुकुट पाउनेछ।" याकूब १:१२

## आवश्यकता कथा ५



यो एकदमै महत्वपूर्ण परीक्षा थियो । सबैजना यस परीक्षाको लागि तयार हुनुपर्थ्यो, किनभने उनीहरुले ज्ञान ओलम्पिकमा को जानेछ भनि छनोट गर्नको लागि नतिजा हेर्नेथिए । त्यसैले गर्दा पेप्पीले पुरा दिन बाहिर खेल्न नगईकन पढेर बिताईन - उनी पहिलो स्थान हाँसिल गर्न चाहन्थिन । अपेक्षित दिन आइपुगेको छ । सबैजना तयार थिए, आ-आफ्नो तिखारिएको सिसाकलमको साथमा आफ्नो सिटमा बसेर । शिक्षक आइपुग्नुभयो र उनीहरुलाई परीक्षा दिनुभयो । पेप्पीको आश्चर्यको लागि, परिक्षाको विषय उनीले पढेको विषयभन्दा फरक थियो ।

## मुख्य पाठ ५

हाम्रो विश्वासका पिता भनिने मानिसको बारेमा केहि सिकौं । एकदिन प्रभुले अब्राहमलाई आफ्नो पिताको शहर छोडेर प्रभुलाई पछ्याउनको लागि बोलाउनुभयो, र अब्राहमले माने । अब्राहम र उनको पत्नीले बच्चा पाउन सकेनन । जीवनको महत्वपूर्ण पल मध्ये एकमा, प्रभुले उनलाई वाचा गर्नुभयो कि उनी बुढो भएतापनि उनको एउटा बच्चा हुनेछ । त्यतिमात्र होइन, उनको सन्तानहरु एउटा ठुलो राष्ट्र बन्नेछन र उनीमार्फत सारा संसारले आशिर्वाद पाउनेछ ! अब्राहमले प्रभुमा विश्वास गरे र प्रभुले यसलाई पवित्रता भन्नुभयो ।

वर्षौंपछि, अब्राहम र साराको आइज्याक नाम गरेको एउटा बालक भयो । त्यसको वर्षौंपछि, प्रभुले अब्राहमलाई आफ्नै छोरा त्याग गर्न भन्नुभयो, उनको मुल्यवान सानो बालक जसलाई उनले धैरै माया गरे र जुन अब्राहमलाई गरिएको प्रभुको वाचा थियो ! प्रभुको मस्तिष्कमा आइज्याकलाई बचाउने थियो, तर वहाँले अझै अब्राहमलाई भन्नुभएन । प्रभुले अब्राहमले उसलाई कति माया गर्छन भनि हेर्नको लागि प्रतिक्षा गर्नुभयो ।

कहिलेकाँही हाम्रो जीवनको लागि प्रभुसँग ठुला योजनाहरु हुन्छन, तर त्यी सपना सावित हुनुअघि एउटा परीक्षा आउँछ । प्रभुले जान्न चाहनुहुन्छ कि हामीले वहाँलाई कति माया गर्छौं । प्रभुले आज तपाईंलाई के सोध्दै हुनुहुन्छ ? कहिलेकाँही यो केहि गलत कुरा हो जुन तपाईंले परिवर्तन गर्नुपर्छ जस्तै एउटा खराब बानी, खराब संगत रहेको साथी, ढाँटने वा चोर्ने, अथवा आफ्नो आमाको लागि घरधन्दा राख्ने । यद्यपि, यो सधैं खराब हुँदैन । अब्राहमको बालक आइज्याक खराब थिएन । कहिलेकाँही राम्रो कुराले पनि प्रभुप्रतिको तपाईंको मायासँग चुनौती दिन्छ । केहि मानिसको लागि, प्रभुले उनीहरुलाई उच्च शिक्षा छोड्नको लागि भन्दै हुनुहुन्छ किनभने उनीहरु एउटा महत्वपूर्ण शिर्षक चाहन्छन, अन्यको लागि उनीहरुले नचाहेपनि उच्च शिक्षा जारी राख्नु हो । यो एउटा सांगीतिक साधन, एउटा क्रस (आफुले मनपराएको मान्छे), वा एउटा मनपर्ने कार्टुन हुनसक्छ । थुप्रै क्रिस्चियनहरु केहिकुरा त्याग्न

चाहँदैनन, र उनीहरु आफ्नो विश्वासमा अड्किन्छन, र बढ्न रोकिन्छन, जस्तै पेप्पी जसले परीक्षाको लागि गलत विषय पढिन । जब प्रभु वा अर्को केहि कुरा छान्ने पल तपाईंको लागि आउँछ, तपाईंले कुन छान्नुहुन्छ ?

यो अत्यन्त कठिन कुरामा अब्राहमले प्रभुको पालना गर्ने छनोट गरे । उनी आइज्याकसँगै हिमालको टुप्पोसम्म हिँडे, उनलाई बाँधे, र उनलाई एउटा अल्टारमा राखे । जब अब्राहमले आइज्याकलाई एउटा छुरीले मार्न लागेका थिए, प्रभुले उनलाई रोक्नुभयो ! प्रभुले उनलाई नजिकै झाडीमा जालमा परेको एउटा भेंडा देखाउनुभयो र त्यो प्रस्ताव गर्नुभयो । तर यो प्रष्टै थियो कि अब्राहमले प्रभुलाई संसारमा अरु कुराभन्दा धेरै माया गर्थे ।

प्रभुले त्यस्तै केहि कुरा गर्नुभयो जब वहाँले आफ्नै पुत्र येशू ख्रीष्टलाई हाम्रो ठाउँमा मर्नको लागि पठाउनुभएको थियो । येशूले त्यो सबै कुरामा भन्नुभयो, हामीले अरुलाई त्यहि गर्नुपर्छ, जुन अरुले आफुलाई गरेको चाहन्छौं (म्याथ्यु ७:१२), त्यसपछि वहाँले आफ्नो जीवन दिँदै आफ्नो वचन लागु गर्नुभयो । प्रभुले आफुसँग भएको सबैकुरा हामीलाई दिनुभयो, र वहाँले हामीले पनि वहाँको लागि त्यसै गर्न माग गर्नुभयो ।

म प्रभुलाई संसारको जुनसुकै कुराभन्दा पनि बढी माया गर्छु, र वहाँले मसँग जे कुरा माग्नु भएपनि मैले दिने छनोट गरें ।


## संकल्प ५



परीक्षा दिनेबेलामा उनी एकदमै निरास भईन । सबैले सकेपछि शिक्षकले परीक्षाको समिक्षा गर्नुभयो र उनीहरुलाई नतिजा दिनुभयो । पेप्पीबाहेक सबैजनाले परीक्षा उत्तीर्ण गरे । उनको सबै समकक्षीहरुले त्यो थाहा पाएपछि उनको मजाक उडाए । पेप्पी एकदम दुखी थिईन ।

## गतिविधि ५

**पप हाजिरीजवाफ**



यस गतिविधि विद्यार्थीले के चाहन्छन भनि पत्ता लगाउनको लागि हुनेछ, पृथ्वीको वा आध्यात्मिक कुराहरु । कक्षा अवधिमा तिन पप हाजिरीजवाफ हुनेछन भनि बालबालिकालाई भन्नुहोस; उनीहरुलाई आफु कहाँ छु भन्ने कुरा थाहा हुँदैन ।

हाजिरीजवाफहरु

१. कक्षाकोठामा सिक्काहरु बालबालिकाले देख्ने र पहुँच पुग्ने ठाउँमा छोड्नुहोस् । कक्षा अवधिमा, यदि कसैले त्यी सिक्का लिन्छन वा सिक्का देखेपछि के गर्छन हेर्नुहोस । यदि बालबालिकाले सिक्का लिएनन भने परीक्षा उत्तीर्ण गर्छन ।

२. सत्कार ल्याउनुहोस, प्रत्येक बालबालिकाको लागि एउटा, तर तिनीहरु समान नरहेको पक्का गर्नुहोस । अन्यभन्दा केहि राम्रा रहुन । विद्यार्थीहरुलाई सबैको लागि सत्कार रहेको कुरा भन्नुहोस र आफ्नो सत्कारको लागि एक एक गरेर अगाडी आउन भन्नुहोस । यदि कुनै बालकले राम्रो सत्कार लिएन भने ऊ उत्तीर्ण हुनेछ ।

३. उनीहरुलाई सेवा गर्ने मौका दिनुहोस । बालबालिकालाई कक्षा पश्चात कक्षाकोठा सफा गर्नको लागि मदत गर्न भन्नुहोस । राम्रोसँग सफा गर्ने बालक उत्तीर्ण हुन्छ ।

सार: सबै तिनवटा परीक्षा पश्चात, घटना के थियो, को-को उत्तीर्ण भयो भनि बालबालिकालाई भन्नुहोस र किन भनि व्याख्या गर्नुहोस ।.


## समयरेखा ५

अब्राहमको जीवनको लागि रेखा कोर्नुहोस ।

प्रश्न: अब्राहम जन्मदा नोआ कति वर्षका थिए ? जवाफ: ८९० वर्ष ।

प्रश्न: अब्राहम कति वर्ष बाँचे ? जवाफ १७५ वर्ष ।

## जवाफ ५




| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ल | ह | र्ण | न्नु | परि | र्य | श्च | आ | परि |
| फ | न | स | शा | नु | अ | क्षा | अ | स |
| स | न | व | लि | ध्या | फ | ह | ध्य | क्षा |
| अ | स | क्षा | त्मि | री | न | व | य | परि |
| ई | री | क | भु | प्र | जी | व | न | न |
| प | परि | ई | ह | भु | र्ण | न्नु | क्षा | र्ण |
| जा | क्षा | क्षा | पा | भु | स | अ | पू | ई |
| फ | न्नु | प्र | ल | त | ई | त्व | शा | र्ण |
| र्ण | क्रि | स्चि | य | न | ह | रु | हा | व |
| शा | ह | स | न | म | क्षा | परि | भु | मी |



## प्रश्न तथा जवाफ ५

१. यदि कसैले तपाईंले भन्दा राम्रो गरेर तपाईंको स्थान वा केहि राम्रो कुरा लिएभने तपाईंले के गर्नुहुनेछ ? (छलफल गर्नुहोस कि तपाईंले कसरी प्रभुको मदत माग्न सक्नुहुन्छ, नराम्रो हुनको लागि होइन, तर अर्को व्यक्ति वा शिक्षकलाई माफी दिनको लागि । र अर्को मौकाको लागि तपाईं कसरी पढ्न वा मिहिनेत गर्नको लागि सक्षम हुन सक्नुहुन्छ भनि छलफल पनि गर्नुहोस) ।

२. प्रभुबाट लिईएको तपाईंको अन्तिम परीक्षा के थियो ? (उनीहरु साना वा ठुला बालबालिका जे भएतापनि, उनीहरु सबैले त्यो समय पार गरे होला जब उनीहरु पक्का थिए कि प्रभुले उनीहरुलाई मदत वा चुनौती दिनुभयो । उनीहरुलाई एउटा क्षण बाँड्नको

लागि मौका दिनुहोस, यस पाठ्यक्रमकी लेखिका, क्रिस्टिनाको जीवनको एउटा उदाहरण: म सानो हुँदाको साना परीक्षाहरु म याद गर्छु । एकपटक मैले प्रभुसँग म कुनैपनि नाचमा जान्न भनेर वाचा गरें । मैले सोचे कि त्यसो गर्न एकदम सरल हुनेछ, तर त्यसपछि मेरो चर्चमा नाच भयो ! क्या अचम्म ! मेरो वाचा राख्न र एउटा क्रिश्चियन कार्यक्रममा नजान कठिन थियो) ।

३. हामीले हाम्रो आध्यात्मिक जीवनमा कसरी राम्रो अंक पाउन सक्छौं ? (यहाँ हामीले हाम्रो विद्यार्थीहरुलाई फारसी नबन्न प्रशिक्षण दिनको लागि एकदम सावधान हुनुपर्छ, "धार्मिक" कार्यमात्र गर्नको लागि ताकी अरुले देख्न सक्नेछन । उनीहरुलाई धार्मिक बन्ने र येशूलाई मनदेखि पछ्याउने बिचको भिन्नता हेर्न मदत गर्नुहोस । के तपाईंले गरेको कुरामात्र मानिसले देख्न सक्छन ? म यसो गर्दैछु किनभने मलाई लाग्छ कि प्रभुले चाहनुहुन्छ, यदि कसैले नदेखे पनि ?)

## खेल ५

**वस्तु अनुमान गर्नुहोस**



- विभिन्न वस्तुहरु जम्मा गर्नुहोस (फुल, कलम, टाँक, बल, बाण, झुम्का, इत्यादी) ।
- बालबालिकाको आँखामा पट्टि बाँध्नुहोस् र उनीहरुलाई प्रत्येक वस्तु सुँघेर, छामेर, आदि गरेर त्यो के हो अनुमान गर्न दिनुहोस ।
- तपाईंले बालबालिकालाई समूहमा राख्न सक्नुहुन्छ, त्यसपछि वस्तुहरुलाई झोलामा राख्नुहोस र त्यसलाई प्रत्येक समूहमा दिनुहोस, बालबालिकालाई वस्तु छाम्न दिएर र उनीहरुले सकेजति अनुमान गर्न दिएर ।

## उपस्थिति ५




कक्षामा उपस्थिति जनाएकोमा बालबालिकालाई आजको कार्ड दिनुहोस । उनीहरुलाई बधाई दिनुहोस र उनीहरुलाई अर्को कार्ड पाउनलाई अर्को हप्ता आउनको लागि प्रोत्साहन गर्नुहोस जसले गर्दा उनीहरुले हिरोको खेल खेल्न सक्नेछन ! आजको कार्ड हो:
**अब्राहम**

## गृहकार्य ५


### कार्यभार

तपाईंको यस साताको कार्य भनेको आफ्नो सपनाको बारेमा लेख्नु हो, त्यी कुराहरु जुन तपाईंले आफ्नो जीवनमा गर्नसक्ने आशा राख्नुभएको छ । ठुला सपना बोक्न नडराउनुहोस । त्यी तपाईंलाई मनपर्ने कुरा हुन सक्छन, जस्तै अन्तरिक्षयात्री, पौडीवाज, आर्मी, डाक्टर, व्यापारी बन्ने । ठुलो सपना देख्नुहोस - तपाईंको प्रभु ठुलो हुनुहुन्छ । त्यसपछि प्रभुलाई सोध्नुहोस यदि त्यहाँ केहि कुरा छन कि भनेर जुन तपाईंले वहाँको लागि त्याग्नुपर्छ, यसको लागि आफ्नो शिक्षकलाई सोध्नुहोस, त्यसपछि यसलाई यसै साता गर्नुहोस ।

**पढ्नुहोस**

दिन १: जेन २५:१९-२६
दिन २: जेन २५:२७-३४
दिन ३: जेन २७:१-१७
दिन ४: जेन २७:१८-२९
दिन ५: जेन २७:३०-४५

# ६. आध्यात्मलाई मूल्य दिनुहोस



**हिरो: आइज्याक**

जेनेसिस २५:१९-३४, २७:१-४०, हिब्रु ११:२०

## सम्झना पद्य ६

"मानिसले संसारलाई नै हात पारे पनि आफ्नो आत्माचाहिँ गुमायो भने उसलाई के फाइदा भयो र?" मर्कूस ८:३६

## आवश्यकता कथा ६



यो निकै छिटो थियो जब बजकी आमाले उसलाई हजुरआमाको घरमा गएर एक कप चिनी माग्न भन्नुभयो । ऊ उठ्यो र हजुरआमाको घरमा गयो । उसले सबैभन्दा पहिले टेबुलमा एउटा सिक्का देख्यो । उसले ठुलो स्वरमा भन्यो: "हजुरआमा, हजुरआमा," र वहाँ बोल्नुभएन । बजले सोच्यो कि उसलाई कसैले देख्दैन, र मसँग त्यो सिक्का भयो भने, कसैले पनि मेरो मजाक उडाउदैनन किनभने मैले क्यान्डी किन्न सक्छु । म यो लिन्छु, र कसैले थाहा पाउँदैन । केहि मिनेटपछि उसको हजुरआमा आउनुभयो र उसलाई चिनीको कप दिनुभयो ।

## मुख्य पाठ ६

गत साता हामीले परीक्षा उत्तीर्ण हुन सिक्यौं । आज हामीले भौतिक कुराभन्दा आध्यात्मिक कुरालाई निरन्तर मूल्य दिनको लागि सिक्ने छौं ।

अब्राहमका छोरा आइज्याक ठुलो भए र उनको आफ्नै परिवार भयो । आफ्नो लागि आफैले पत्नी छान्नुको सट्टामा उनले आफ्नो पितालाई आफ्नो लागि पति छान्न दिए (जेनिसिस २४) । त्यसपछि आइज्याक र उनकी पत्नी रेबेकाको जुम्ल्याहा बच्चा भयो, इसाउ र ज्याकोब ।

एकदिन इसाउ सिकार गरेर घर आए र एकदम भोकाएका थिए कि उनी मर्छन जस्तै ठाने ! उनले केहिकुरा यसरी खोतले कि उनले त्यसको लागि जे पनि त्याग्ने थिए ! के तपाईंले केहि कुरा यस्तो गरी चाहनुभएको छ कि तपाईंले त्यसको लागि जे पनि गर्नुहुनेछ ? ज्याकोबले इसाउलाई झुक्याउने निर्णय गरे । उनले इसाउलाई आफ्नो जन्म अधिकारको बदलामा केहि खानेकुरा दिने कुरा भने, र इसाउ त्यसमा राजी भए ! उनले एक कचौरा सुपको लागि आफ्नो सम्पूर्ण जीवन साटे !!

त्यी दिनहरुमा पिताले आफु मर्नुअघि आफ्ना छोराहरुलाई आशिर्वाद दिनुहुन्थ्यो । आइज्याक बुढो भए र आँखाको दृष्टि गुमाए र इसाउलाई आशिर्वाद दिने योजना गरे । तर ज्याकोबले आफ्नी आमाको सुझाव पछ्याए, इसाउ जस्तै भेष गरे र छल गरेर आशिर्वाद लिए ! इसाउले सोचे कि एक कचौरा सुपले त्यति फरक पार्दैन, तर जब उनले आफ्नो जन्म अधिकार फिर्ता चाहे, उनले त्यो पाएनन ! उनले सधैंको लागि त्यो गुमाए !

अईज्याकले आध्यात्मिक कुराहरुको मूल्य राखे । उनले प्रभुको वचनमा विश्वास राखे कि उनको पुस्ताले जमिनको स्वामित्व पाउनेछन, र उनले ज्याकोबलाई त्यी वाचाको आशिर्वाद दिए ।

प्रभुसँग हामी प्रत्येकको लागि एउटा जन्म अधिकार, एउटा योजना र आशिर्वाद हुन्छ । तर यदि हामी सावधान भएनौ भने, हामीले उक्त योजनालाई हाम्रो छनोटसँग साट्न सक्छौं ! यस्तो गर्ने एउटा तरिका भनेको पाप गर्नु हो । जब तपाईंले झुट बोल्नुहुन्छ र आफुले ल्याएको भन्दा बढी अंक कमाएको भन्नुहुन्छ, तपाईं छोटो समयको लागि राम्रो देखिन सक्नुहुन्छ, तर

तपाईंले आफ्नो विश्वसनीयता गुमाउनुभयो ! पहिले, बजले आफ्नी हजुरमाको सिक्का लिने योजना बुनेको थियो, तर पेप्पी घरमा पसिन र बचाइन ! उनले भनिन कि एउटा सिक्का भन्दा उसको आत्मा धेरै मुल्यवान छ, र उसले सिक्का त्यहि राखिदियो ।

जब तपाईं बुढो हुनुहुन्छ, यो अझ खतरनाक हुन्छ । धेरै क्रिश्चियनहरुले देखावटी वा हैसियत हेरेर विवाह गर्छन, उक्त व्यक्तिको मन नहेरी । त्यसपछि, जब उनीहरुले प्रभुको सेवा गर्न चाहन्छन, उनीहरुको आफ्नै पति/पत्नीले विरोध गर्छन । र कसलाई विवाह गर्ने भन्ने निर्णय स्थायी हुन्छ ! इसाउले एक महिलासँग विवाह गरे जसले आइज्याक र रेबेकालाई रीस उठाईन (जेनेसिस २७:४६) । त्यसको बदलामा, आइज्याक र पछि उनको छोरा ज्याकोब दुबैले पति/पत्नी छान्ने बेलामा आध्यात्मिक कुरालाई महत्व दिए ।

येशूले भन्नुभयो कि यो जीवनको चिन्ता र सम्पतिको लोभले तपाईंलाई दानी हुनबाट, आफ्नो जन्म अधिकार प्राप्त गर्नुबाट रोक्छ (म्याथ्यु १३:२२) । आफुले आफ्नो जन्म अधिकार कुनैपनि कुरासँग नसाट्ने पक्का गर्नुहोस, तपाईंलाई त्यो कुरा जति चाहिएको भएपनि ।

मैले जीवनको भौतिक कुराभन्दा आध्यात्मिक कुराहरुलाई मान्यता दिने छनोट गरें ।

## संकल्प ६



त्यो पलमा, पेप्पी घरमा पसिन र उक्त दिन बचाइन ! उनले बजलाई भनिन, तिम्रो आत्मा त्यो सिक्का भन्दा धेरै किम्ती छ ! बजले आफुले के गर्दै थियो भन्ने कुरा महसुस गर्यो, र तुरुन्तै सिक्का फिर्ता गर्यो, आफ्नो साथी पेप्पीलाई धन्यवाद दिँदै ।

## गतिविधि ६

**निर्णय स्मृतिचिन्ह**




यस गतिविधिमा, बालबालिकाले एउटा सेफ्टी पिनमा रिबनको टुक्रा कस्नेछन र यसको प्रयोग आफुले साताभरि लिने महत्वपुर्ण निर्णयहरु सम्झनको लागि गर्नेछन । रिबनलाई बाहिर पहिरनमा बाँध्न सकिन्छ । प्रभुले उनीहरुलाई आध्यात्मिक छनोटहरु गर्नको लागि सम्झना दिलाउनहुनेछ भनि सँगै प्रार्थना गर्नुहोस ।


## समयरेखा ६

आइज्याकको जीवनको लागि रेखा कोर्नुहोस ।
प्रश्न: आइज्याक जन्मँदा अब्राहम कति वर्षका थिए ? जवाफ: १०० वर्ष ।
प्रश्न: आइज्याक कति वर्ष बाँचे ? जवाफ १८० वर्ष ।

## पहेली जवाफ ६

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| न | ल | पा | ब | इ | क्षा | ति | प्र | ल |
| इ | न्नु | री | दा | वि | रा | स | त | ब |
| हो | सा | ध्या | शा | सा | दा | हो | इ | दा |
| प्र | हो | उ | वि | ल | स | न्नु | प्र | क |
| इ | न्धो | क | इ | क्षा | द | छा | री | रि |
| अ | ल | ज्या | जु | र्वा | ब | शि | शा | री |
| ब | री | ई | शि | हो | न्नु | ज्या | सा | शा |
| शा | शि | आ | ध्या | त्मि | क | ल | को | ध्या |
| दा | ई | भा | जु | दा | प्र | ब | री | ब |





## प्रश्न तथा जवाफ ६


१. केहि उदाहरण के के हुन् जसले देखाउँछन कि हामीले भौतिक संसारभन्दा आध्यात्मिक संसारलाई मूल्य दिन्छौं ? (विद्यार्थीहरुलाई केहि विचारहरु छलफल गर्न दिनुहोस: साथि, काम, चर्चा, चर्चमा सेवा, इत्यादी)

२. यदि सहि देखिने कुरा तपाईंलाई मनपरेन भने के गर्ने ? (विद्यार्थीहरुलाई उनीहरुको अनुभव भन्ने समय दिनुहोस) ।

३. यदि सहभागी नहुने म मात्र भएँभने के गर्ने ? (जब कोहि नहुँदा सहि काम गर्न कति कठिन छ भनि उनीहरुलाई कुरा गर्ने मौका दिनुहोस । विशेष परिस्थितिहरुको बारेमा कुरा गर्नुहोस) ।

## खेल ६

**राम्रो र नराम्रो**



राम्रो र नराम्रो बुझ्नु बालबालिकाको लागि कठिन हुन्छ । यस खेलमा, हामीले आध्यात्मिक मूल्यको प्रतिनिधित्व गर्ने केहिकुरा जान्ने अभ्यास गर्नेछौं ।

दुईवटा भाँडाहरुमा आधा हुनेगरि चामल भर्नुहोस, प्रत्येक भाँडामा १५ वटा साना सेफ्टी पिन राख्दै । (सबै पिन राम्ररी बन्द गरिएको पक्का गर्नुहोस) । चामल र सेफ्टी पिनलाई मिसाउनुहोस । दुईवटा समूह बनाउनुहोस । प्रत्येक समूहबाट एउटा बालकको आँखामा पट्टि बाँध्नुहोस ।

जब शिक्षकले भन्नुहुन्छ, "जाउ," त्यी आँखामा पट्टि बाँधिएका दुई बालबालिकाले आफ्नो हातले सेफ्टी पिनहरु पत्ता लगाउन खोज्छन, नहेर्दै, र सम्भव भएसम्म धेरै भेट्ने कोसिस गर्छन । उनीहरुले थाहा पाउनेछन कि आफ्नो हातले मात्र छामेर चामल र सेफ्टी पिन बिचको भिन्नता थाहा पाउनु कठिन छ । खेलको लागि केहि समय लिनुहोस र प्रत्येक बालबालिकाको सेफ्टी पिन गन्नुहोस, धेरै सेफ्टी पिन हुने समूहले जित्नेछ ।

## उपस्थिति ६




कक्षामा उपस्थिति जनाएकोमा बालबालिकालाई आजको कार्ड दिनुहोस । उनीहरुलाई बधाई दिनुहोस र उनीहरुलाई अर्को कार्ड पाउनलाई अर्को हप्ता आउनको लागि प्रोत्साहन गर्नुहोस जसले गर्दा उनीहरुले हिरोको खेल खेल्न सक्नेछन ! आजको कार्ड हो:
**आइज्याक**

## गृहकार्य ६

**कार्यभार**

तपाईंको यस साताको कार्य भनेको आफ्नो जन्मअधिकारको बारेमा लेख्नु हो, तपाईंले बनाउन सक्ने जीवनको बारेमा । पहिला, आफ्नो परिवारको जन्मअधिकार केहिपनि होइन भनि नसोच्नुहोस । यसको धेरै मूल्य हुन्छ । यो एक मेकानिक, इन्जीनियर, वा नर्स जेको रुपमा पनि हुनसक्छ । तपाईंले आफ्नो छिमेकमा वा आफ्नो देशमा फरक पार्न सक्नुहुन्छ । तर आफ्नो आध्यात्मिक जन्मअधिकारको बारेमा पनि लेख्नुहोस । तपाईं प्रभुको सन्तान हुनुहुन्छ र वहाँको शक्तिशाली परिवारको हुनुहुन्छ । प्रभुले तपाईंलाई विभिन्न सीप तथा चाहना दिनुभएको छ, र वहाँले आफ्नो आध्यात्मिक परिवारमा तपाईंलाई सफलता दिलाउनको लागि तिनीहरुमा काम गर्न सक्नुहुन्छ । तपाईंले आफ्नो शिक्षकलाई यो देखाउन सक्नुहुन्छ, तर तपाईंले देखाउनुपर्दैन । तपाईंको मुटु प्रभुको लागि मुल्यवान छ ।

**Read पढ्नुहोस**

दिन १: जेन २८:१०-१५

दिन २: जेन २८:१६-२२

दिन ३: जेन ३२:१-८

दिन ४: जेन ३२:२२-२७

दिन ५: जेन ३२:२८-३२

# ७. प्रभुको आशिर्वाद



**हिरो: ज्याकोब**

जेनेसिस २७:४१-२८:२, २८:१०-१५, २८:२०-२२, ३१:३-१३, ३१:२२-२४, ३२:९-१२, :३२:२२-३०, :३३:१-११, ३५:१-५, हिब्रु ११:२१

## मेमोरी पद्य ७

“यो सुनेर येशूले भन्नुभयो, “बरु परमेश्वरको शिक्षा सुनेर पालन गर्नेहरू पो धन्य हुन्!”" लूका ११:२८

## आवश्यकता कथा ७



कोमेटको एउटा साथी थियो जसले उसलाई सधैं पार्टीहरुमा बोलाइरहन्थ्यो, तर एकदिन उसले देख्यो कि पार्टीमा रहेका सबै बालबालिकाले नराम्रो व्यवहार गर्थे । उसलाई पार्टीमा राम्रो महसुस भएन । उसलाई थाहा थियो कि बालबालिकाले खराब व्यवहार गर्दा प्रभुलाई नराम्रो लाग्थ्यो । त्यसपछि एउटा विदाको दिनमा, उसको साथीले उसलाई अर्को पार्टीमा बोलायो र भन्यो कि त्यो पार्टी उत्कृष्ट हुनेछ । कोमेटलाई साँच्चै जान मन थियो, तर ऊ कठोर थियो र "नाइँ" भन्यो । जब उसको साथीले त्यो सुन्यो, उसले भन्यो: "यदि तिमी मसँग गएनौ भने म कहिल्यै तिमीसँग बोल्नेछैन । तिमीले आफ्नो मिल्ने साथी गुमाउनेछौ ।" त्यस कुराले कोमेटलाई धेरै दुखि बनायो । उसलाई के गर्ने भन्ने थाहा थिएन । उसलाई थाहा थियो कि पार्टीमा जानु गलत हो, तर उसले आफ्नो साथी गुमाउन चाहँदैन थियो ।

## मुख्य पाठ ७

जीवनमा हामीसँग वस्तु (भौतिक) वा प्रभुको आशिर्वाद (अध्यात्मिक) को लागि लड्ने छनोट हुन्छ । इसाउको जन्मअधिकार लिएपछि, ज्याकोब भागे किनभने उनले सोचे कि इसाउले उनलाई मार्नेछन (शारीरिक), तर उनले आफ्नो अविभावकलाई मान्दै प्रभुको आशिर्वादलाई पनि जारी राखेका थिए (अध्यात्मिक) । जाँदै गर्दा, बाइबलले भन्छ कि उनको एकमात्र ताकत भनेको एउटा स्टाफ हो (शारीरिक) । सुत्दाखेरी, उनले एउटा सपना देखे जहाँ उनले देवदुतहरुलाई स्वर्गको भर्याङमा तल र माथि जाँदै गरेको देखे, र प्रभुले उनलाई वाचा गर्नुभयो (आध्यात्मिक) कि उनको धेरै सन्तानहरु हुनेछन जसले जमिनको अधिकार लिनेछन । ज्याकोबले प्रभुलाई आफुसँगै रहन भने (आध्यात्मिक), जुन अरु कुनै अधिकार भन्दा उत्तम थियो ।

ज्याकोबले आफ्नो विस्तारित परिवारलाई भेटे, विवाह गरे, बच्चा पाए, र आफ्नो काका लाबानको लागि २१ वर्ष काम गरे ! उनको काकाले उनलाई बारम्बार धोखा दिए (भौतिक) । तर प्रभु ज्याकोबसँग हुनुहुन्थ्यो र उनलाई एउटा ठुलो परिवार र सम्पतिको (भौतिक) साथमा आशिर्वाद (आध्यात्मिक) दिनुभयो । ज्याकोबको कारणले गर्दा लाबानले पनि आशिर्वाद पाए ! (जेनेसिस ३०:२७) कहिलेकाँही हाम्रो जीवनमा प्रभुको आशिर्वादले हाम्रो वरपरका मानिसलाई पनि छुन्छ । तर जब ज्याकोब उदास थिए र लाबनदेखि टाढा भागे (भौतिक), प्रभुले लाबानसँग कुरा गर्नुभयो र ज्याकोबको रक्षा गर्नुभयो (आध्यात्मिक) ।

ज्याकोब घर फर्केर जान डराएका थिए ! यदि इसाउले अझैपनि उनलाई मार्न चाहे भने के गर्ने ? उनले आफ्नो परिवार र सम्बन्धित कुराहरुलाई समूहमा विभाजन गरे ताकी यदि एउटा समूहमाथि हमला भएमा, अरु पर भाग्ने थिए (भौतिक) । रातमा, उनले आफ्नो आशिर्वाद (आध्यात्मिक) को लागि प्रभुसँग कुस्ती खेले ।

ज्याकोबको आश्चर्यको लागि, इसाउ दौडेर उनलाई अंगालो हाले ! र ज्याकोबले इसाउलाई एउटा ठुलो उपहार दिए । जब हामीले प्रभुको आशिर्वादलाई वस्तुको कृपाभन्दा धैरै मान्यता दिन्छौं, हामी मानिससँग डराउनुभन्दा उद्दार हुनसक्छौं ।

पछि, प्रभुले ज्याकोब र उनको परिवारलाई अन्य कुनै प्रभुदेखि अलग रहन भन्नुभयो, त्यसैले उनीहरुले आफ्ना मुर्ति तथा सुनका औंठीहरु (भौतिक) पुरिदिए । जब उनीहरुले त्यसो गरे, उनीहरुलाई चोट पुर्याउन चाहने जोकोहि पनि भयभीत भएका थिए ! (अध्यात्मिक) ज्याकोबले भने, "प्रभु...म जहाँ गएपनि मसँगै रहनुभएको छ ।" (जेनेसिस ३५:३)

ज्याकोबजस्तै, हामी भौतिक पक्ष र आध्यात्मिक पक्ष भएको एउटा संसारमा बस्छौं । सारा संसार थप प्रतिष्ठा, खेलौना, राम्रो हेराई, चर्चा, र उत्तम योग्यताको लागि लडिरहेको छ । क्रिश्चियनहरु पनि चर्चामा गएर हामीहरु बाइबलसँग सहमत भएको दाबी गर्नसक्छन, र वस्तु जीवनको लागि लड्दै हाम्रो जीवन बिताउन सक्छन, येशूले तपाईंले प्रभु र पैसा दुबैलाई सेवा दिनसक्नुहुन्न भनेको भएतापनि (ल्युक १६:१३) ।

प्रभुको आध्यात्मिक आशिर्वादको लागि लड्नु धैरै राम्रो हो । हामीले प्रभुको नजिक हुन, प्रभुको सेवा गर्न, चर्चमा सेवा गर्न, र अरुलाई वहाँको बारेमा भन्नको लागि लड्नसक्छौं । हामीले हाम्रो मन पूर्णरुपमा प्रभुको लागि खोल्न र केहिकुरा पनि नलुकाउन लड्नसक्छौं । हामीले अरुलाई हामीभन्दा माथि राख्न र जे कुराले प्रभुलाई खुसी पार्छ त्यो गर्न लड्नसक्छौं । येशूले भन्नुभयो कि तिनीहरु जसले प्रभुको वचन सुन्छन र मान्छन, उनीहरु धन्य हुन्छन (ल्युक ११:२८) । ज्याकोबको जीवनमा जस्तै, कहिलेकाँही प्रभुको आशिर्वाद वस्तु सामग्रीको रुपमा आउँछन; अक्सर त्यी अन्य केहिकुराको रुपमा आउछन, जस्तो कि सुरक्षा वा परिवर्तिट मन । कोमेट, आज चांडै देखि, त्यी पार्टीहरुमा नगई प्रभुको आशिर्वादको लागि लड्नसक्छ ।

मैले भौतिक आशिर्वादको सट्टामा आध्यात्मिक आशिर्वादको लागि लड्ने छनोट गरें ।


## संकल्प ७



ऊ एकदमै दुखि थियो, त्यसैले टेफीले आएर सोधिन, "कुरा के हो ?" कोमेटले जे भयो त्यो भन्यो । त्यसपछि टेफीले उसलाई नराम्रो महसुस नगर्न भनिन--प्रभुलाई खुसी राख्नु उत्कृष्ट कुरा हो । प्रभुको अरुभन्दा धैरै साथी हुन्छ । एउटा पार्टीमा नगएर एउटा साथी गुमाउने कुराको बारेमा चिन्ता नलिनुहोस । उनले उसलाई पछाडी थपथपाएर गईन । कोमेटले बुझ्यो र प्रभुलाई खुसी पार्ने र पार्टीमा नजाने निर्णय गर्यो ।

## गतिविधि ७

**आशिर्वादको लागि लड्ने**




एउटा पोस्टर बोर्डमा "आशिर्वादको लागि लड्ने" लेख्नुहोस र यसलाई भित्तामा टाँस्नुहोस । साना कागजको टुक्रामा थुप्रै आशिर्वादहरु लेख्नुहोस । आशिर्वादहरुलाई कोठामा वस्तुमाथि र मुनि लुकाएर बाँड्नुहोस् । बालबालिकाले आशिर्वाद पत्ता लगाउनको लागि खोजि गर्छन र तिनीहरुलाई "आशिर्वादको लागि लड्ने" लेखिएको कार्डमा टाँसछन । जब तोकिएको समय सकिन्छ, बालबालिकालाई पोस्टर बोर्डको अगाडी उभिन


## समयेरेखा ७

ज्याकोबको जीवनको लागि रेखा कोर्नुहोस ।
प्रश्न: ज्याकोब जन्मदा आइज्याक कति वर्षका थिए ? जवाफ: ६० वर्ष ।
प्रश्न: ज्याकोब कति वर्ष बाँचे ? जवाफ: १४७ वर्ष ।

## पहेली जवाफ ७

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| दु | रा | छो | भु | ज्या | को | ब | त | क |
| इ | ज | रा | य | ल | इ | दु | स | स |
| सा | क | न | त | आ | व | रे | न | प्रा |
| उ | ना | भु | जा | दे | छो | इ | च | न्य |
| क | ज | प | ब | ती | प्र | रे | ब | ध |
| दु | इयो | रे | स | त | भु | आ | च | ना |
| ल | स | क | च | ज | दु | छो | व | ल |
| इ | न | प्या | ड | न | आ | रा | म | आ |
| त | ई | भा | जु | दा | दु | भु | स | इ |





## प्रश्न तथा जवाफ ७

१. के मैले आफ्नो लागि उत्कृष्ट चाहनु गलत हो ? (यस बारेमा कुरा गर्ने कोसिस गर्नुहोस । ज्याकोबले उत्कृष्टताको लागि प्रभुसँग लड्नु राम्रो थियो । हामीले अरुलाई अगाडी राख्नुपर्छ, यद्यपि, हामीले हाम्रो आत्माको राम्रो ख्याल राख्नुपर्छ, हाम्रो आफ्नो जीवनको लागि उत्कृष्ट आशिर्वाद चाहँदै !) ।

२. एकदम महत्वपूर्ण कुरा के छ भने सबैले मलाई मन पराउनहुन्छ, है ? (आफ्नो छिमेकिलाई माया गर्ने तनाव उनीहरुलाई छलफल गर्न दिनुहोस तर प्रभुलाई पहिला राख्दै । बाइबलले भन्छ कि हामी शान्तिसँग बस्नुपर्छ सबैजना सम्भव भएसम्म (रोमनस १२:१८), तर अरु मानिसले जे निर्णय गरेतापनि हामीले प्रभुलाई मान्नुपर्छ (जोन २१:२२) । विशेष परिस्थितिहरु छलफल गर्नुहोस) ।

३. यदि म गलत छु वा मैले गल्ती गरेभने के मैले मेरो लागि प्रभुको आशिर्वाद गुमाउनसक्छु ? (गतसाताको पाठ याद गर्नुहुन्छ ? इसाउले सबैकुरा गुमाए किनभने उनको मान्यता गलत थियो । ज्याकोबले थप आशिर्वाद प्राप्त गरे किनभने उनले यसको लागि लडे !) ।

## खेल ७

**बोतल लडाई**



एउटा खाली सोडाको बोतलमा अलिकति बालुवा हाल्नुहोस, त्यसलाई थौरै तौल दिनको लागि ।

- एउटा बेस छान्नुहोस ।
- एउटा बालकलाई हेर्नको लागि छान्नुहोस ।
- हेर्ने बालकले सकेसम्म पर बोतल फाल्नेछ ।
- सबै बालबालिका लुक्नको लागि दौडनछन, बोतल फालिएकोभन्दा फरक दिशामा दौडदै । हेर्ने बालक बोतलसम्म पुग्नुभन्दा अघि उनीहरु लुक्नुपर्छ ।
- बोतललाई बेसमा फिर्ता पठाएपछि, हेर्ने बालकले लुकेको बालबालिका मध्ये एउटालाई समात्नको लागि हेर्नेछ ।
- जब उसले एकजना भेट्छ, उनीहरु बेसतर्फ दौडनछन । हेर्ने बालकले बोतल लिन्छ र बेसमा हिर्काउदै भन्छ, उदाहरणको लागि, "१, २, ३, लुसी रुख पछाडी ।" त्यसपछि हेर्ने बालक अर्को बालक खोज्न जानेछ ।
- अझै-लुकेका मध्ये कुनैपनि बालबालिकाले अन्यलाई निम्नरुपमा बचाउन सक्छन: हेर्ने बालकले आफुलाई नदेख्ने गरि, टोनी बेससम्म दौडनुपर्छ र बोतल लिएर भुइँमा हिर्काउनुपर्छ यसो भन्दै, "१, २, ३ मेरो लागि र मेरा साथीहरुको लागि ।" हेर्ने बालकले लुकेको बालक गुमाउछ र टोनीले आफ्नो साथीहरु बचाउनेछ ।
- यदि त्यहाँ बचाउने काम भएन, र हेर्ने बालकले अन्य सबै खेलाडीलाई फेला पार्यो भने, ऊ विजेता हुनेछ ।
- फेरी खेल्नको लागि, पहिला समातिएको बालक नयाँ हेर्ने बालक हुनेछ ।

## उपस्थिति ७




कक्षामा उपस्थिति जनाएकोमा बालबालिकालाई आजको कार्ड दिनुहोस । उनीहरुलाई बधाई दिनुहोस र उनीहरुलाई अर्को कार्ड पाउनलाई अर्को हप्ता आउनको लागि प्रोत्साहन गर्नुहोस जसले गर्दा उनीहरुले हिरोको खेल खेल्न सक्नेछन ! आजको कार्ड हो:

**ज्याकोब**

## गृहकार्य ७

**कार्यभार**

तपाईंको यस साताको कार्य भनेको तपाईंले पछिल्लो दुई साताको बारेमा के सोच्नुभयो र के लेख्नुभयो भनि सम्झना गर्ने हो; तपाईंको सपनाहरु र तपाईंको जन्मअधिकार । तिनको बारेमा फेरी सोच्नुहोस, तर तपाईंले केहि निश्चित कुरा गरेमा कसरी तिनलाई ध्वस्त पार्न सक्नुहुन्छ भनेर पनि सोच्नुहोस । यदि तपाईं घरमा विद्रोही हुनुहुन्छ भने, यसले गम्भीररुपमा तपाईंको प्राकृतिक जन्मअधिकारमा प्रभाव पार्नसक्छ । यदि तपाईं एक डाक्टर वा इन्जीनियर बन्ने सपना देख्नुहुन्छ भने, तपाईंले विद्यालयमा राम्रो नगरेमा त्यो सपना ध्वस्त पार्न सक्नुहुन्छ । यदि तपाईंको सपनाले राम्रो स्वास्थ्य खोज्छ भने, तपाईंले आफै धुम्रपान, नशा, वा मदिरा सेवन गर्दै त्यो सपना ध्वस्त पार्न सक्नुहुन्छ । कसरी बाँच्ने भनि लेख्नुहोस जसले गर्दा तपाईंले आफ्नो सपना र जन्मअधिकार प्राप्त गर्न सक्नुहुन्छ ।

**पढ्नुहोस**

दिन १: जेन ३७:१-११
दिन २: जेन ३७:१२-२४
दिन ३: जेन ३७:२५-३६
दिन ४: जेन ४१:१-१३

दिन ५: जेन ४१:२५-४१

# ८. प्रभुमा विश्वास गर्नुहोस



**हिरो जोसेफ**

जेनेसिस ३७:२-११, ३७:१७-३६. ३९:१-४१:१३, ४१:१४-१६, ४१:२८-४०, ४१:५६-४२:५, ४५:१-१५, ४७:५, हिब्रु ११:२२

## सम्झना पद ८

"भलाइ गर्न नथाकौं किनभने यसमा लागिरह्यौं भने समयमा यसको फल हामीले पाउनेछौं।" गलाती ६:९

## आवश्यकता कथा ८

पेप्पी विद्यालयमा छिन र उनको छेउमा उनको साथी जेप बस्यो । उनीहरुलाई विद्यालय जान मनपर्छ । आज बिहान शिक्षकले उनीहरुलाई एउटा कथा बनाउन भन्नुभयो । पेप्पीलाई त्यो गर्न मनपर्यो, त्यसैले उनीले एकदम छिट्टै त्यो गरिन । पहिला सकाउने उनी थिईन र तुरुन्तै भनिन, "मैले सके, शिक्षक" र त्यसपछि तपाईंलाई के भयो जस्तो लाग्छ ? शिक्षकले उनलाई वेवास्ता गर्नुभयो र जवाफ दिनुभएन । दश मिनेट पछि जिपले सक्यो र भन्यो, "शिक्षक, मैले सकें ।" शिक्षक तत्कालै आउनुभयो र भन्नुभयो, "जिप, तिम्रो कथा पढ्नको लागि रोचक छ ।" पेप्पी रिसाईन र भनिन, "शिक्षाकले मलाई कहिल्यै ध्यान नदिने भएको कारणले, वहाँले गर्न भन्नुभएको केहिकुरा पनि म गर्नेछैन । अन्तत, मैले के गर्दैछु भनेर पनि वहाँलाई थाहा हुँदैन ।"



## मुख्य पाठ ८

ज्याकोब जसको बारेमा हामीले गत साता पढ्यौं, उनको १२ छोरा थिए । ज्याकोबको प्यारो छोरा जोसेफ थिए, र जोसेफले उनलाई एउटा फेन्सी कोट दिए । यसबीच, जोसेफको सपना थियो कि उनले त्यी सबैलाई शासन गर्ने, र उनका भाईहरुले उनलाई यतिसम्म घृणा गरे कि उनीहरुले उनलाई मार्ने योजना बुने ! तथापी, उनीहरुले उनलाई दास बनाएर बेचे । अक्सर क्रिश्चियनहरुले सोच्छन कि प्रभुको आशिर्वादले हामीलाई कुनैपनि नराम्रो हुनबाट बचाउँछ । तर प्रभुले वहाँको योजनाको लागि हामीलाई तयार गर्नको लागि कठिन समयको प्रयोग गर्नुहुन्छ, र हामीले वहाँलाई विश्वास गर्नसक्छौं ।

जोसेफलाई पोटीफर, इजिप्टको गार्डको क्याप्टेनकहाँ बेचिएको थियो । खतम गर्नुको सट्टामा, उनले प्रभुमा विश्वास गरे र आफुले सक्ने उत्कृष्ट गरे र पोटीफरको घरको निरीक्षक भए ! पोटीफरको पत्नीलाई जोसेफ मनपर्यो र उनीसँग सुत्न चाहन्थिन । जोसेफ प्रभुसँग डराए र गलत गर्न चाहेनन । यदि कसैले सधैं तपाईंसँग गलत गर्न चाहन्छ भने, जोसेफले जे गरे त्यहि गर्नुहोस: सोहि व्यक्तिसँग एउटै कोठामा बस्न पनि नमान्नुहोस । जोसेफले केहि गलत नगरेपनि, उनले झुट बोलेर उनलाई दोष दिईन, र उनलाई अन्यायपूर्ण रुपमा जेलमा पठाइयो !

जोसेफले प्रभुमा विश्वास गरे, र प्रभुले उनलाई आशिर्वाद दिनुभयो जसले गर्दा उसले सम्पूर्ण जेल संचालन गरे ! फाराओको बेकर र कपबियरर जेलमा गए, र एक रात उनीहरुले सपना देखे । जोसेफलाई विश्वास थियो कि प्रभुले उनलाई व्याख्या गर्नुहुनेछ । बेकर मर्यो, र कपबियररलाई उसको पद दिईयो, जोसेफले भनेजस्तै । तर कपबियररले जोसेफलाई बिर्सियो ! फेरी अन्याय !

दुई वर्षपछि, फाराओले एउटा सपना देखे, र कपबियररले जोसेफलाई सम्झियो । जोसेफले प्रभुमा विश्वास गर्ने गरेका थिए, र उनले फाराओको अगाडी प्रभुमा विश्वास गरे । व्याख्या यस्तो थियो कि ७ वर्षसम्म त्यहाँ प्रशस्त मात्रामा अन्न हुनेछ, त्यसपछि

७ वर्ष डरलाग्दो अनिकाल हुनेछ । त्यसपछि फाराओले जोसेफलाई उनको दास जीवन र जेलको १३ वर्षपछि, इजिप्टको प्रधानमन्त्री बनाए ! प्रभुले जोसेफलाई राम्रोसँग देश सम्हाल्ने प्रशिक्षण दिनुभएको थियो, जोसेफको फाइदाको लागि नभई, सबैलाई बचाउनको लागि ।

अनिकाल यस्तो खराब थियो कि सबैतिर मानिस भोको थिए, जोसेफको परिवारसहित । जोसेफलाई दास बनाएर बेच्ने भाईहरुले नै आफुलाई अन्न दिएर बचाउन जोसेफलाई चाहे ! तर उनीहरुले जोसेफलाई चिनेनन र उनले तिनीहरु परिवर्तन भए कि भनेर परिक्षण गरे । त्यसपछि जोसेफले आफ्नो भाईहरुलाई माफी दिए र उनीहरुलाई देशको उत्कृष्ट जमिन दिए । जब हामीले प्रभुमा विश्वास गर्छौं, हामीले अरुलाई माफी दिएर दयासाथ व्यवहार गर्नसक्छौं ।

जोसेफ जस्तै, येशूलाई पनि अन्यायपूर्ण व्यवहार गरिएको थियो । वहाँलाई झुटो आरोप लगाइएको थियो, वहाँले केहि गलत नगरेपनि । त्यसपछि येशूलाई क्रसमा मारिएको थियो ! जोसेफ जस्तै, वहाँले यी सबको बिचमा आफ्नो पिता प्रभुलाई विश्वास गर्नुभयो । जोसेफ प्रधानमन्त्री बने, तर येशू सारा ब्रह्माण्डको राजा बन्नुभयो ! प्रभुले हामीलाई कठिन समयमा वहाँलाई विश्वास गर्न भन्नुहुन्छ र यस्तो बेलामा हामीसँगै रहेन वाचा गर्नुहुन्छ । ग्रन्थले भन्छ कि सबैकुरामा प्रभुले वहाँलाई माया गर्नेहरुको राम्रोको लागि वहाँले काम गर्नुहुन्छ (रोमनस ८:२८) । के तपाईले प्रभुले तपाईको लागि सोच्नुभएको कुराको लागि आफ्नो लागि कठिन समयको प्रयोग गर्ने अनुमति दिनुहुन्छ ?

मैले मेरो जीवनसँग प्रभुलाई विश्वास गर्ने छनोट गरें, कुराहरु कठिन भएको बेलामा पनि ।


## संकल्प ८



त्यसपछि उनको साथी बजले पेप्पीलाई के भएको थियो महसुस गर्यो । उसले उनीसँग कुरा गर्यो र मनायो कि आज्ञापालन एउटा गुण हो जुन प्रत्येक दिन क्रिश्चियनहरुसँग हुनुपर्छ । हुनसक्छ उनको शिक्षकले उनलाई सुन्नुभएन र त्यसैकारणले उनले आफ्नो कार्य सक्दा वहाँले उनलाई सुन्नुभएन । पेप्पीले आफ्नो दृष्टिकोण सहि नरहेको महसुस गरिन, र उनले आफ्नो शिक्षकसँग राम्रो सहकार्य गर्न जारी राखिन ।

## गतिविधि ८

**विश्वास किताब**



सातामा बालबालिकाले प्रभुलाई कसरी विश्वास गर्ने भनि लेख्नको लागि एउटा किताब बनाउ । प्रत्येक बालबालिकालाई एउटा पेपर सिटको चार भागको दुई भाग दिनुहोस । बालबालिकाले टुक्रालाई सँगै राख्ने, फोल्ड गरेर बिचमा स्ट्रीच लगाउने, किताबजस्तै बनाउनको लागि । त्यसपछि उनहरुले गाता सजाउछन । यस साता हरेक दिन उनीहरुले कसरी प्रभुमा विश्वास गर्न सक्छन भनि किताबमा लेख्छन । कक्षामा पहिलो दिन त्यसो गर्दै उनीहरुको मदत गर्नुहोस ।

## समयरेखा ८

जोसेफको जीवनको लागि रेखा कोर्नुहोस ।


प्रश्न: जोसेफ जन्मदा ज्याकोब कति वर्षको थिए ?

जवाफ: त्यहाँ वास्तविक समय छैन, तर यसो मानिन्छ कि ज्याकोब १०० वर्षका थिए ।

प्रश्न: जोसेफ कति वर्ष बाँचे ? जवाफ: ११० वर्ष ।

## पहेली जवाफ ८

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| इ | णा | घृ | ना | प्र | ई | रङ | इ | जो | क्रि |
| बि | छो | ई | भा | जु | दा | ज | से | क | प्र |
| ट्यु | शो | ख्रे | प्ट | क | ध | फ | ओ | ख्रे | ति |
| ध | नि | प्र | यो | शो | इ | बि | छो | प्ट | शो |
| छो | ओ | क | मा | ज | से | ओ | म्रो | ना | ध |
| रा | ई | से | क्रि | जु | ना | छो | रा | क | शो |
| क | प्र | इ | ना | ख्रे | प | सी | क्रि | क्रि | छो |
| ख्रे | जि | प | ज | छो | दा | ध | ई | प्ट | बि |
| प्ट | स | प | ना | दे | ख्रे | मा | नि | स | इ |
| से | शो | बि | क | ओ | फ | रा | ओ | ख्रे | प्र |






## प्रश्न तथा जवाफ ८


१. के प्रभुले गर्न नसक्ने कुराहरु छन ? (छैन, बाइबलले भन्छ कि प्रभु सम्पूर्ण शक्तिशाली हुनुहुन्छ । वहाँले सबैकुरा देख्नसक्नुहुन्छ र सबैकुरा बुझ्न सक्नुहुन्छ, आजको समयदेखि भविष्यसम्म) ।

२. किन प्रभुले हामीलाई गलत कुरा हुन दिनुहुन्छ ? (जोसेफको कुरामा, प्रभुले जोसेफलाई आफुले चाहेको स्थानमा लैजान र प्रशिक्षण दिनको लागि जोसेफसँग घटेका गलत कुराको प्रयोग गर्नुभयो । प्रभुले हाम्रो आत्माको बारेमा धेरै ख्याल राख्नुहुन्छ, त्यसैले धेरै "खराब" कुराहरु हाम्रो लागि वास्तवमा खराब हुँदैनन, तर हाम्रो राम्रोको लागि । यो जान्नु पनि राम्रो हो कि हामी यस्तो संसारमा बस्छौं जहाँ थुप्रै पाप छन, र प्रभुले शैतानलाई पृथ्वीमा डुल्ने अनुमति दिनुभएको छ । त्यसैले गर्दा त्यहाँ मृत्यु, युद्ध, भूकम्प, प्रकोप, थुप्रै खराब काम गर्ने मानिस छन, र त्यसले क्रिश्चियन र अविश्वासी दुबैलाई असर गर्दछ) ।

३. अरु धर्म किन राम्रो छैनन ? (बाइबलले भन्छ कि मुक्तिको एउटा मात्र बाटो येशू ख्रीष्ट हुनुहुन्छ । तपाईंले आफुलाई प्रभुसँग राख्नको लागि अरु धर्मले के भन्छ?)

## खेल ८

**डोरी**



- तीनवटा फरक रुखमा वा खम्बामा डोरी बाँध्नुहोस, कम्तिमा एक मिटरको दुरीमा, र नम्बर १, २ र ३ लेखेर लेबल राख्नुहोस ।
- छ जना विद्यार्थीलाइ बोलाउनुहोस (तपाईंको कक्षामा कति विद्यार्थी छन, त्यसको आधारमा) जसले अरुलाई ट्याग गर्ने कोसिस गर्छन ।
- अन्य विद्यार्थीहरु एउटा छेउमा रुखबाट करीब १० मिटर पर छरिएर बस्छन । त्यी छ जना विद्यार्थीलाई अन्य विद्यार्थी र रुखको बिचमा राख्नुहोस ।
- जब शिक्षकले भन्नुहुन्छ, "एउटा डोरी तान", सबै बालबालिकाले एउटा डोरी तान्नुपर्छ, बिचमा रहेका छ जना विद्यार्थीलाई नछोईकन । जसले छुन्छ ऊ त्यहाँ जम्छ ।
- यदि उनीहरु एउटा डोरीमा पुग्छन, र त्यस डोरीमा पहिल्यै अर्को बालक छ भने, उनीहरुले उक्त बालकको हात तान्नुपर्छ, पंक्ति सुरु गर्न वा बढाउनको लागि । सबै बालबालिका जसले डोरी तानेकाछन वा उक्त बालबालिकाको लाइनमा जोडिएकाछन, उनीहरु सुरक्षित छन र जम्न सक्दैनन् ।
- जब सबै जोडिएका छन वा जमेकाछन, खेल जारी राख्नको लागि सिठी बजाउनुहोस् । शिक्षकले नम्बर २ वा नम्बर ३ भन्नुहुन्छ, र उक्त डोरीमा जोडिएका बालबालिकाले त्यो डोरी छोड्नुपर्छ र ट्याग नभईकन अर्को डोरी तान्नुपर्छ । जमेका बालबालिका पनि त्यसै समयमा दौडन सक्छन । त्यी छ जना विद्यार्थीहरु छ कदम पछाडी सर्नुपर्छ, सुरु हुनुभन्दा अघि, बालबालिकालाई दौडने मौका दिनको लागि ।
- शिक्षकले कहिल्यै पनि नम्बर १ भन्नुहुन्न किनभने जब सबै विद्यार्थी नबर १ डोरीमा हुन्छन वा जमेका हुन्छन, खेल समाप्त हुन्छ ।
- बालबालिकाले आफु सधैं नम्बर १ डोरीमा भर पर्नसक्ने नदेखेसम्म, र सबै पहिले त्यहाँ नदौडेसम्म खेलीरहनुहोस ।
- बालबालिकालाई सोध्नुहोस कि २ र ३ नम्बर खाली हुँदाहुँदै किन सबैजन १ नम्बर डोरीतर्फ दौडिएका थिए ।
- प्रभुलाई विश्वास गर्नु कत्तिको समान छ भनि कुरा गर्नुहोस । वहाँ सधैं विश्वासी हुनुहुन्छ, र हामी पहिले वहाँतर्फ दौडियौं भने, हामी अरुतर्फ दौडिनुपर्दैन ।

## उपस्थिति ८




कक्षामा उपस्थिति जनाएकोमा बालबालिकालाई आजको कार्ड दिनुहोस । उनीहरुलाई बधाई दिनुहोस र उनीहरुलाई अर्को कार्ड पाउनलाई अर्को हप्ता आउनको लागि प्रोत्साहन गर्नुहोस जसले गर्दा उनीहरुले हिरोको खेल खेल्न सक्नेछन ! आजको कार्ड हो:

**जोसेफ**

## गृहकार्य ८

**कार्यभार**

तपाईंको यस साताको कार्य भनेको मानिसलाई माफ गर्नु हो । हामी सबैले दुर्व्यवहार भोगेका छौं । हामी त्यसको लागि रिसाएर बदला चाहन्छौं, अथवा हामीले माफी दिएर प्रभुमा विश्वास गर्नसक्छौं । यस साता तपाईंले जब जब कसैले आफुलाई चोट पुर्‍याएको सोच्नुहुन्छ, यो पनि सोच्नुहोस, "म तिनलाई माफ गर्छु ।" तपाईंले मानिसलाई यो भन्नु पर्दैन, तर तपाईं एक्लै भएपनि ठुलो स्वरमा भन्नुहोस । त्यसले तपाईंलाई क्रोधबाट मुक्त गराउँछ, र तपाईं फेरी खुसी हुन सक्नुहुन्छ । तपाईं आफ्नो स्वर्गीय पिता,

प्रभु जस्तै पनि हुनुहुन्छ किनभने वहाँले हामी सबैलाई माफी दिनुहुन्छ । जति धेरै मानिसलाई तपाईंले माफी दिनुहुन्छ, तपाईं त्यति नै मुक्त हुनुहुन्छ ।

**पढ्नुहोस**

दिन १: एक्स ३:२-१०


दिन २: एक्स ७:१०-११, २०-२१, ८:६-८, १६-२२

दिन ३: एक्स ९:२-३, ६-१९, १०:३-५, २१-२३

दिन ४: एक्स ११:४, १२:१२-१४, २९-३०

दिन ५: एक्स १४:५-९, १३, २१-२७

# ९. पापलाई पछाडी छोड्नुहोस्



**हिरो: मोसेस**

एक्सोडस १:१-२:१५, ३:१-१२, ४:१०-१७, (७:८-१३:४२), १४:५-३१. एक्ट ७:२०-३४, हिब्रु ११:२३-२९

## सम्झना पद्य ९

"सबै किसिमका खराब कुराहरूबाट शुद्ध भएर रहेको मानिस छ भने ठूलो इज्जतको भाँडाझैं हुनेछ किनभने उसले त आफैंलाई चोखो राखेर हरअसल कामको लागि मालिकलाई मनपर्दो हुनेछ।" २ तिमोथी २:२१



## आवश्यकता कथा ९

कोमेट हतारमा पसलतिर दौडदै थियो किनभने उसको आमाले खाना बनाउदै हुनुहुन्थ्यो र तुरुन्तै अण्डा खोज्नुभयो । ऊ पसलमा पस्यो र ठुलो स्वरमा भन्यो, तर त्यहाँ कोही पनि थिएन । त्यसपछि उसले काउन्टरमा केहि पैसा देख्यो । पक्कैपनि, त्यो कसैले त्यहाँ बिर्सेका थिए । वरपर कोहीपनि नरहेकोले उसले पैसा हेर्यो, र लियो ।

## मुख्य पाठ ९

ज्याकोबको परिवार इजरायलको राज्यमा हुर्केको थियो । तर इजिप्सियनहरुले उनीहरुलाई दास बनाए र फाराओले उनीहरुको सबै बालक छोराहरुलाई मार्ने निर्णय गरे । एक इजरायली आमाले आफ्नो बच्चा छोरालाई एउटा बास्केटमा नाइल नदीमा बगाईन । फाराओको छोरीले उसलाई अपनाईन र मोसेस नाम राखिन । मोसेसले प्रभुको मानिसको हिस्सा बन्नको लागि इजिप्टको शाही परिवारमा आफ्नो पद त्याग गरेर प्रभुमा आफ्नो विश्वास देखाए । उनी इजरायललाई बचाउन चाहन्थे, तर उनको पाप बिचमा आयो । एकदिन मोसेसले एउटा इजिप्सियनलाई मारे, एउटा इजरायलीलाई कुटेको कुरामा । तर मोसेसको मनमा अर्को पाप थियो: घमण्ड । मोसेसले सोचे कि उनले आफुले चाहे अनुसार इजरायललाई बचाउन सक्छन । बाइबलले भन्छ कि प्रभुले घमण्डको विरोध गर्नुहुन्छ तर विनम्रतालाई दया गर्नुहुन्छ । प्रभुले जोसेफको मनमा काम गर्नुभएजस्तै, प्रभुले मोसेसको मनमा पनि काम गर्नुपर्यो । मोसेस फेला पर्यो र ऊ आफ्नो जीवन बचाउन भाग्यो र मरुभूमिमा बस्यो ।

४० वर्षपछि, प्रभु आएर उनीसँग बोल्नुभयो, एउटा झाडीबाट जुन आगोमा थियो तर बलेको थिएन । प्रभुले मोसेसलाई फर्केर जान भन्नुभयो, तर यसपटक इजरायलीहरुलाई बचाउने प्रभु हुनुहुनेछ, र मोसेसले प्रभुको तरिकाले काम गर्नेछन । मोसेसले थाहा पाए कि उनले इजरायललाई बचाउने सकेनन, उनी बोल्ने काममा खराब थिए र मानिस नेतृत्व गर्ने काममा खराब थिए । तर त्यो ठिक थियो ! अक्सर प्रभुले हामीलाई हामी राम्रो नभएको क्षेत्रमा प्रयोग गर्नुहुन्छ, त्यसैले यो अवश्य हो कि प्रभुले हामीमार्फत यो गर्दै हुनुहुन्छ ।

आज अगाडी हामीले कोमेटले पसलबाट पैसा चोरेको कुरा सुन्यौं । कोमेटले चोरिरहेको बेलामा प्रभुले उसको प्रयोग गर्न सक्नुहुन्न । यदि हामीले पश्चाताप गर्यौं वा हाम्रो घमण्ड वा पापदेखि टाढा रह्यौं भने प्रभुले हाम्रो प्रयोग गर्न सक्नुहुन्छ । त्यसपछि प्रभुले हामीलाई बोलाउनुहुन्छ, हामी निडर हुनसक्छौं किनभने हामीलाई थाहा छ कि प्रभुले हामीमार्फत यो गर्नुहुनेछ ।

इजिप्टमा, प्रभुले इतिहाँसमै आफ्नो ठुलो शक्ति प्रदर्शन गर्दै इजरायलीहरुलाई बचाउन मोसेसको प्रयोग गर्नुभयो । प्रभुले इजिप्टमा १० विपत्ति ल्याउनुभयो: पानीलाई रगतमा बदल्ने, जुम्रा, झिंगा, पशु मरण, उमाल्ने, असिना, फट्यांग्रा, अन्धकार, र अन्त्यमा सम्पूर्ण इजिप्टका पहिलो छोराहरु मरे । अन्तिम विपत्तिमा, प्रभुले इजरायलीहरुलाई खानाको लागि भेंडा मार्न र ढोकामा रगत

राख्न भन्नुभयो । प्रभुलाई मानेका सबै घरमा, पहिलो सन्तान बचे । यो प्रभुको एउटा तस्बिर जस्तै थियो, भेडाजस्तै गरि आफ्नो छोरा येशूलाई हाम्रो लागि मर्न पठाउनुभएको । धेरै मानिसले येशुमा विश्वास गर्ने, पश्चाताप गर्ने, र प्रभुलाई मान्ने गर्नुको सट्टा आफ्नै तरिकाले आफुलाई बचाउने कोसिस गरे । के तपाईंले प्रभुको तरिका छान्नुहुन्छ ?

इजरायलले रातो सगरसम्म प्रभुलाई पछ्याए, त्यसपछि इजिप्सियनहरुले तिनीहरुलाई लखेटे ! मोसेलले इजरायलीहरुलाई भने कि उनीहरु डराउनुपर्दैन, प्रभुले उनीहरुको लागि लड्नुहुन्छ र उनीहरुलाई बचाउनुहुन्छ । त्यसपछि प्रभुले रातो सगरलाई चिरा पार्नुभयो र इजरायलीहरु दुईतिर पानिको पर्खाल हुँदै सुक्खा जमिनमा हिँडे, तर इजिप्सियनहरु डुबे । मोसेसले आफ्नो बाँकी जीवनभरी नम्रताको साथ र प्रभुको आज्ञापालन गर्दै इजरायलीहरुको नेतृत्व गरे ।

मैले मेरो पापको पश्चाताप गर्ने र प्रभुको अगाडी स्वच्छ रहने छनोट गरें ।

## संकल्प ९



कोमेटसँग एउटा राम्रो कर्म गर्ने र पसलमा पैसा फिर्ता गर्ने अवसर थियो । उसले यसको बारेमा सोचीरह्यो, र त्यसपछि उसको साथी पेप्पी, जोसँग धेरै इमान्दारिता थियो, आईन । "मलाई पक्कै पनि तिम्रो आवश्यकता थियो", कोमेटले भन्यो । उसको साथीको मदतले, उसले सहि काम गर्यो र पैसा फिर्ता गर्यो ।

## गतिविधि ९

**एउटा कथा भन्नुहोस**



म्यागजिन ल्याउनुहोस वा कक्षामा ल्याउनको लागि मानिसको, स्थानको, र वस्तुको तस्बिरहरु काट्नुहोस् (भ्रामक वा अनुपयुक्त तस्बिर नल्याउनुहोस) । बालबालिकाहरुलाई २ वा बढी समूहमा बाँड्नुहोस् । प्रत्येक समूहले एउटा कथा सिर्जना गर्नको लागि म्यागजिनबाट काटिएका तस्बिरको प्रयोग गर्छन जसले पाप, पश्चाताप, र नयाँ जीवन समावेश गर्दछ ।

## समयरेखा ९

मोसेसको जीवनको लागि रेखा कोर्नुहोस ।
प्रश्न: जोसेफको जन्मदेखि मोसेसको जन्मसम्ममा कति वर्ष बित्यो ?
जवाफ: हामीसँग ठोस समय छैन, तर यो लगभग ३८० वर्ष थियो ।
प्रश्न: मोसेस कति वर्ष बाँचे ?
जवाफ: १२० वर्ष ।

## खेल ९

**१० आदेशहरु**

- यस गतिविधिको लागि, तपाईंलाई १० अण्डा, सफा गर्ने कपडा, र फोहोर हुन रुचाउने एउटा स्वयंसेवक आयश्यक पर्दछ ।
- १० मध्ये प्रत्येक आदेशको लागि, बालबालिकालाई एउटा अण्डा राख्न दिनुहोस । अण्डा राख्नको लागि थुप्रै तरिका प्रयोग गर्नुहोस, उदाहरणको लागि: उसको हातमा, उसको खुट्टामा, उसको घुँडाको बिचमा, उसको पाखुराभित्र, उसको मुखमा, इत्यादी ।
- प्रत्येक पटक एउटा अण्डालाई खस्नबाट राख्न कठिन हुन्छ । अन्त्यमा, आदेश #१० को लागि, अण्डालाई उसको टाउकोमा राख्नुहोस ।

- खेलको अवधिमा, आदेशको कुरा गर्नुहोस, र एउटा अण्डासँग काम गर्न कति सरल छ, तर १० वटासँग काम गर्न कति कठिन छ भनि कुरा गर्नुहोस । उदाहरणको लागि, ६ को लागि, तपाईंले भन्नुहोस कि कसैलाई मार्न सजिलो छैन, त्यसैले अण्डालाई एकदमै सरल स्थानमा राख्नुहोस (बालबालिकाले मदत गर्नसक्छन, अण्डा कहाँ राख्ने भन्दै) । मुख्य कुरा भनेको सबैले पाप गरेकाछन भनि बालबालिकालाई देखाउनु हो, र हामीले एउटा अण्डा खसालेका छौं ।
- अन्त्यमा, बालकको टाउको माथि अण्डा फुटाउनुहोस् । (अण्डालाई एउटा ढुंगाले फुटाउनुहोस, बालबालिकादेखि लुकाएर । बालबालिकाको टाउकोमा नहिर्काउनुहोस किनभने दुख्छ) । बालकलाई ऊ फोहोरी हुने कुरा थाहा भएको पक्का गर्नुहोस । यो एकदमै शक्तिशाली दृश्य पाठ हो ।




**१० आदेशहरु**

१. अन्य प्रभु नमान्नुहोस
२. कुनैपनि मुर्ति नबनाउनुहोस् वा तिनीहरु सामु नझुक्नुहोस
३. बेकारको बेलामा प्रभुकोको नाम नलिनुहोस
४. बाँकीको एकदिन जोगाउनुहोस
५. आफ्नो बुबा र आमाको सम्मान गर्नुहोस
६. नमार्नुहोस
७. व्यभिचार नगर्नुहोस
८. नचोर्नुहोस
९. झुटो साक्षी नबन्नुहोस
1. लोभ नगर्नुहोस

## पहेली जवाफ ९

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| गो | फ | स्टा | हा | प्ट | स्के | ल | ल | बा |
| ट | म | हा | मा | री | भु | ह | द | हा |
| प्र | प्ट | द | भु | बा | प्र | गो | झा | बा |
| रु | ह | मा | इ | ट | छो | डी | भु | स्के |
| ह | र्नु | हा | स्टा | जि | स्के | ह | प्र | ट |
| च्चा | बा | ओ | प्र | डी | प्ट | बा | ट | द |
| ब | गो | रा | तो | सा | ग | र | ब | स |
| ट | भु | फ | ह | गो | ग | ओ | से | फ |
| ग | इनु | छो | प्र | स्के | आ | मो | स्टा | प्ट |






## प्रश्न तथा जवाफ ९

१. यदि प्रभुले मलाई क्षमा दिनुहुन्छ भने, मैले पाप गर्नाले के फरक पर्छ ? (रोमनस ७ को दुविधा । यदि प्रभुले हामीलाई क्षमा गर्नुहुन्छ भने पाप नगर्नको लागि किन सावधान हुने ? पाप सधैं प्रभुको विपक्षमा हुन्छ र सजाय दिनैपर्छ । येशूले हामीलाई क्षमा दिनुहुन्छ, तर पापको परिणाम सधैं हुन्छन । उदाहरणको लागि, यदि मैले कक्षामा दुर्व्यवहार गरेभने, प्रभुले मलाई माफी दिनुहुन्छ तर मैले सजाय पाउनेछु) ।

२. यदि मैले केहिकुरा एकदमै गलत गरेभने के हुन्छ ? (यस प्रश्नको विचार भनेको प्रभुले ठुला पापहरु माफ गर्नुहुन्छ भनि बालबालिकालाई थाहा दिन मदत गर्नु हो, तर पनि हामीले पश्चाताप गर्नुपर्छ र माफी माग्नुपर्छ । साथै, यदि हामीले कसैलाई एकदमै नराम्रोसँग चोट पुर्यायौ भने, प्रभुले हामीलाई माफी दिएपनि हामी जेल जानसक्छौं । त्यहाँ नशा, हिंसा, वा यौन जस्ता कुराहरु संलग्न हुनछन जसले हामीले नचाहेको तरिकामा हाम्रो पुरा भविष्य परिवर्तन गर्नसक्छ) ।

३. यदि मैले केहि राम्रो कुरा गर्ने कोसिस गर्दै थिएँ तर मैले केहि गलत गरेभने ठिक हुन्छ ? (यो हाम्रो उदेश्य र हाम्रो कार्यबिचको लडाई हो । प्रभुले हाम्रो उदेश्यको बारेमा ख्याल गर्नुहुन्छ, तर पउलले सोधे, "के हामीले पाप गरिरहनुपर्छ जसले गर्दा राम्रो नतिजा आउनेछ?" जवाफ हो, "पक्कै पनि होइन !" - रोमनस ३:५-८) ।

## उपस्थिति ९




कक्षामा उपस्थिति जनाएकोमा बालबालिकालाई आजको कार्ड दिनुहोस । उनीहरुलाई बधाई दिनुहोस र उनीहरुलाई अर्को कार्ड पाउनलाई अर्को हप्ता आउनको लागि प्रोत्साहन गर्नुहोस जसले गर्दा उनीहरुले हिरोको खेल खेल्न सक्नेछन ! आजको कार्ड हो:
**मोसेस**

## गृहकार्य ९

**कार्यभार**

तपाईंको कार्य भनेको तपाईं आफुले पाप गर्दा कस्तो प्रतिक्रिया दिनुहुन्छ भनि लेख्नु हो, जस्तै त्यो लुकाउने, वा त्यसको बारेमा ढाँटने, अर्को पाप गर्ने । कहिलेकाँही हामीले आफैलाई यसो भन्दै सजाय दिन्छौं, "म धेरै राम्रो मानिस होइन, त्यसैले मलाई यस्तो वा त्यस्तो गर्ने अनुमति दिनुहुँदैन", र उदास हुन्छौं । तर उत्कृष्ट प्रतिक्रिया भनेको हामीले पाप गरेको स्विकार्नु र उक्त पाप माफ गर्न येशूलाई भन्नु हो । प्रभुले तपाईं आफुले गरेको पापको लागि तपाईं उदास भएको चाहनुहुन्न । वहाँले यसलाई माफी दिन चाहनुहुन्छ, जसले गर्दा तपाईं अन्य मानिसलाई प्रोत्साहन गर्नको लागि स्वतन्त्र हुनुहुन्छ ।

**पढ्नुहोस**

दिन १ न १३:१-३. १७-२५

दिन २: न १३:२६-३३

दिन ३: न १४:१-९

दिन ४: न १४:१०-१६

दिन ५: न १४:१७-२४

# १०. हो तपाईंले सक्नुहुन्छ



**हिरो: क्यालेब**

नम्बर १३:१-३, १३:१७-१४:९, १४:७-२४, १४:३०-४५

## सम्झना पद्य १०

“तर पवित्र आत्मा तिमीहरूमाथि आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ। त्यसपछि तिमीहरू यरूशलेममा र पूरै यहूदिया र सामरिया क्षेत्रहरूमा अनि पृथ्वीका कुना-कुनासम्म मेरा साक्षी हुनेछौ।” प्रेरित १:८

## आवश्यकता कथा १०



सन्डे विद्यालयमा, पेप्पीले पढिन कि प्रभुले चाहनुहुन्छ कि हामीले हाम्रो विश्वास बाड्ने काम गरौं जसले गर्दा अन्य बालबालिकाले पनि येशूमा विश्वास गर्न सक्नेछन । सोमबार, विश्राम पश्चात उनी भित्र फर्कदै गर्दा, पेप्पीले एउटी केटि एक्लै बेन्चमा बसिरहेकी याद गरिन । कक्षामा जाने बेलामा उनले आफ्नो साथी कोमेटलाई भनिन, "के तिमीले बेन्चमा रहेकी केटि देख्यौ ? म भन्न सक्छु कि उनी एक्लै छिन ।" कोमेटले भन्यो, "ए, हुनसक्छ कि तिमीले उसलाई खुसी पार्नसक्छयौ । तिमीले उनलाई येशूको बारेमा पनि भनेर उनलाई चर्चमा बोलाउन सक्छयौ ताकी उनी एक्लै हुदिनन ।" पेप्पीले भनिन, "तर मैले के गर्नसक्छु ? उनलाई के भन्ने मलाई थाहा छैन । र मेरा अन्य साथीले मेरो बारेमा के सोच्छन ?"

## मुख्य पाठ १०

सयौं वर्षपछि, प्रभुले इजरायलको नेतृत्व गरिरहनुभएको थियो, अब्राहम, आइज्याक, र ज्याकोबलाई आफुले गरेको वाचा पुरा गर्नको निम्ति । प्रभुले मोसेसलाई प्रतिज्ञा भुमिको अन्वेषण गर्नको लागि १२ जासूस पठाउन भन्नुभयो । उनीहरु यसो भन्दै फर्किए कि उक्त भूमिमा दुध, मह र यति विशाल अंगुर थिए की दुईजना मानिसले लौरोमा बोक्नुपर्थ्यो ! तर १० जासूसले भने कि मानिसहरु यति ठुला थिए कि उनीहरुले भूमि लिन सकेनन । एउटा जासूस, क्यालेबले, उनीहरुलाई रोके, "हामीले पक्कै पनि यसो गर्नसक्छौं" भन्दै । उसले विश्वास गर्यो कि उसको शक्तिशाली प्रभुले तिनीहरुको मदत गर्नुहुनेछ । प्रभुलाई त्यस किसिमको विश्वास मनपर्छ ।

तर मानिसले अन्य जासूसलाई विश्वास गरे, डरले गनगन गरे, र जान डराए । प्रभु तिनीहरुदेखि रिसाउनुभएको थियो, र त्यी १० मानिसको लागि सजाय मृत्यु थियो ! सारा राज्यको लागि सजाय भनेको मरुभूमि वरपर भौतारिनु थियो । जब उनीहरुले मानेनन, उनीहरु सहजै परास्त भए किनभने प्रभु उनीहरुसँग हुनुहुन्थेन । ४० वर्ष भौतारिएपछि, उक्त पुस्तामा बचेका भनेको क्यालेब, र जोसुआ नाम गरेको अर्को जासूस थिए जो उनीसँग सहमत थिए । उनीहरुको विश्वासको पुरस्कारको रुपमा, प्रभुले उनीहरुलाई उनीहरुले देखेजति जमिन दिनुभयो ।

आज अघि हामीले देख्यौं कि पेप्पी डराएकी थिईन, तर कोमेट आफ्नो विश्वासमा अडिग थियो र पेप्पीको मदत गर्यो । प्रभु खुसी हुनुहुन्छ जब हामी हाम्रो विश्वासमा अडिनछौं र असम्भवजस्तो देखिने केहि कुरामा वहाँको पालना गर्छौं । प्रभुसँग तपाईंको जीवनको लागि योजना छ जुन तपाईंको कल्पनाभन्दा पर छ यदि तपाईंले हुन्छ भन्नुभएमा ।

येशूले भन्नुभयो कि यदि तपाईंको विश्वास तोरीको गेडाजस्तै छ भने, तपाईंले पहाडलाई चल्ने बनाउन सक्नुहुन्छ (म्याथ्यु १७:२०) । हामीले एउटा दानाजस्तै गरेर हाम्रो विश्वास बढाउन सक्छौं, हाम्रो चर्चका लिडरहरुलाई पछ्याउदै र सेवा गर्दै । जोसुआ मोसेसको व्यक्तिगत सहायक थिए (एक्सोडस २४:१३) । प्रभुसँग कुरा गर्नको लागि मोसेस एउटा टेन्टभित्र पनि जान्थे, तर उनी निस्केपछि, जोसुआ एक्लै प्रभुसँग टेन्टमा बस्थे (एक्सोडस ३३:११) । हामीले पनि प्रभुसँग समय बिताउनसक्छौं, बाइबल पढ्दै, प्रार्थना गर्दै, वहाँको लागि गीत गाउँदै, अरुसँग मात्र नभएर आफु एक्लै भएको बेलामा पनि । हामीले प्रभुले बाइबलमा र हाम्रो जीवनमा गर्नुभएका कुराहरु सम्झिन सक्छौं । क्यलेब र जोसुआले इजिप्टमा प्रभुले गर्नुभएको जादु देखे । हामीले त्यस्ता साथी छान्नसक्छौं जसले हामीलाई प्रोत्साहन गर्नेछन, जस्तो कि जब सबैलाई प्रोत्साहन गर्नलाई जोसुआले क्यालेबको साथ दिए । त्यस विपरित, बाँकी इजरायल विश्वास नगर्ने जासूससँग सहभागी भए । यदि एउटा साथीको अविश्वासले तपाईंलाई प्रेरित गर्दैछ भने, तपाईंले आफुलाई उनीहरुबाट पर राख्न सक्नुहुन्छ र विश्वास गर्ने साथीसँग धेरै समय बिताउन सक्नुहुन्छ । आफ्नो विश्वासमा काम गर्नुहोस जसले गर्दा जब प्रभुले तपाईंलाई बोलाउनुहुन्छ, तपाईंले वहाँलाई मान्ने मात्र नभएर वहाँले तपाईंको लागि राख्नुभएको जीवन जिउन पनि सक्नुहुन्छ, तर अरुलाई पनि त्यसो गर्नको लागि प्रोत्साहन गर्नुहोस ।

मैले प्रभुलाई हुन्छ भन्ने छनोट गरें, तपाईंले जे चाहनुहुन्छ त्यो गर्नको लागि म तपाईंलाई मेरो जीवनको नियन्त्रण दिन्छु, ठुलो, सानो, वा खतरनाक जे भएतापनि । मेरो जीवन तपाईंको हो । मलाई बिना डर र बिना गनगन तपाईंको लागि बाँच्न मदत गर्नुहोस । कृपया तपाईंसँग मेरो लागि भएका ठुला योजना हेर्नको लागि मेरा आँखा खोल्नुहोस । धन्यवाद ।

## संकल्प १०



लन्चमा कोमेटले भने, "ए, यदि म तिमीसँग गएँ भने के हुन्छ ? जाऔं त्यो बेन्चमा रहेकी केटिसँग टेबलमा बसौं । के भन्ने मलाई पनि थाहा छैन, तर प्रभुले हामीलाई उनीसँग दयालु हुनको लागि मदत गर्नुहुन्छ होला ।" पेप्पी खुसी थिईन कि कोमेट उनको साथी थियो र त्यो केटिसँग उनको विश्वास बाड्न उनको मदत गर्नसक्थ्यो । उक्त केटिको घरमा समस्या रहेको थियो तर नयाँ साथि बनाउनु र येशूले उनलाई माया गर्नुहुन्छ भनि सिक्नुले उनलाई धेरै राम्रो महसुस गरायो ।

## गतिविधि १०

**प्रभुलाई चिठी**




यस गतिविधिमा, कक्षाको प्रत्येक बालकले प्रभुलाई एउटा चिठी लेख्छन, आफ्नो जीवनमा प्रभुले के गर्नुभएको चाहन्छन भन्दै । बालबालिकालाई ठुलो सपना देख्न प्रोत्साहन गर्दछ - प्रभु ठुलो हुनुहुन्छ । यस अनुरोधको लागि पुरा साता बालबालिकालाई घरमा प्रार्थना गर्न भन्नुहोस र यदि उनीहरुले थप केहि कुरा सोच्छन भने त्यो पनि थप गर्न भन्नुहोस ।


## समयरेखा १०

क्यालेबको जीवनको लागि रेखा कोर्नुहोस ।
प्रश्न: क्यालेब जन्मदा मोसेस कति वर्षका थिए ?
जवाफ: हामीसँग उनको वास्तविक उमेर त छैन तर यस्तो मानिन्छ कि मोसेस ४० वर्षका थिए ।
प्रश्न: क्यालेब कति वर्ष बाँचे ?
जवाफ: हामीसँग वास्तविक समय त छैन तर यस्तो मानिन्छ कि उनी ११० वर्ष बाँचे ।

## पहेली जवाफ १०

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| दु | सी | सु | जा | ध | जा | प्र | भु | र्नु |
| ती | वा | ज | न | जा | ती | ले | चा | आ |
| ध | र्नु | मा | प्र | मि | आ | वा | ग | सु |
| स | जा | य | म | वा | ज | र्नु | ध | जो |
| नि | ग | ती | दु | ध | रा | प्र | दु | ती |
| मा | वा | ह | नि | न | जा | क्या | रा | ध |
| जा | प्र | ले | म | सु | स | ब | ले | भु |
| मा | ग | न | ग | न | ग | र्नु | म | ब |
| म | र्नु | म्रो | रा | प्र | जा | मि | दु | वा |





## प्रश्न तथा जवाफ १०

१. प्रभुले तपाईंलाई के के कठिन कुराहरु गर्न भन्नुभएको छ ? (आफ्ना विद्यार्थीहरुसँग आफ्नो जीवनको विभिन्न परिस्थितिहरुको बारेमा कुरा गर्नुहोस) ।

२. यदि मैले प्रभुले मलाई गर्न भन्नुभएको भनि विश्वास गर्दै त्यसो गर्दाखेरि आफैलाई चोट पुर्याए अथवा म एउटा कठिन परिस्थितिमा परें भने के हुन्छ ? (धेरैले प्रभुको पालना गर्दै आफ्नो जीवन पनि गुमाएका छन, त्यसैले जतिसुकै कठिन भएपनि, प्रभुको पालना नगर्नुभन्दा पालना गर्नु सधैं राम्रो हो ।)

३. मैले प्रभुको आवाज सुनेको भनि म कसरी पक्का हुनसक्छु ? (तपाईंले कुनैपनि निर्णय यी ३ सुझाव गरिएका नियममार्फत जाँच गर्नसक्नुहुन्छ: १. बाइबल: के तपाईंले यसलाई बाइबलमा राम्रो कुरा पाउनुभयो ? २. मेरा अधिकारीहरु: मेरा अविभावक, वा

मेरो पादरीले के भन्नुहुन्छ; र, ३. मेरो आत्मा: बाइबलले भन्छ कि हामी राम्रो गोठालाको भेंडा हौं र उनको आवाज चिन्नसक्छौं । हामीले पहिले आफ्नै आत्मालाई कसरी सुन्ने भनि सिक्नुपर्छ, जब हामीले हामीले केहि कुरा गर्नुपर्छ वा गर्नुपर्दैन भनि महसुस गर्छौं । यी नियमहरु पछ्याउदै, यदि हामीले निर्णय गर्यौं कि यो प्रभुको आवाज हो, हामीले मान्नैपर्छ, यदि यो असम्भव जस्तो लागे पनि !)

## खेल १०

**को गायब भए ?**



- बालबालिकाहरु एउटा गोलाकारमा बसेर आफ्नो आँखा बन्द गर्छन ।
- शिक्षकले एउटा बालकलाई छुनुहुन्छ, जो लुक्न जान्छ ।
- बालबालिकालाई को गायब भयो अनुमान गर्न भन्नुहोस ।
- विकल्प: तपाईंले गोलाकारको बिचमा विभिन्न वस्तुहरु राख्न सक्नुहुन्छ ।

## उपस्थिति १०




कक्षामा उपस्थिति जनाएकोमा बालबालिकालाई आजको कार्ड दिनुहोस । उनीहरुलाई बधाई दिनुहोस र उनीहरुलाई अर्को कार्ड पाउनलाई अर्को हप्ता आउनको लागि प्रोत्साहन गर्नुहोस जसले गर्दा उनीहरुले हिरोको खेल खेल्न सक्नेछन ! आजको कार्ड हो:

**ऐतिहासिक किताबहरु**

## गृहकार्य १०

**कार्यभार**

यस साता तपाईंको कार्य भनेको प्रभुले तपाईंको लागि गर्नुभएको पाँच राम्रा कुरा लेख्नु हो ।
त्यसपछि सोच्नुहोस कि तपाईंको जीवनमा त्यी राम्रा कुरा हुन भनेर को सहमत हुनेछ । त्यी मानिस तपाईंले धेरै समय बिताउन चाहने मानिस हुन । तपाईंले प्रत्येक दिन गर्ने कुरा मध्ये केहि कुरा कसरी परिवर्तन गर्न सक्नुहुन्छ भनि सोच्नुहोस जसले गर्दा तपाईंले त्यी साथीहरुसँग धेरै समय बिताउन सक्नुहुन्छ । तपाईंसँग पहिल्यै केहि विश्वास छ । यसले तपाईंको विश्वासलाई बढाउन मदत गर्छ, जस्तो कि फूलमा पानी हाल्नुले त्यसलाई बढ्न मदत गर्छ ।

**पढ्नुहोस**

दिन १: न २२:१-८

दिन २: न २२:९-१७

दिन ३: न २२:१८-२५

दिन ४: न २२:२६-३३

दिन ५: न २२:३४-४१

# ११. यसको बारेमा सोच्दा पनि नसोच्नुहोस



**बाइबल कथा: बलाम**

नम्बर २२:१-६, २२:९-३८, २३:१३-२१, २४:१०-१३

## सम्झना पद्य ११

"बालकहरू हो, आफ्ना आमा-बुबाले भनेको मान, यो परमेश्‍वरलाई मनपर्ने कुरो हो।" एफिसी ६:१

## आवश्यकता कथा ११



बज उसको शहरमा हुने एउटा सम्मेलनमा सहभागी हुन चाहन्थ्यो । उसले आफ्नो गृहकार्य सक्नको लागि र आफ्नी आमालाई घर सफा गर्न मदत गर्नको लागि हतार गर्यो, जसले गर्दा उसलाई जाने अनुमति मिल्नेछ । उसले सकेर आफ्नी आमालाई सोध्यो, "आमा, के मलाई आज दिउँसो सेन्टरमा हुने सम्मेलनमा जाने अनुमति छ ?" उसकी आमाले भन्नुभयो, "आज दिउँसो सम्भव छैन, हामी बाहिर जाँदै छौं, र हामीले तिमी घरमा बसेको चाहनछौं ।" बज एकदम दुखि र भ्रमित बन्यो । उसकी आमाले उसलाई जाने अनुमति नदिनु कसरी सम्भव थियो ? त्यस पलमा, किप, उसको सन्डे विद्यालयको साथीले फोन गर्यो र उसलाई सोध्यो, "तिमी आउछौं ? के हामीले तिम्रो प्रतिक्षा गर्ने हो ?" उसले भन्यो, "होइन, म जान सक्दिन ।" किपले भन्यो, "बज, यो प्रभुको बारेमा हो । तिमी जान सक्छौ । सबैभन्दा प्रभु महत्वपूर्ण हुनुहुन्छ !"

## मुख्य पाठ ११

गत साता, इजरायल ४० वर्षसम्म मरुभूमिमा भौतारिन थाल्यो । जब इजरायल यात्रा गर्दैथियो, उनीहरु मोआब राज्यको क्षेत्र हुँदै गए । मोआबीहरु उनीहरु देखेर त्रसित थिए, त्यसैले मोआबी राजा बालाकले बलाम नाम गरेका एकजना मानिसलाई पठाए, उनीहरुलाई श्राप दिनको लागि । जब बलामले के गर्ने भनि प्रभुलाई सोधे, प्रभुले उनलाई नजान भन्नुभयो । तर राजा बालाक रिसाएका थिए र साँच्चै बलाम आएको चाहन्थे र उत्तम राजकुमारी पठाए र आएबापत ठुलो पुरस्कारको वाचा गरे । बलामले उनीहरुलाई पर्खन र प्रभुले भन्नुभएको कुरा हेर्न भने । कहिलेकाँही जब हामी प्रभुसँग सहमत हुँदैनौ, हामीलाई फेरी सोध्न मनलाग्छ वा वहाँलाई आफ्नो विचार बदल्न भन्न मनलाग्छ । प्रभुले उनलाई जाने अनुमति दिनुभयो तर उनीसँग रिसाउनुभएको थियो । कहिलेकाँही जब हामीले प्रभुलाई जोड गर्छौं, वहाँले हामीलाई हामीले चाहेको कुरा र त्यसको नतिजा दुवै पाउन दिनुहुन्छ । जब बलाम मोआब तर्फ आफ्नो बाटोमा लागे, एउटा देवदुत उनको अगाडी बाटोमा रोकियो । बलामले यो देखेनन, तर उनको गधाले देख्यो । पहिले बलामको गधाले बाटोलाई खेतमा परिवर्तन गर्यो, त्यसपछि बाटोमुनि त्यसले बलामको खुट्टा पर्खालतिर ठेल्यो,  त्यसपछि त्यो बाटोमा सुत्यो । जब बलाम आफ्नो गधा देखि रिसाएको थियो, प्रभुले गधालाई बोल्न दिनुभयो ! त्यसले भन्यो, "तपाई किन मदेखि रिसाउनुभएको ? के म तपाईंको विश्वासिलो गधा भएको छैन ? के मैले कहिल्यै यस्तो गरेको छ ?" त्यसपछि प्रभूले बलामलाई देवदुत देखाउनुभयो जसले उनलाई मार्न सक्थ्यो, र बलामले महसुस गरे कि उनले गरेको कुरा गलत रहेछ । बलामले महसुस गरे कि प्रभुले चाहनुहुन्न कि उनले इजरायललाई श्राप दिउन, उनले राजा बालाकबाट जतिसुकै ठुलो इनाम पाउनसक्ने भएपनि । जब उनीहरु आइपुगे, बलामले इजरायललाई चारपटक आशिर्वाद दिए र अबदेखि प्रभुलाई नमान्ने सोचेनन ।

आज अघि हामीले बजको बारेमा सुन्यौं जो आफ्नो अविभावकलाई नमान्ने र सम्मेलनमा जाने सोच्दैथियो । जानुपर्ने कारण देखाउनु उसको लागि सहज थियो, जस्तो कि किपले उसलाई भनेको थियो कि सम्मेलन प्रभुको बारेमा हो । तर प्रभुले हामीलाई आफ्नो अविभावकलाई मान्ने आदेश दिनुहुन्छ, र एउटा सम्मेलनको कारणले प्रभुको आदेश परिवर्तन हुनेछैन । येशूले हेर्न र

प्रार्थना गर्न भन्नुभएको छ जसले गर्दा हामी प्रलोभनमा पर्दैनौ (म्याथ्यु २६:४१) । आफ्ना विचारमा ध्यान दिनुहोस किनभने तपाईंले कति गलत गर्न चाहनुहुन्छ भनि जति धेरै सोच्नुहुन्छ, सहि गर्नको लागि त्यति नै कठिन हुन्छ । प्रभुको वचनले के भन्छ भनि तपाईंले सम्झनुहुने बितिकै, त्यसको पालना गरिहाल्नुस जसले गर्दा तपाईंले गलत गर्ने बारेमा सोच्नु पनि हुन्न ।

म प्रभुलाई मान्न छिटो हुने र आफुलाई गलत गर्ने बारेमा सोच्न पनि नदिने छनोट गर्छु ।

## संकल्प ११




त्यस पलमा, बजले सम्झियो वचनले भन्छ कि हामीले हाम्रो अविभावकलाई मान्नुपर्छ र प्रभुले हामीलाई आज्ञाकारी भएको मन पराउनुहुन्छ । त्यसपछि उसले भन्यो, "म जाँदिन ।" उसले किपलाई भन्यो कि वचनले जे भन्छ हामीले गर्नुपर्छ ।

## गतिविधि ११

**रबर ब्याण्डको औंठी**

कक्षा अवधिमा बालबालिकाले एउटा रबर ब्याण्डको औंठी वा ब्रासलेट बनाउछन, प्रभुलाई कर नगर्न पुरा साता सम्झिनको लागि । त्यी बनाउनको लागि चित्र पछ्याउनुहोस वा तपाईंले प्लास्टिकको औंठी प्रयोग गर्नसक्नुहुन्छ ।




१. एउटा रबर ब्याण्ड लिनुहोस र त्यसलाई आधा गरेर दोबार्नुहोस ।

२. पहिलो रबर ब्याण्डबाट बनेको प्वालमा अर्को रबर ब्याण्ड छिराउनुहोस ।

३. रबर ब्याण्डलाई आधा दोबार्नुहोस, चेन बनाउनको लागि । आफुले चाहेको जत्रो चेन बनाउनको लागि यी प्रक्रिया दोहोर्याउनुहोस ।

४. टुप्पोसँगै गाँस्नको लागि अर्को दोबारेको रबर प्रयोग गर्नुहोस ।

## समयरेखा ११

बलामको गधाको कथा भएको समयमा एउटा चिन्ह लगाउनुहोस ।
प्रश्न: प्रभुको मानिसहरु जंगलमा भौतारिन सुरु हुँदा मोसेस कति वर्षका थिए ?
जवाफ: ८० वर्ष ।
प्रश्न: बलामले प्रभुको मानिसको विरुद्धमा काम गर्न कहिले सुरु गरे ?
जवाफ: जब उनीहरु मरुभूमिमा भौतारिदै थिए ।

## पहेली जवाफ ११

बाइबलका किताबहरु

जेनेसिसदेखि एस्थेरसम्मको क्रममा बाइबलका किताबहरुको नाम लेख्नुहोस ।


१. जेनेसिस

२. एक्सोडस

३. लेभीटिकस

४. नम्बर्स
५. डेउटेरोनोमी
६. जोसुआ
७. जजेज
८. रुथ
९. १ स्यामुएल
१०. २ स्यामुएल
११. १ किंग्स
१२. २ किंग्स
१३. १ क्रोनिकल्स
१४. २ क्रोनिकल्स
१५. एज्रा
१६. नेहेमियाह
१७. एस्थर

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ल | / | न | इ | हो | ह | ब | धा | श | यो |
| प्र | र | क्या | म्प | ग | रि | ए | को | गा | न |
| श | भु | को | श | पा | ल | दे | जो | को | र |
| ली | धा | नु | म | ए | / | भु | म्प | स | वा |
| शा | त | रि | ब | ला | ह | न | नि | ब | ल |
| क्ति | दे | दु | जो | र | ब | मा | पा | ल | त |
| श | भु | म्प | व | धा | यो | रि | छो | भु | / |
| / | श | र | ए | दे | ल | रा | श | धा | प्र |
| ब | जो | ड | / | प | ह | ल | दि | नु | र |
| को | धा | ग | पा | रु | दे | प | पा | ह | भु |



## प्रश्न तथा जवाफ ११

१. मैले कसलाई सुन्नुपर्छ ? (पहिले प्रभुलाई, त्यसपछि पृथ्वीका आफ्ना अधिकारीहरुलाई । दिमागमा राख्नुहोस, यद्यपि, हामीले प्रभुलाई पछ्याएको कुरामा हामी अक्सर पक्का हुनुपर्छ, यदि हामीले सुनेको जस्तो लाग्ने कुरामा हाम्रा अधिकारीहरु सहमत हुनुहुन्छ भने) ।


२. यदि मेरा अविभावकले मलाई केहि गलत काम गर्न लगाए भने के गर्ने ? (विभिन्न मुद्दाको बारेमा कुरा गर्नुहोस जहाँ तपाईंको अविभावक गलत हुनसक्छन । आफ्नो विद्यार्थीहरुलाई अविभावकको दृष्टिकोणबाट हेर्न मदत गर्नुहोस, किनभने अधिकांश मुद्दामा, अविभावकहरु सहि हुन्छन) ।

३. म कहिले हाकिम हुन पाउँछु ? (मेरो अनुभवमा, उनीहरु वयस्क भएतापनि, त्यहाँ केहि वर्ष अझै बाँकी छन जहाँ प्रभुले उनीहरुलाई अर्को सेवा गर्न भन्नुहुन्छ । लिडर भएका विद्यार्थीहरुको लागि, प्रभुले उनीहरुलाई आफ्नो मिनिस्ट्री नदिनुभएसम्म

पर्खन प्रोत्साहन गर्नुहोस । उदाहरणको लागि, येशुले १२ वर्षको हुँदा धार्मिक नेताका चुनौतीपूर्ण प्रश्नहरु सोध्न सक्नुहुन्थ्यो, तर प्रभुले वहाँलाई ३० वर्ष नभएसम्म मिनिस्ट्री सुरु गर्न दिनुभएन) ।

## खेल ११

**गधालाई हमला नगर्नुहोस**



- एउटा कार्ड लिएर विचमा गधाको चित्र कोर्नुहोस, तलवारको लागि खाली ठाउँ छोडेर । र गधाको वरपरको खाली ठाउँ जत्रो आकारको तलवार कोर्नुहोस ।
- बालबालिकाहरुको दुई वा तीनवटा समूह बनाउनुहोस र प्रत्येक समूहबाट एउटा बच्चा छान्नुहोस ।
- छानिएको बालकलाई तलवार दिनुहोस र उसको समूहलाई आँखा बन्द गर्न भन्नुहोस ।
- समूहले बालकलाई कराउँदै दिशा (दायाँ, बायाँ, माथि, तल) भन्नेछन । उनीहरुले तलवारलाई कार्डबोर्डको खाली ठाउँतिर निर्देशन दिने कोसिस गर्छन र गधालाई नछुदै ।
- प्रत्येक समूहले पुरा गर्छ, र एउटा जित्ने समूह छानिन्छ ।

## उपस्थिति ११




कक्षामा उपस्थिति जनाएकोमा बालबालिकालाई आजको कार्ड दिनुहोस । उनीहरुलाई बधाई दिनुहोस र उनीहरुलाई अर्को कार्ड पाउनलाई अर्को हप्ता आउनको लागि प्रोत्साहन गर्नुहोस जसले गर्दा उनीहरुले हिरोको खेल खेल्न सक्नेछन ! आजको कार्ड हो:
**प्रभुको तलवार**

## गृहकार्य ११

**कार्यभार**

तपाईंको यस साताको कार्य भनेको तपाईंले विरोध गरिरहनुभएको केहि कुराको बारेमा लेख्नु हो, केहि कुरा जुन तपाई गर्न चाहनुहुन्न तर तपाईंले गर्नुपर्छ, अथवा केहि कुरा जुन तपाईं गर्न चाहनुहुन्छ तर तपाईंले गर्नुहुँदैन । यो यस गृहकार्य कार्यभार जस्तो सरल हुनसक्छ अथवा यो तपाईंको अविभावकले तपाईंले गरोस भन्ने चाहनुभएको केहि कुरा हुनसक्छ । यसले तपाईंको मन, साथीभाई र परिवारमा, अथवा प्रभुको सेवा गर्ने तपाईंको भविष्यको आशा वा सपनामा पुर्याउनसक्ने असरको बारेमा सोच्नुहोस । त्यसपछि येशूसँग माफी माग्नुहोस र यसलाई आफ्नो मनदेखि सफा गर्नुहोस, येशूलाई वहाँ तपाईंको राजा रहेको भन्दै । विद्रोह गयो कि छैन भनि जानी राख्नुहोस र आफुलाई आवश्यक भएसम्म त्यो प्रार्थना दोहोर्याउनुहोस ।

**पढ्नुहोस**

दिन १: जो ५:१३-६:५

दिन २: जो ६:६-११

दिन ३: जो ६:१२-१९

दिन ४: जो ६:२०-२३

दिन ५: जो ६:२४-२७

# १२, प्रभुको पक्ष



**हिरो जोसुआ**

जोसुआ १:१-११, २:१-२१, ३:१४-४:७, ४:१५-१८, ५:१०-६:११. ६:१५, ६:२०-२५, हिब्रु ११:३०-३१

## सम्झना पद्य १२

“तर जतिले उहाँलाई ग्रहण गरे र उहाँमाथि विश्वास गरे, तिनीहरूलाई उहाँले परमेश्वरको सन्तान हुने हक दिनुभयो।” यूहन्ना १:१२

## आवश्यकता कथा १२



किपले विद्यालय वर्ष सिध्याउन लागेको छ । यो अन्तिम परीक्षाको समय हो, र उसलाई थाहा छ कि आफ्नो छात्रवृत्ति राख्नको लागि उसले राम्रो गर्नुपर्छ । भोलि उसको पहिलो परीक्षा छ, तर आज, ऊ आफ्नो साथी'हरुसँग खेलीरहेको छ र कार्टुन हेरिरहेको छ । दिनको अन्त्यमा, जब ऊ सुत्न जाँदै थियो, उसले प्रार्थना गर्छ, "प्रभु, कृपया, मलाई भोलि परीक्षामा मदत गर्न तपाईंसँग माग गर्छु । मैले मेरो छात्रवृत्ति राख्नको लागि धेरै राम्रो गर्नुपर्छ । मलाई सुनिदिनुभएकोमा धन्यवाद । मलाई थाहा छ कि तपाईंले मेरो मदत गर्नुहुन्छ ।"

## मुख्य पाठ १२

जोसुआले कसरी आफ्नो विश्वास बनाए याद गर्नुहुन्छ ? प्रभुले जोसुआलाई राज्यको नेतृत्व गर्न छान्नुभयो र उनलाई वाचा गर्नुभयो कि वहाँ सधैं उनीसँगै हुनुहुनेछ । ४० वर्ष भौतारिएपछि, प्रतिज्ञा भूमि लिने समय आएको थियो । जोसुआले जेरिको शहरमा दुईजना जासूसहरु पठाए । रहाब नाम गरेकी एक वेश्याले जासूसहरुलाई लुकाईन र उनीहरुलाई आफ्नो घरको झ्यालबाट भाग्न मदत गरिन, शहर पर्खालको एउटा भाग । उनीहरु उनलाई र उनको परिवारलाई बचाउन सहमत भए, मात्र यदि उनले झ्यालमा रातो कर्ड बाँधेमा ।

जोर्डन नदि पार गर्नको लागि, पुजारीहरुले प्रतिज्ञापत्रको आर्क बोके, प्रभु जहाँ हुनुहुन्थ्यो त्यसको एउटा चिन्ह, र सिधै नदीको बिचमा हिँडे । नदि बाढीको रुपमा चमत्कारीर ढंगले माथितिर सर्यो । पानीको ढिका आफ्नो हातमा बोकेको कल्पना गर्नुहोस । इजरायल सुख्खा भुइँमा हिंड्यो र नदिको तालबाट १२ वटा ढुंगा लियो, प्रभुले गर्नुभएको कुरा सधैं सम्झिनको लागि । हामीले प्रभुले हाम्रो जीवनमा के गर्दै हुनुहुन्छ भन्ने बारेमा पनि लेख्नसक्छौं । त्यसपछि इजरायलले निस्सन्देह उत्सव मनायो: उनीहरुले बच्नको लागि ढोकामा भेंडाको रगत राखेका कहिले थियो सम्झिनुहुन्छ ?

एकदिन जोसुआले एउटा मानिसलाई तलवार बोकेको देखे । उनले सोधे यदि उनी इजरायलको पक्षमा थिए वा शत्रुको पक्षमा । उक्त मानिसले भने उनी कुनैपनि पक्षमा थिएनन, तर उनी प्रभुको सेनाको कमान्डर थिए । उक्त मानिस येशू थिए !

कहिलेकाँही हामीले मान्छौं कि प्रभु हाम्रो पक्षमा हुनुहुन्छ किनभने हामीले आफुलाई क्रिश्चियन भन्छौं वा हामी चर्चमा जान्छौं । कहिलेकाँही हामीले गलत गर्छौं, जस्तै परीक्षाको लागि नपढ्ने वा पाप गर्ने, त्यसपछि हामीले जे चाहेपनि प्रभुको प्रार्थना गर्छौं र वहाँले किन जवाफ दिनुभएन भनि सोच्छौं । तर हामीले प्रभुको पक्ष लिनुपर्छ, अर्को तरिका होइन । इजरायलीहरुले निस्सन्देह उत्सवसँगै प्रभुको पक्ष लिए, येशूमा विश्वास गरेको एउटा तस्विर । रहाबले प्रभुको मानिसको मदत गर्दै र आफ्नो झ्यालमा रातो कर्ड बाँधेर प्रभुको पक्ष लिईन, येशूमा विश्वास गरेको अर्को तस्विर । फरिसी, येशूको समयका इजरायलका धार्मिक नेताहरुले, आफुहरु प्रभुको पक्षमा रहेको माने तर येशूमा विश्वास नगर्दै र अन्य मानिसलाई प्रभुदेखि टाढा धकेल्दै प्रभुलाई रीस उठाए । येशूले तिनीहरुलाई भन्नुभयो कि कर संकलक र वेश्याहरु उनीहरुभन्दा अघि प्रभुको राज्यमा प्रवेश गर्दैछन, विश्वास र पश्चाताप

गर्दै (म्याथ्यु २१:३१-३२) । हामीले हाम्रा अविभावकको विश्वासमा वा चर्च जाने कुरामा हाम्रो विश्वास राख्न सक्दैनौ, र हामीले अरु आएको ठाउँबाट उनीहरुको निर्णय गर्नुहुँदैन । तपाईं जहाँबाट आउनु भएपनि, बच्चनको लागि तपाईंले येशूमा विश्वास गर्नुपर्छ ।

इजरायलीले शहर वरिपरी जुलुस गरे र कराए । रेहाबको घरबाहेक पर्खालहरु भत्किए, र इजरायलीले शहर जलाए । रहाब प्रभुको मानिसमा सहभागी भईन र त्यति मात्र नभएर, उनी भविष्यको राजा डेभिडको ठुली-ठुली-हजुरआमा बनिन र येशूको ठुली-ठुली-धेरै-ठुली-हजुरआमा बनिन (म्याथ्यु १:५-५, १६). र जोसुआले आफ्नो बाँकी जीवन राष्ट्रको नेतृत्व गरे ।

मैले जाने कि क्रिश्चियनहरुको माझ हुँदैमा प्रभु मेरो पक्षमा हुनुहुन्छ भन्ने होइन । मैले येशूमा विश्वास गर्दै र वहाँको पालना गर्दै प्रभुको पक्षमा हुने छनोट गरें ।


## संकल्प १२



किपको परीक्षा एकदमै कठिन थियो, र उसले त्यो पढेर मात्र उत्तीर्ण गर्नसक्थ्यो । उसले परीक्षा सक्यो र आशा गर्यो कि केहि गरेर प्रभुले उसको मदत गर्नुहुनेछ । केहि दिनपछि उनीहरुले उसलाई नतिजा दिए र किपले तयारी नगरेको भएर परीक्षामा अनुतीर्ण भयो । किपले आफ्नो छात्रवृत्ति गुमायो । त्यसपछि ऊ दुखि भयो र फोन झिकेर आफ्नो साथी टेफीलाई फोन गर्यो ताकी उनीसँग उसको लागि सहानुभूति हुनेछ ।

## संकल्प १२

**जेरिकोको पर्खालहरु**




बालबालिकालाई केहि कुरा खेल्न दिनुहोस र झल्काउन दिनुहोस, केहि मिनेटको लागि, जसले उनीहरुलाई प्रभुबाट अलग गर्छ । प्रत्येक बालकलाई एउटा कागजको टुक्रा दिनुहोस, यस्तो मानेर कि जेरिकोको पर्खालको ईँट्टाहरु हुन । उनीहरुलाई आफ्नो ईँट्टामा केहि कुरा लेख्न भन्नुहोस जसले प्रभुबाट अलग गर्छ वा रोक्छ । यसपछि, बालबालिकालाई कागज फोल्ड गरेर घर लैजान भन्नुहोस । उनीहरुलाई सातामा कागजमा हेर्न भन्नुहोस र प्रभुले त्यो पर्खाल भत्काउनुहुनेछ भनि प्रार्थना गर्न भन्नुहोस जसले उनीहरुलाई वहाँबाट अलग गर्छ ।


## समयरेखा १२

जोसुआको जीवनको लागि रेखा कोर्नुहोस ।
प्रश्न: जोसुआ जन्मदा मोसेस कति वर्षका थिए ?
जवाफ: हामीसँग उनको वास्तविक उमेर छैन, तर यस्तो मानिन्छ कि मोसेस ४० वर्षका थिए ।
प्रश्न: जोसुआ कति वर्ष बाँचे ?
जवाफ ११० वर्ष ।

## पहेली जवाफ १२




| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| दु | भि | रु | ह | त्रु | श | र | सु |
| व | ता | ल | फ | स | भि | आ | त |
| गा | को | श | दु | प | सु | ब | दु |
| प | ब | रि | रु | जो | गा | दु | व |
| रि | क्ष | व | जे | श | भु | ता | दे |
| वा | भि | दे | र | प्र | र्वा | भि | वा |
| र | हा | ब | सु | वा | यो | दे | व |
| श | प्र | आ | शि | र्वा | द | गा | प |
| ब | स्यो | ख | र्वा | दु | प्र | सु | जो |



## प्रश्न तथा जवाफ १२


१. तपाईले प्रभुको इच्छा नभएको केहि कुरामा प्रभुको मदत माग्नुभएको पछिल्लो पटक कहिले थियो ? (हाँसउठ्ने प्रार्थना जस्तै टिभीमा कसैको लागि प्रार्थना, काम गर्नु नपरोस भनेर प्रार्थना, अर्को विद्यार्थीले खेल हारोस भनेर प्रार्थना, आदि इत्यादी प्रार्थनाको बारेमा कुरा गर्नुहोस) ।

२. प्रभु एकदमै ठुलो हुनुहुन्छ; वहाँ कसरी मेरो मिल्ने साथी हुन सक्नुहुन्छ ? (प्रभुको विभिन्न पक्षको बारेमा कुरा गर्नुहोस, जस्तै, वहाँको महानता, तर वहाँको मायाको बारेमा पनि । वहाँले हामीलाई पूर्णरुपमा चिन्नुहुने तथ्यको बारेमा पनि छलफल गर्नुहोस) ।

३. प्रभुले मबाट के चाहनुहुन्छ ? (हामी सबैसँग प्रभुको विभिन्न उपहार छन र विभिन्न शारीरिक सक्षमता छन । प्रभुले हामी सबैलाई एउटा वा अर्को तरिकामा प्रयोग गर्न सक्नुहुन्छ, यस संसारमा वहाँको महिमा देखाउनको लागि र वहाँको निम्ति थप मानिससम्म पुग्नको लागि । तपाईंसँग के विशेषता छन ? तपाईंसँग के सक्षमता छन ? याद गर्नुहोस कि प्रभुले हामी विशेष वा सक्षम नरहेको कुरामा पनि हाम्रो प्रयोग गर्न सक्नुहुन्छ । कहिलेकाँही वहाँले हाम्रो कमजोरी मार्फत आफ्नो महानता देखाउन चाहनुहुन्छ । वहाँले त्यस्तो मनको धैरै ख्याल गर्नुहुन्छ जुन वहाँले हामीलाई गर्न भन्नुभएको कुनैपनि कुरा गर्न तयार अवस्थामा हुन्छ) ।

## खेल १२

**यो कोर्नुहोस**



- सम्झना पद्यद्वारा एउटा पोस्टर बनाउनुहोस् । विभिन्न शब्द हटाउनुहोस, खाली ठाउँ राख्दै ।
- खेल्नको लागि, विद्यार्थीहरुले बाइबलमा पद्य फेला पार्छन, र पोस्टरमा पद्यको कुन शब्दहरु छुटेका छन भन्दछन ।
- खाली ठाउँहरुमा, विद्यार्थीहरुले छुटेका शब्द देखाउनको लागि चित्र कोर्छन । (छुटेका शब्द एकभन्दा धैरै तरिकामा देखाउन सकिन्छ) ।
- यदि तपाईंको समुह ठुलो छ भने, यसलाई ४ देखि ६ वटासम्म समूहमा विभाजन गर्नुहोस र प्रत्येक समूहको लागि पोस्टरको प्रतिलिपि बनाउनुहोस् ।
- जब सबै तस्बिरहरु कोरिनछन, उनीहरुलाई धैरैपटक पद्य पढ्न लगाउनुहोस, उनीहरुले राम्ररी नपढेसम्म ।

## उपस्थिति १२




कक्षामा उपस्थिति जनाएकोमा बालबालिकालाई आजको कार्ड दिनुहोस । उनीहरुलाई बधाई दिनुहोस र उनीहरुलाई अर्को कार्ड पाउनलाई अर्को हप्ता आउनको लागि प्रोत्साहन गर्नुहोस जसले गर्दा उनीहरुले हिरोको खेल खेल्न सक्नेछन ! आजको कार्ड हो:
**जोसुआ**

## गृहकार्य १२

**कार्यभार**

तपाईंको यस साताको कार्य भनेको आफ्नै बारेमा सोच्नु हो, यदि तपाईं एउटा समूहमा रहनको लागि क्रिश्चियन बनेजस्तो गर्दै हुनुहुन्छ वा तपाईं साँच्चै येशूमा विश्वास गर्नुहुन्छ । यदि यो तपाईंको पहिलोपटक हो र तपाईं अनिश्चित हुनुहुन्छ भने, तपाईंले येशूमा विश्वास गरेर कसरी प्रभुको परिवारमा सहभागी हुन सक्नुहुन्छ भनि आफ्नो सन्डे विद्यालय शिक्षकलाई सोध्नुहोस । यदि तपाईंले पहिल्यै येशूलाई स्वीकार गरिसक्नुभएको छ भने, यस साता आफुभन्दा फरक रहेका कसैलाई केहि राम्रो कुरा भन्नुहोस, जस्तो कि उनीहरुको पहिरन राम्रो भन्ने वा उनीहरुले राम्रो खेल खेल्छन भन्ने ।

**पढ्नुहोस**
दिन १: जो ७:१-१२
दिन २: जो ७:१३-१९
दिन ३: जो ७:२०-२६
दिन ४: जो ८:१-१३
दिन ५: जो ८:१४-२९

# १३. केहि कुरा पनि नराख्नुहोस



**बाइबल कथा एचन**

जोसुआ ६:१७-१९, ७:१-१२. ७:२०-८:७, ८:१८-२७

## सम्झना पद्य १३

“तर हामीले आफ्ना पाप परमेश्वरको सामु मानिलियौं भने उहाँले हाम्रो पाप मेटिदिनुहुनेछ र सबै नराम्रा कुराबाट शुद्ध गर्नुहुनेछ किनभने उहाँ विश्वासयोग्य र न्यायी हुनुहुन्छ।” १ यूहन्ना १:९

## आवश्यकता कथा १३



कोमेट आफ्नो कक्षामा विज्ञानको कार्य सक्दै थियो, शिक्षकले त्यो माग्नुभन्दा अघि । उसले राम्रो अंक पाउन चाहन्थ्यो । त्यसै बेलामा एउटा साथी आयो, दौडदै र लर्बराउदै, र कोमेटको कार्य खसाल्यो । जब यो भुइँमा खस्यो, यो बिग्रियो जसले गर्दा शिक्षकलाई दिनको लागि उसँग केहि भएन । कोमेट एकदम रिसायो, तर त्यो केटाले समकक्षी र शिक्षकको अगाडी माफी माग्यो । त्यसपछि कोमेटले केहि गर्न सकेन । उसँग कुनै विकल्प भएन र भन्यो, "तिमीले माफी माग्यौ, त्यसैले म तिमीलाई माफ गर्छु ।" तर वास्तवमा कोमेटले उसलाई माफ गरेको थिएन । उसले सोच्यो, "एकदिन म पनि उसलाई यस्तै गर्नेछु, र केहि महत्वपूर्ण कुरा गुमाउँदा कस्तो हुन्छ भनेर उसले थाहा पाउँछ ।" त्यसपछि, कोमेटले शिक्षकले एउटा ठुलो र महत्वपूर्ण प्रोजेक्ट दिनुहुने प्रतिक्षा गर्यो । एकदिन शिक्षकले त्यस्तै प्रोजेक्ट दिनुभयो । कोमेटले भन्यो, "मेरो मौका यहि हो !" जब यो बुझाउने बेला भयो, कोमेट पसलमा सोडा किन्न गयो । उसको मनसाय यस्तो थियो कि उसले आफ्नो साथीको कार्यमा "झुक्किएर" सोडा पोख्न सकोस ।

## मुख्य पाठ १३

गत साता, जोसुआ र इजरायलीहरुले जजेरिको लिए । प्रभुले उनीहरुलाई भन्नुभयो कि त्यस पहिलो शहरको सबैकुरा प्रभुको हो, कि उनीहरुले त्यो जलाएर आफ्नो लागि केहि पनि नराखुन । बाँकी शहरको लुट इजरायलको लागि थियो । हाम्रो जीवनमा, सबै पहिलो कुरा प्रभुको हुन्छ, र हामीले त्यो प्रभुलाई दिनुपर्छ ।

जोसुआ र इजरायलीहरुले सोचे कि अर्को शहर एई लिनको लागि सजिलो हुनेछ । इजरायलीहरुले लडेर जितेको युद्धको दाँजोमा यो सानो थियो । प्रभुले हामीभित्र पवित्र आत्मा दिनुहुन्छ, हामीलाई पाप माथि जित दिलाउनको लागि र प्रभुको निम्ति राम्रो काम गर्नको लागि, जस्तो कि हाम्रो अविभावकसँग नम्र हुने । प्रभुको मदतले, यो अझै सरल देखिनसक्छ । इजरायलीले शहरको विरुद्धमा केहि मानिस मात्र पठाए, तर यसपटक उनीहरु सजिलै हारे ! जोसुआले प्रभुलाई कराए, "तपाईं किन अब हामीसँग हुनुहुँदैन ? यस ठाउँका मानिसले हामी सबैलाई मार्नेछन, र कसैले पनि तपाईलाई ठुलो प्रभु सोच्नेछैन !" प्रभुले उनलाई उठ्न र नरुन भन्नुभयो, उनीहरुले हारे किनभने कसैले जेरिकोको लुट राखेको छ, प्रभुको पालना नगर्दै र प्रभुलाई ढाँटेर र लुकाएर । मान्नुहोस तपाईंले एकदिन आफ्नो अविभावकसँग झुटो बोल्नुभयो । तपाईंले आफ्नो अविभावक, शिक्षक वा साथीसँग केहि कुरा लुकाउन सक्नुहुन्छ, तर प्रभुले सबैकुरा देख्नुहुन्छ र थाहा पाउनुहुन्छ । केहिदिन पश्चात तपाईंले महसुस गर्नुहुन्छ कि आफ्नो अविभावक प्रति दयावान हुन धेरै कठिन छ, र तपाईं प्रभुसँग रुनुहुन्छ, वहाँ किन तपाईंको साथमा नहुनुभएको सोध्दै । तथापी, जोसुआले के गरे त्यहि गर्नुहोस र यदि तपाईंले गलत गर्नुभएको छ भनि प्रभुलाई सोध्नुहोस । जब तपाईंले गर्नुहुन्छ, प्रभुले छिट्टै तपाईंको मदत गर्नुहुन्छ किनभने वहाँले तपाईंलाई माया गर्नुहुन्छ र तपाईंको लागि उत्कृष्ट चाहनुहुन्छ । छिमेकि राज्यले के सोच्यो भन्नुभन्दा पनि प्रभुले इजरायलको बारेमा धेरै ख्याल राख्नुभएको जस्तै, वहाँले तपाईंको मनको बारेमा धेरै ख्याल राख्नुहुन्छ,

देखिएको उचित विजयभन्दा पनि । बाइबलले भन्छ कि यदि हामीले हाम्रो पाप स्वीकार गर्यौं भने, प्रभु विश्वासीलो हुनुहुन्छ र हामीलाई माफी दिएर हामीलाई हाम्रो पापबाट शुद्ध गर्नुहुन्छ । जब प्रभुले तपाईंलाई तपाईंले के गलत गर्नुभयो भनि देखाउनुहुन्छ, फिर्ता गएर तत्कालै त्यो ठिक गर्नुहोस । यदि तपाईंले आफ्नो अविभावकसँग झुट बोल्नुभयो भने, वहाँहरुलाई सत्य भन्नुहोस । यदि तपाईले केहि चोर्नुभयो भने त्यो फिर्ता गर्नुहोस । यदि तपाईं कसैसँग रुखो हुनुभयो भने, उनीहरुसँग माफी माग्नुहोस । यदि तपाईंले कोमेटले जस्तै बदलाको भावना लिनुभएको छ भने, उक्त मानिसलाई माफ गर्नुहोस र उनीहरुबाट बदलाको भावना हटाउनुहोस । यदि तपाईंले प्रभुको केहि कुरा लिनुभयो भने त्यसलाई फिर्ता गर्नुहोस । तपाईंले जति छिटो पश्चाताप गर्नुहुन्छ, त्यति छिटो प्रभुले तपाईंलाई अघि बढ्न र जित प्राप्त गर्न मदत गर्नुहुन्छ ।

प्रभुले इजरायललाई देखाउनुभयो कि एचन नाम गरेको मानिसले पाप गरेको थियो । उनीहरुले उसको टेन्ट मुनि जेरिकोको क्लोक, चाँदीको सिक्का, र सुनको बार पुरिएको भेट्टाए । उनीहरुले ऊ र उसको समान लिए र तिनको नाश गरे । त्यसपछि उनीहरु फेरी एईमा हमला गर्न गए, प्रभुले उनीहरुलाई जित दिलाउन मदत गर्नुभयो ।

मैले प्रभुबाट कुनैपनि कुरा लुकाउने कोसिस नगर्ने र आफुले गलत गरेको बेलामा पश्चाताप गर्ने छनोट गरें ।


## संकल्प १३



तर जब उसले यो मौकाको लागि कुरिरहेको थियो, टेफीले महसुस गरिन कि कोमेटले के गर्ने कोसिस गर्दै छ । त्यसपछि टेफीले भनिन कि आफ्नो मनमा बदलाको भावना राख्नु र माफ नगर्नु सहि होइन । प्रभुलाई त्यस्ता कुरा मनपर्दैन । कोमेटले बुझ्यो कि उसले गल्ती गरिरहेको थियो । उनीहरुले प्रभुको प्रार्थना गरे र उसले आफ्नो साथीलाई साँच्चै माफ गर्यो ।

## गतिविधि १३

**यो मेरो होइन**



बालबालिकालाई टेबलको बिचमा एउटा व्यक्तिगत वस्तु राख्न भन्नुहोस । एउटा वस्तु लिएर कसैलाई सोध्नुहोस, "के यो तिम्रो हो ?" यदि यो उसको होइन भने, बालकले जवाफ दिनुपर्छ, "यो मेरो होइन र मैले लोभ गरेर मेरो नभएको कुरा लिनेछैन ।" प्रत्येक वस्तुसँगै यो दोहोर्याउनुहोस, जसले गर्दा सबैजना संलग्न हुन्छन । यदि बालबालिकाहरु बच्चा छन भने, आफ्नो जवाफ यति सरल बनाउनुहोस, "यो मेरो होइन ।"

## समयरेखा १३


एचनको अवज्ञाको कथा भएको समयको चिन्ह लगाउनुहोस ।  
प्रश्न: उनीहरुले एई कब्जा गर्दा जोसुआ कति वर्षको थिए ?  
जवाफ: हामीसँग उनको वास्तविक उमेर छैन, तर यस्तो मानिन्छ कि जोसुआ ७० वर्षको थिए ।  
प्रश्न: एचनले कहिले प्रभुको अवज्ञा गरे ?  
जवाफ: जोसुआ र इजरायलीहरुले जेरिको लिनको लागि युद्ध लडिरहेको बेलामा ।

## पहेली जवाफ १३

| 1 | 5 | 7 | 0 | 8 | 4 | 6 | 2 | 9 | . |
|---|---|---|---|---|---|---|---|---|---|
| 40 | 25 | 10 | 52 | 27 | 19 | 21 | 17 | 30 | 39 |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 5 | 0 | 4 | 9 | 0 | 8 | 0 | . | 2 | 1 | 4 | 8 | 0 |
| 0 | 1 | 5 | 6 | 1 | 6 | 9 | 4 | 1 | 0 | . | 0 | 6 | 1 |
| 6 | 9 | 1 | 0 | 9 | 7 | 1 | 0 | . | 5 | 8 | 1 | 5 | 8 |
| 0 | 6 | 9 | 2 | 5 | 0 | 8 | 5 | 0 | 6 | 0 | 7 | 4 | 2 |
| 7 | 1 | 0 | 6 | 1 | . | 9 | . | 2 | 1 | 9 | 0 | 9 | 1 |
| 8 | . | 4 | 0 | 8 | 0 | 1 | 5 | 0 | 4 | 8 | 1 | 5 | 6 |
| 4 | 0 | 9 | 7 | . | 4 | . | 9 | 8 | 5 | 6 | 2 | 5 | 0 |
| 1 | 2 | 1 | 4 | 1 | 5 | 0 | 1 | 5 | 6 | 1 | 0 | . | 8 |
| 4 | 8 | 4 | 8 | 6 | 0 | 2 | 5 | 9 | 1 | 9 | 2 | 5 | 1 |
| 8 | 5 | 0 | 9 | 8 | 1 | 8 | 7 | 0 | . | 8 | 1 | 6 | 8 |
| 1 | 9 | 1 | 0 | . | 4 | . | 2 | . | 5 | 9 | . | 0 | 9 |
| 6 | 0 | . | 4 | 1 | 0 | 1 | 0 | 1 | . | 1 | 0 | . | 0 |
| 0 | 8 | 5 | 6 | 0 | 8 | 5 | . | 0 | 9 | 0 | . | 5 | 6 |
| 1 | . | 1 | 0 | 1 | . | 6 | 1 | . | 5 | 1 | 2 | 4 | 8 |
| 9 | 6 | 9 | . | 9 | 7 | 8 | 0 | . | 4 | . | 0 | 9 | . |
| 2 | 0 | 8 | 0 | . | 4 | 9 | 8 | 2 | 8 | 0 | . | 6 | 0 |
| 7 | 2 | 1 | . | 5 | 0 | 1 | . | 7 | 9 | 1 | 9 | 7 | . |
| . | 4 | . | 0 | 2 | 4 | 6 | 0 | . | 4 | 6 | 2 | 0 | 8 |
| 9 | 5 | 9 | 9 | 0 | . | 7 | 9 | 1 | . | 0 | 5 | . | 9 |
| 0 | 2 | 8 | 5 | 9 | 5 | . | 8 | 6 | 0 | 2 | . | 0 | 1 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ट | भु | खु | वि | च | ठा | न | द्द | उ |
| प्र | य | ज | रा | प | यो | यु | री | र |
| लु | न | ज | उ | रि | र | भ | रा | भ |
| प्र | भ | सी | वि | वा | न | च | खु | सी |
| ए | ज | ठा | द्द | र | स | प | सी | रा |
| च | ई | उ | लु | ट | पा | च | हु | खु |
| न | री | र | स | ट | लु | प्र | नु | वि |
| वि | न | प्र | च | री | सी | द्द | ट | च |
| च | री | स | उ | ठा | उ | नु | भु | ज |
| स | री | ट | खु | पा | लु | वा | ठा | प्र |



## प्रश्न तथा जवाफ १३


१. पहिले के कुराहरु लुकाइएका थिए जुन प्रभुलाई थाहा छ ? (उनीहरुलाई कुरा गर्न समय दिनुहोस र उनीहरुलाई याद गराउनुहोस कि यदि कसैले केहि कुरा विश्वासका साथ भन्छ भने त्यो दोहोर्याउनु हुँदैन) ।

२. के प्रभुसँग दोस्रो मौका हुन्छ ? (अवश्य पनि, तर हामीले हाम्रो अविभावकलाई दोस्रो मौका माग्दै झुक्याउने तरिकाको बारेमा पनि सोच्नुहोस, जब हामीले एउटै कुरा गरिरहन चाहन्छौं) ।

३. यो मेरो जीवन, मेरो समय, र मेरो पैसा हो, है ? (जब तपाईं क्रिश्चियन बन्नुको नयाँ चरणमा जानुहुन्छ, र तपाईंले सबैकुरा प्रभुलाई दिनुभएको छ, तपाईंले देख्नुहुनेछ कि तपाईंका कुराहरु वास्तवमा तपाईंको होइनन्) ।

## खेल १३

**सांगीतिक पास**



- प्रत्येक विद्यार्थीलाई एउटा बाइबल पद्यको एउटा शब्द भएको कार्ड दिनुहोस र उनीहरुलाई एउटा घेरामा बसाउनुहोस । बाइबल पद्यको शब्द क्रममा नरहेको पक्का गर्नुहोस ।
- संगीत बज्दा, बालबालिकाले घेरामा आफ्नो कार्ड पास गर्छन ।
- जब संगीत रोकिन्छ, बालबालिकाले पद्यको क्रममा आफ्नो कागज पढ्छन ।
- धेरै चरण खेलीसकेपछि, बालबालिका आफ्नो कार्डसहित अघि आउछन र लेखको आधारमा तिनलाई मिलाउछन ।
- पद्यलाई धेरैपटक सँगै दोहोर्याउनुहोस ।

## उपस्थिति १३




कक्षामा उपस्थिति जनाएकोमा बालबालिकालाई आजको कार्ड दिनुहोस । उनीहरुलाई बधाई दिनुहोस र उनीहरुलाई अर्को कार्ड पाउनलाई अर्को हप्ता आउनको लागि प्रोत्साहन गर्नुहोस जसले गर्दा उनीहरुले हिरोको खेल खेल्न सक्नेछन ! आजको कार्ड हो:
**लुकाइएको सुन**

## गृहकार्य १३

**कार्यभार**

तपाईंको यस साताको कार्य भनेको तपाईंले प्रभुबाट र अरुबाट लुकाउनुभएको कुराको बारेमा र किन लुकाउनुभएको भनि लेख्ने हो । त्यसपछि त्यसले तपाईंलाई कसरी असर गर्दैछ भनि सोच्नुहोस । यसले प्रभुसँगको तपाईंको सहकार्यमा चोट पुर्याउँछ, र त्यो राम्रो होइन । तर एई जस्तै, यसले तपाईंको कक्षालाई र तपाईंसँगै येशूलाई पछ्याउनुभएका मानिसलाई चोट पुर्याउँछ । कुनै कारणवश उनीहरुले यो ठम्याउन नसक्ने हुनसक्छ, उनीहरु त्यति प्रभावशाली हुँदैनन, त्यति खुसी हुँदैनन, वा सामुहिकरुपमा त्यति मिल्ने हुँदैनन जति हुन चाहन्थे । के गर्ने तपाईंलाई थाहा छ । येशूसँग र आफ्नो अविभावक वा विश्वास लाग्ने शिक्षक वा पादरीसँग त्यो पाप स्वीकार गर्नुहोस । क्षमा माग्नुहोस र वहाँको क्षमाले पार्ने फरक हेर्नुहोस ।

**पढ्नुहोस**

यस साता पढ्ने गृहकार्य छैन ।